सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२० माघ २०८१, आइतबार (2 Feb 2025, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २८७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ अछामका दुई किशोरी हत्यामा प्रहरी अनुसन्धान

'यौन प्रस्ताव अस्वीकार गरेपछि सरस्वती मारिइन्, अपराधबाट उम्किन इसराको पनि हत्या'

■ छोरीहरूको हत्यापछि विक्षिप्त परिवार त्रासले रातभर सुत्दैन



घरको आँगनमा इसरा र सरस्वतीका आमा, हजुर आमा र भाउजूहरू। सरस्वतीका बुबा उदयराम खड्काले हत्यामा ६ जना संलग्न रहेको दाबी गर्दै अन्यलाई पक्राउ नगर्दा भन् त्रास बढेको बताए।

अछाममा **ध्रुव बीसी**

अछामको ढकारी गाउँपालिका-१ छिन्ने ओढारको जंगलमा मृत भेटिएका किशोरीहरू १५ वर्षीया सरस्वती खड्का र १४ वर्षीया इसरा खड्काको आफ्नै प्रेमीले हत्या गरेको खुलेको छ। ढकारी-८, घोडासैन काँसेगडाका उनीहरूको ढकारी-३, तालीका १७ र १५ वर्षका दुई किशोरले हत्या गरेको जिल्ला प्रहरी कार्यालय अछामले शनिबार पत्रकार सम्मेलन गरी जानकारी गराएको हो। ११ माघको हत्या घटनामा संलग्न दुई किशोर पक्राउ परेपछि उनीहरूकै बयानका आधारमा प्रहरीले विवरण सार्वजनिक गरेको हो।

अछाम प्रहरी प्रमुख डिएसपी ईश्वरीप्रसाद भण्डारीका अनुसार सरस्वती र १५ वर्षीय किशोर तथा इसरा र १७ वर्षका किशोर प्रेममा थिए। यौन प्रस्ताव अस्वीकार गरेपछि प्रेमीले सरस्वतीको हत्या गरेको र इसराले घटना सार्वजनिक गरिदिने भनेपछि दुवै किशोर मिलेर उनको पनि हत्या गरेको अनुसन्धानमा देखिएको भण्डारीले बताए। उनीहरूबिच विगतमा पनि पटक-पटक भेट र फोनमा कुराकानी भएको देखिएको, हत्या भएको दुई दिनअघि पनि फोन सम्पर्क भएको र सल्लाहबमोजिम नै ११ माघमा उनीहरूबिच छिन्ने ओढारमा भेट भएको अनुसन्धानमा खुलेको छ।

सिन्धुपाल्चोकमा प्रेमिका भेट्न गएका युवाको शंकास्पद मृत्यु

प्रहरीका अनुसार भेटको सुरुवात सौहार्द देखिन्छ। जंगलको ठुलो ढुंगामाथि बसेर उनीहरूले सेयरइटमार्फत मोबाइलमा रहेका गीत, भिडियो आदानप्रदान गरेका थिए। त्यसपछि दुवै किशोरले आफ्नी प्रेमिकासँग मायाको चिनोस्वरूप दोपट्टा मागेका थिए। तर, इसराले दोपट्टा दिए पनि सरस्वतीले अस्वीकार गरिन्। यत्तिकैमा सरस्वती र उनका प्रेमी त्यो ठाउँबाट अलि तल अर्को

» पृष्ठ ७ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

यसरी भएको थियो सरस्वती र इसराको हत्या



शनिबार पत्रकार सम्मेलन गरेर घटनाविवरण सार्वजनिक गर्दै अछाम प्रहरी प्रमुख डिएसपी ईश्वरीप्रसाद भण्डारी

भेटको सुरुवात सौहार्द देखिन्छ। जंगलको ठुलो ढुंगामाथि बसेर उनीहरूले सेयरइटमार्फत मोबाइलमा रहेका गीत, भिडियो आदानप्रदान गरेका थिए। त्यसपछि दुवै किशोरले आफ्नी प्रेमिकासँग मायाको चिनोस्वरूप दोपट्टा मागेका थिए। तर, इसराले दोपट्टा दिए पनि सरस्वतीले अस्वीकार गरिन्। यत्तिकैमा सरस्वती र उनका प्रेमी त्यो ठाउँबाट अलि तल अर्को ठाउँमा गएर बस्छन्। त्यहाँ प्रेमीले सरस्वतीसँग यौन सम्बन्धको प्रस्ताव राख्छन्। सरस्वतीले विवाहको ग्यारेन्टी माग्छिन्। तर, प्रेमीले अहिले उमेर नपुगेकाले पाँच वर्षपछि विवाह गर्ने आश्वासनमा यौन सम्बन्धका लागि दबाब दिन्छन्। सरस्वती फेरि अस्वीकार गर्छिन्। प्रेमीको यौन प्रस्ताव अस्वीकार गरेकै कारण सरस्वतीको हत्या भएको देखिन्छ। सरस्वतीलाई आफ्नै प्रेमीले पछाडिबाट ढुलो ढुंगाले हिर्काएको देखिन्छ, त्यही चोटले उनको मृत्यु भएको हो।

प्रहरीका अनुसार सरस्वतीको हत्या भइसक्दासम्म पनि इसरा र उनका प्रेमीलाई थाहा थिएन। उनीहरू केही टाढा थिए। तर, जब सरस्वतीको हत्यापछि उनका प्रेमीले भवितव्य देखाउन माथिबाट ढुंगा खसाउन थाले, तब इसरा र उनका प्रेमीलाई पनि घटनाबारे थाहा भयो। त्यसपछि सरस्वतीको शवनजिकै पुगेर इसराले 'तिमीहरूले फुपूलाई मार्‍यौ, अब म घरमा भन्छु' भन्दै चिच्याउन थालेपछि दुवै किशोर मिलेर उनलाई पनि ढुंगाले हानेर हत्या गरेका थिए। इसरालाई सुरुमा उनकै प्रेमीले ढुंगा प्रहार गरेको र त्यसपछि अर्का किशोरले पनि सघाएर हत्या गरेको देखिन्छ। हत्यापछि घटनालाई भवितव्य देखाउन भिरमाथिबाट शव भएको स्थानतर्फ ढुंगा खसालेर घर हिँडेका उनीहरू गत आइतबार (१३ माघ) राति ढकारी-३, तालीस्थित घरबाटै पक्राउ परेका थिए।

नेपाल रेडक्रसलाई अन्तर्राष्ट्रिय रेडक्रसले दियो निलम्बनको चेतावनी

समानान्तर दुई कार्यसमिति रहेको रेडक्रस तीन महिनाभित्र विवाद समाधान नभए निलम्बनमा पर्ने, वार्षिक अर्बको सहयोग प्रभावित हुने

■ विवाद के हो ?



प्रा. सुदर्शन नेपाल



डा. विशाल भण्डारी

भ्रष्टाचार अभियोग लागेपछि १२ साउन ०७७ मा रेडक्रसका तत्कालीन अध्यक्ष सञ्जीव थापाको कार्यसमितिलाई भंग गरी तत्कालीन सरकारले डा. नेत्र तिमल्सिनाको नेतृत्वमा नयाँ तदर्थ समिति गठन गरेको थियो। वर्ष दिनभित्र निर्वाचन गरी नयाँ कार्यसमितिलाई कार्यभार जिम्मा लगाउने कार्यादेश पूरा गर्न तिमल्सिना नेतृत्वको समिति असफल भयो। त्यसपछि उक्त कार्यसमितिको ठाउँमा तत्कालीन सरकारले १४ पुस ०७९ मा प्रा. सुदर्शन नेपाल नेतृत्वको समूहलाई रेडक्रसको नेतृत्व गर्ने जिम्मा दियो। तर, सरकारको निर्णयविरुद्ध तिमल्सिना नेतृत्वको समूहले सर्वोच्च अदालतमा रिट हाल्यो। सर्वोच्चले २३ पुस ०७९ मा पुरानो कार्यसमितिलाई नै निरन्तरता दिन अन्तरिम आदेश दिएको थियो। तर, सरकारले सर्वोच्चको उक्त आदेशको अवज्ञा गर्दै ३१ जेठ ०८० मा मन्त्रिपरिषद् बैठकमार्फत पुनः नेपालकै कार्यसमितिलाई रेडक्रस पठाएको थियो। अदालतको आदेश अवहेलना भएको भन्दै तिमल्सिना निवेदन लिएर पुनः सर्वोच्च पुगेका थिए। सर्वोच्चले पुनः तिमल्सिनाकै कार्यसमितिलाई निरन्तरता दिन अल्पकालीन अन्तरिम आदेश दिएको थियो। तर, सरकारले प्रहरी प्रशासन प्रयोग गरी तिमल्सिना नेतृत्वको कार्यसमितिलाई कार्यालय प्रवेशमै रोक लगायो। तिमल्सिना राजदूतमा नियुक्त भएपछि उक्त समूहको नेतृत्व भने अहिले डा. विशाल भण्डारीले गरिरहेका छन्।

■ नेपाल रेडक्रसमा अनियमितताका फेहरिस्त

- जग्गा किन्दा बिचौलियासँग मिलेर एक करोड हिनामिना
- ११ करोडको गोदाम निर्माण गर्दा ठेकेदारसँग तीन करोडको लेनदेन
- सस्तो प्रस्ताव छाडेर दुई करोड महँगो प्रस्ताव सदर गर्दै भवन निर्माणको ठेक्का
- दाताले बनाइदिएको भवन निजी अस्पताललाई भाडामा, डेढ करोड कर तिर्न बाँकी
- ७८ लाखको ठेक्कामा एक करोड ७० लाख भुक्तानी
- **निःशुल्क पाएको जग्गा कौडीमा बेचियो**
- डकर्मी उत्पादन गर्ने नाममा ६ करोड भ्रष्टाचार
- मापदण्ड नपुगेको ठेकेदार कम्पनीलाई सात विद्यालय भवन बनाउने ठेक्का
- ५० लाखमा बन्ने प्रिफ्याबको स्वास्थ्य चौकी निर्माणमा ६५ लाख खर्च
- होटेल सञ्चालनदेखि देशभरका भवनको भाडाबाट करोडौँ आम्दानी, तर कर तिर्दैन

■ नेपाल रेडक्रसका पूर्वउपनिर्देशक तथा अभियन्ता **नन्दराज थपलिया** भन्छन्-

चरम नातावाद र दलीयकरणले रेडक्रसलाई उठ्नै नसक्ने गरी थला पाऱ्यो



रेडक्रसमा चरम भ्रष्टाचार छ। नेपोटिजम (नातावाद) छ। यस विषयमा पटक-पटक छानबिन भए। दोषीविरुद्ध कारबाहीको सिफारिस गरियो। तर, हालसम्म कोहीविरुद्ध कारबाही भएन। चरम दलीयकरण अर्को मुख्य समस्या हो। यही कारण अहिले रेडक्रस सोसाइटीलाई नै निलम्बन गर्ने भनेको छ। परोपकारमा विख्यात अन्तर्राष्ट्रिय संस्थाले यो हबिगत भोग्नु दुःखद पक्ष हो।

रेडक्रसभित्र मौलाएको चरम भ्रष्टाचार र दलीयकरण अर्को जटिल समस्या छ। रेडक्रसभित्रको भ्रष्टाचार छानबिन गर्न समाज कल्याण परिषद्ले गत वैशाखमा बोर्ड सदस्य सञ्जय शाहको नेतृत्वमा छानबिन समिति गठन गरेको थियो। त्यसअघि पनि राष्ट्रिय योजना आयोगका सदस्य मीनबहादुर शाही, नागरिक अगुवा डा. होमनाथ चालिसे, उमा पौडेल, लक्ष्मीकुमार पौडेल, धनञ्जय पौडेल

» पृष्ठ ७ मा क्रमशः

टेकराज थामी/नयाँ पत्रिका

दुई समानान्तर कार्य समितिका कारण विवादमा रहेको नेपाल रेडक्रस सोसाइटीलाई इन्टरनेसनल फेडेरेसन अफ रेडक्रस (आइएफआरसी) ले आगामी अप्रिल (तीन महिना)सम्म विवाद समाधान नगरे निलम्बन गर्ने चेतावनी दिएको छ।

आइएफआरसीअन्तर्गतको अनुपालन तथा मध्यस्थता समिति (सिएमसी)ले यस्तो चेतावनी दिएको हो।

नेपाल रेडक्रसमा प्रा. सुदर्शन नेपाल र डा. विशाल भण्डारी नेतृत्वका छुट्टाछुट्टै कार्यसमिति क्रियाशील छन्। यी दुवैलाई सरकार र आइएफआरसीले

» पृष्ठ ७ मा क्रमशः

सीमापार अपराध नियन्त्रणको अधिकार पनि सशस्त्रलाई

नयाँ पत्रिका


सरकारले सशस्त्र प्रहरीलाई सीमा अपराध नियन्त्रणको जिम्मेवारी दिने भएको छ। संसद्मा दर्ता भएको सशस्त्र प्रहरीसम्बन्धी विधेयकमा विभिन्न किसिमका सीमा अपराध नियन्त्रणको जिम्मेवारी दिने उल्लेख छ।

विधेयकको दफा ८ मा 'अन्तर्राष्ट्रिय सीमा सुरक्षा तथा सीमा अपराध नियन्त्रण गर्न परिचालन गर्न सकिने' उल्लेख छ। सीमा अपराधका रूपमा अन्तर्राष्ट्रिय सीमाबाट हुने चोरी निकासी, मानव बेचबिखन वा प्रचलित कानुनविपरीत गरिने हातहतियार, अखेटोपहार, जाली नोट, निर्माणमुखी सामग्री, वन्यजन्तु वा वन्यजन्तुजन्य वस्तु, भन्सार छली गरी ल्याइएका सामान मदिरा तथा लागुऔषध ओसारपसारलाई व्याख्या गरिएको छ। यस्ता अपराधमा सूचना संकलनदेखि प्रारम्भिक जाँचबुझ गरी अनुसन्धान गर्ने र सम्बन्धित निकायलाई बुझाउने विधेयकमा उल्लेख छ।

» पृष्ठ ७ मा क्रमशः



■ सशस्त्र प्रहरीमा महानिरीक्षकले कर्मचारीको सम्पत्ति छानबिन गर्न सक्ने



■ विभूषणको अंक हटाइयो, तालिमको उच्च अंक

■ केही ब्याचहरू माथिल्लो तहमा नपुग्ने

सुरक्षा निकायमा सरकारको 'नीतिगत हस्तक्षेप'को विरोध गर्ने तयारी

नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई गृह मन्त्रालयले परिचालन, नियन्त्रण, निर्देशन र सुपरीवेक्षण गर्ने प्रावधानप्रति पूर्वप्रहरी अधिकारीहरूको आपत्ति

शिक्षकहरू फेरि आन्दोलनको तयारीमा

सहमतिविपरीत शिक्षा ऐन नआओस् : शिक्षक महासंघ

राजनीतिमा लागेका शिक्षक कारबाहीको दायरामा आउँछन् : संसदीय समिति

(विस्तृत पृष्ठ ३)

शिक्षामा स्मार्ट फोन र इन्टरनेटको प्रभाव



अग्रलेख

सुरुसुरुमा बालबालिकालाई अलमल्याउन ठिकै देखिए पनि स्मार्ट फोनमा बालबालिका अलमलिन थालेपछि त्यसको परिणाम भयावह हुन सक्छ

(रमेशप्रसाद गौतमको लेख पृष्ठ ४)

भारतमा वार्षिक १२ लाख भारुसम्मको आयमा कर छुट

भारतको बजेटमा नेपाललाई सात अर्ब भारु अनुदान दिने घोषणा, कोशी नहरका लागि वित्तीय सहयोगको घोषणा

(विस्तृत पृष्ठ ६)

कुम्भ मेलाबाट फर्किँदै गरेको गाडी दुर्घटना

एकै परिवारका पाँच नेपालीको मृत्यु

जनकपुरमा **हरिश खुद्दार**

भारतको प्रयागराजमा जारी कुम्भ मेलामा सहभागी भएर फर्किँदै गरेको गाडी दुर्घटना हुँदा एकै परिवारका पाँच नेपालीको मृत्यु भएको छ। बिहारको मुजफ्फरपुरनजिकै राजमार्गमा शनिबार साँझ बिआर ३२ पिए ४६६१ नम्बरको स्कार्पियो दुर्घटनाग्रस्त हुँदा महोत्तरी मनराकट्टीका ट्राफिक प्रहरी जवान मनोहर झाको परिवारका पाँचजनाले ज्यान गुमाएका हुन्।

भारतीय मिडिया दैनिक भास्करका अनुसार मृत्यु हुनेमा मन्तरणा देवी, बालकृष्ण झा, अर्चना ठाकुर, इन्दु देवी र जिपचालक छन्। चालकको नाम नखुले पनि उनी सिराहाको भएको भारतीय सञ्चार माध्यमले जनाएका छन्। घटनास्थलमा पुगेका प्रत्यक्षदर्शीका अनुसार तीव्र गतिमा रहेको स्कार्पियोले एक मोटरसाइकलचालकलाई बचाउने प्रयास गर्दा अनियन्त्रित भई पल्टेको थियो।

सिराहास्थित ट्राफिक प्रहरी कार्यालयमा कार्यरत झासहित दुर्घटनामा चारजना घाइते भएका छन्। दुर्घटनामा मनोहर, कामिनी झा, सृष्टि ठाकुर, नेपाल प्रहरीका जवान मनोज यादव र एकजना नाम नखुलेका व्यक्ति गम्भीर घाइते भएका छन्।

घाइतेको मुजफ्फरपुरस्थित एसकेएमसिएच (श्रीकृष्ण मेडिकल कलेज एन्ड हस्पिटल)मा उपचार भइरहेको छ। घाइते कामिनी झाका अनुसार उनीहरू प्रयागराजमा

» पृष्ठ ७ मा क्रमशः



बिहारको मुजफ्फरपुरनजिकै राजमार्गमा शनिबार साँझ दुर्घटनाग्रस्त बिआर ३२ पिए ४६६१ नम्बरको स्कार्पियो

■ साउदीमा बस दुर्घटनामा परेर तीन नेपालीको मृत्यु, एक घाइते

श्रमिकहरू सवार बस साउदी अरबको जिजानमा दुर्घटना हुँदा तीनजना नेपालीको मृत्यु भएको छ। मृत्यु हुनेमा उदयपुरका रूपक कार्की, पाल्पाका कृष्ण खत्री र कपिलवस्तुका मीनबहादुर राणा रहेको नेपाली दूतावास साउदी अरबले जनाएको छ। उनीहरू अरेबियन कन्सोलिडेटेड औद्योगिक क्लिनिङ सर्भिसमा कार्यरत थिए। कार्की स्काफोल्डर फोरम्यान, खत्री बिए टेक्निसियन र राणा चालक थिए।

दुर्घटनामा इलामका सुकबहादुर लिम्बू गम्भीर घाइते भएका छन्। उनको अलैमिस अस्पतालमा उपचार भइरहेको दूतावासले जनाएको छ। सोही दुर्घटनामा भारतका नौ र अफ्रिकी देश घानाका तीनजनाको पनि मृत्यु भएको छ। दुर्घटनामा कुल ११ जना घाइते भएका थिए। जिजानको रिफाइनरी रोडमा गत सोमबार बससँग ट्रेलर ठोक्किँदा दुर्घटना भएको बताइएको छ।

छिमेकीको शरणबाट अस्थायी आवासमा सर्न थाले रोशीका बाढीपहिरोपीडित



काभ्रेमा **इन्द्रबहादुर थापा**

पाँचजना परिवार बस्ने घर असोज दोस्रो साता आएको बाढीले बगाएपछि रोशी गाउँपालिका-२ नारायणटारका उमेश श्रेष्ठ बिचल्लीमा परेका थिए। बस्दै आएको घर बगाएपछि उमेशका परिवार छिमेकीको शरणमा थिए। आफ्नै घरमा बस्ने कहिले हो ठेगान थिएन। घर कहिले बनाउने र कसरी बनाउने भन्ने चिन्ताले चार महिनायता राम्रोसँग निदाउन नसकेको श्रेष्ठको भनाइ छ। केही दिनयता भने उमेशको अनुहारमा हल्का खुसी छाएको छ। उनको अनुहारमा खुसी ल्याउने कारण बनेको छ, अस्थायी घर।

उनले भने, 'वृद्ध बुबा र सानी छोरीको चिन्ताले राति निद्रा नै लाग्दैनथ्यो। बाढीले

» पृष्ठ ७ मा क्रमशः

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितो मा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी फर्म: वैभव किराना पसल,** प्रोप्राईटर तथा जमानतकर्ता : मुकेश देव दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा प्रा.फ.र.नं. १००२१/०७८/०७९, दर्ता मिति: २०७८/०४/१९, ठेगाना: जिल्ला सुनसरी, हरिनगरा गा.पा. वडा नं. ४ **२) ऋणी: मुकेश देव** स्थायी ठेगाना: सुनसरी जिल्ला, हरिनगर गा.वि.स वडा नं. २, हालको ठेगाना: सुनसरी जिल्ला, हरिनगरा गा.पा. वडा नं. ४, बाबु: लक्ष्मण पौदार, बाजे: उपीलाल पौदार **धितोको विवरण** १) रसिकलाल पौदरको नाति, उपीलाल पौदारको छोरा, सुनसरी जिल्ला, हरिनगर गा.बि.स वडा नं. २ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, हरिनगरा गा.पा. वडा नं. ४ बस्ने लक्ष्मण पौदारको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, हरिनगरा गा.बि.स वडा नं. ०२ ख स्थित कित्ता नं. ४८५ को क्षेत्रफल ०-०-११ 3/4 (विगाह)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) वैभव किराना पसल को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
२)	**१) ऋणी फर्म: द मेडिको क्लिनिक सेन्टर.,** प्रोप्राईटर तथा जमानीकर्ता: ईश्वर कार्की, दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर झापामा प्रा.फा.नं.घ.उ.वि. १७०/१५/६६२२/२०६३/६४, दर्ता मिति: २०६३/१२/१५, ठेगाना: जिल्ला झापा, दमक न.पा. वडा नं. १० **२) ऋणी फर्म: मम दुर्गा देवी ईन्टरप्राइजेज,** प्रोप्राईटर तथा जमानीकर्ता: ईश्वर कार्की, दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, झापामा, प्रा.क.र.न १८७/४६८/०६४/०६५, दर्ता मिति: २०६४/०८/२३, ठेगाना: जिल्ला झापा, दमक न.पा. वडा नं. १० **३) ऋणी: ईश्वर कार्की** स्थायी ठेगाना: झापा जिल्ला, चन्द्रगढी गा.वि.स.वडा नं. ३, हालको ठेगाना : झापा जिल्ला, दमक न.पा. वडा नं. ५, बाबु: मोहन बहादुर कार्की, बाजे: भिम बहादुर कार्की **धितोको विवरण** १) भिम बहादुर कार्कीको नाति, मोहन बहादुर कार्कीको छोरा, झापा जिल्ला, चन्द्रगढी गा.वि.स.वडा नं. ३ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक वडा नं. ५ बस्ने इश्वर कार्कीको नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, दमक न.पा. वडा नं. ६ (हाल दमक न.पा. वडा नं. १०) स्थित कित्ता नं. १५७१६ को क्षेत्रफल. ०-१-५-० (विगाह) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) द मेडिको क्लिनिक सेन्टर तथा मम दुर्गा देवी इन्टरप्राइजेजको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **४) कर्जाको किसिम: बिना धितो कर्जा** ऋणी: गम्भिरा दाहाल स्थायी ठेगाना: पाँचथर जिल्ला, थर्पु गा.वि.स. वडा नं. १, हालको ठेगाना: झापा जिल्ला, दमक न.पा. वडा नं. ५, बाबु: चित्र प्रसाद दाहाल, ससुरा: मोहन बहादुर कार्की, पति: ईश्वर कार्की **जमानीकर्ता: ईश्वर कार्की,** स्थायी ठेगाना: झापा जिल्ला, चन्द्रगढी गा.वि.स.वडा नं. ३, हालको ठेगाना: झापा जिल्ला, दमक न.पा. वडा नं. ५, बाबु: मोहन बहादुर कार्की, बाजे: भिम बहादुर कार्की
३)	**ऋणी: उमेश कोरी** स्थायी ठेगाना: रुपन्देही जिल्ला, कोटहीमाई गा.पा. वडा नं. ७, हालको ठेगाना: रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ बाबु: रामकेश कोरी, बाजे: नन्दा कोरी **धितोको विवरण** नन्दा कोरीको नाती, रामकेश कोरीको छोरा, रुपन्देही जिल्ला, कोटहीमाई गा.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ बस्ने उमेश कोरीको नाममा मालपोत कार्यालय मझगावा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, कटैया गा.वि.स. वडा नं. ४ (हाल कोटहीमाई गा.पा. वडा नं. ७) स्थित किता नं. ८३३ को क्षेत्रफल ०-१-९-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
४)	**ऋणी: सत्यनारायण ठाकुर** स्थायी ठेगाना: सिरहा जिल्ला, चन्द्रअयोध्यापुर गा.वि.स. वडा नं. ८, हालको ठेगाना : सिरहा जिल्ला, नरहा गा.पा. वडा नं. २ बाबु: ध्यानी ठाकुर, बाजे: मनरुप ठाकुर **धितोको विवरण** १) मनरुप ठाकुरको नाती, ध्यानी ठाकुरको छोरा, सिरहा जिल्ला, चन्द्रअयोध्यापुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, नरहा गा.पा. वडा नं. २ बस्ने सत्यनारायण ठाकुरको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, चन्द्रअयोध्यापुर गा.वि.स. वडा नं. ७/क (हाल नरहा गा.पा. वडा नं. २) स्थित किता नं. ६० को क्षेत्रफल ०-८-७ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) मनरुप ठाकुरको नाती, ध्यानी ठाकुरको छोरा, सिरहा जिल्ला, चन्द्रअयोध्यापुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, नरहा गा.पा. वडा नं. २ बस्ने सत्यनारायण ठाकुर ....१ तथा मनरुप ठाकुरको नाती, ध्यानी ठाकुरको छोरा, सिरहा जिल्ला, चन्द्रअयोध्यापुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, नरहा गा.पा. वडा नं. २ बस्ने श्रवण कुमार ठाकुर ....१ गरी जम्मा २ व्यक्तिको सयुंक्त नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, चन्द्रअयोध्यापुर गा.वि.स. वडा नं. ८/क (हाल नरहा गा.पा. वडा नं. २) स्थित किता नं. ५८० को क्षेत्रफल ०-८-६ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
५)	**ऋणी कम्पनी: जय बाबा बैद्यनाथ एग्रिकल्चर कम्पनी प्रा.लि.,** अध्यक्ष तथा जमानीकर्ता: विश्वनाथ साह तेली दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २३६४३६/०७६/०७७, दर्ता मिति २०७६/१२/०२, ठेगाना: जिल्ला रौतहट, चन्द्रपुर न.पा. वडा नं. १० **धितोको विवरण** १) कमल साह तेलीको छोरी, सुकदेव साहको बुहारी, विश्वनाथ साहको पत्नी, रौतहट जिल्ला, पिप्रा रजवाडा गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने सविता देवीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, डुमरीया मटियौन गा.वि.स. वडा नं. ३ (हाल चन्द्रपुर न.पा. वडा नं. १०) स्थित किता नं. २०१३, ३४ र १९८४ को क्षेत्रफल क्रमश: ०-५-८-८, ०-२-१०-० र ०-१६-५-० (विगाहा) को जग्गा र रौतहट जिल्ला, डुमरीया मटियौन गा.वि.स. वडा नं. ७ (हाल चन्द्रपुर न.पा. वडा नं. ९) स्थित किता नं. २९१६ को क्षेत्रफल ०-२-५-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिलगापात समेत । २) जय बाबा बैद्यनाथ एग्रिकल्चर कम्पनी प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
६)	**ऋणी कम्पनी: अम्बे कृषि फर्म प्रा.लि.,** अध्यक्ष तथा जमानीकर्ता: मनोज गिरी दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. ३०५१९७/०७९/०८०, दर्ता मिति २०७९/०९/२५, ठेगाना: जिल्ला रौतहट, चन्द्रपुर न.पा. वडा नं. ८ **धितोको विवरण** १) पिताम्बर गिरीको नाति, राम नाथ गिरीको छोरा, रौतहट जिल्ला, कटहरिया गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ४ बस्ने जितेन्द्र गिरीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, रंगपुर गा.वि.स. वडा नं. ६ क (हाल गुजरा न.पा. वडा नं. १) स्थित कित्ता नं. १०७६ को क्षेत्रफल ०-१-५-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) पिताम्बर गिरीको नाति, राम नाथ गिरीको छोरा, रौतहट जिल्ला, कटहरिया गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ४ बस्ने मनोज गिरीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. ८ ख (हाल चन्द्रपुर न.पा. वडा नं. ६) स्थित कित्ता नं. १९५२ को क्षेत्रफल ०-०-१०.५-० (विगाह) को जग्गा, रौतहट जिल्ला, जुडिवेला गा.वि.स. वडा नं. ४ (हाल चन्द्रपुर न.पा. वडा नं. २) स्थित कित्ता नं. ९५२ को क्षेत्रफल ०-५-०-० (विगाह) को जग्गा र रौतहट जिल्ला, रंगपुर गा.वि.स. वडा नं. ६ क (हाल गुजरा न.पा. वडा नं. १) स्थित कित्ता नं. ८७५ र ८७९ को क्षेत्रफल क्रमश: ०-०-१८-१२ र ०-०-९-० (विगाह) को जग्गासो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) अम्बे कृषि फर्म प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
७)	**ऋणी: विशाल जैसवाल** स्थायी ठेगाना: पर्सा जिल्ला, भवानीपुर गा.वि.स. वडा नं. ४, हालको ठेगाना: पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १५, बाबु: हरि प्रसाद जयसवाल, बाजे: शिवनन्दन राउत कुर्मी **धितोको विवरण** विसेसर राउत कुर्मीको नाति, शिवनन्दन राउत कुर्मीको छोरा, पर्सा जिल्ला, भवानीपुर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १५ बस्ने हरि प्रसाद जयसवालको नाममा भूमिसुधार तथा मालपोत कार्यालय, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, भवानीपुर गा.वि.स. वडा नं. ४ (हाल वीरगंज म.न.पा. वडा नं. १८) स्थित कित्ता नं. ६३२ को क्षेत्रफल ०-७-१८ (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
८)	**ऋणी फर्म: राजन ट्रेडर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: रामविकेश राय यादव दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. ४४८/१७४, दर्ता मिति २०६५/१२/२८, ठेगाना: जिल्ला रौतहट, दिपही गा.वि.स. वडा नं. ७ **धितोको विवरण** १) लालजी राय यादवको नाती, टैट राय यादवको छोरा, रौतहट जिल्ला, दिपही गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई रौतहट जिल्ला, माधवनारायण न.पा. वडा नं. १ बस्ने रामविकेश राय यादवको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, दिपही गा.वि.स. वडा नं. ६ (हाल माधवनारायण न.पा. वडा नं. १) स्थित कित्ता नं. ५२ को क्षेत्रफल ०–१२–० (विगाह) को जग्गा र रौतहट जिल्ला, दिपही गा.वि.स. वडा नं. ७ (हाल माधवनारायण न.पा. वडा नं. १) स्थित कित्ता नं. १९९ को क्षेत्रफल ०–२–११–१० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) राजन ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
९)	**ऋणी: शेख जविउल्लाह** स्थायी ठेगाना: रौतहट जिल्ला, बसविट्टी जिंगाडिया गा.वि.स. वडा नं. ९, हालको ठेगाना: रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ८ बाबु: शेख जफरुल, बाजे: शेख सरिफ **धितोको विवरण** १) लालजी राय यादवको नाती, टैट राय यादवको छोरा, रौतहट जिल्ला, दिपही गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई रौतहट जिल्ला, माधवनारायण न.पा. वडा नं. १ बस्ने रामविकेश राय यादवको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, दिपही गा.वि.स. वडा नं. ६ (हाल माधवनारायण न.पा. वडा नं. १) स्थित कित्ता नं. ५२ को क्षेत्रफल ०–१२–० (विगाह) को जग्गा र रौतहट जिल्ला, दिपही गा.वि.स. वडा नं. ७ (हाल माधवनारायण न.पा. वडा नं. १) स्थित कित्ता नं. १९९ को क्षेत्रफल ०–२–११–१० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) राजन ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
११)	**ऋणी फर्म: आर्यन मर्मत केन्द्र,** प्रोप्राईटर तथा जमानीकर्ता: नितेश पटेल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौरमा उद्योग दर्ता नं. ८४१०/७०७/१२१/२६ मौलापुर न.पा., दर्ता मिति: २०७७/०९/१०, ठेगाना: जिल्ला रौतहट, मौलापुर न.पा. वडा नं. ४ **धितोको विवरण** १) रामनाथ राउतकी छोरी, निर्गुन राउत कुर्मीकी बुहारी, विरेन्द्र राउतकी पत्नी, रौतहट जिल्ला, देवाही गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ३ बस्ने लालसा देवीको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, देवाही गा.वि.स. वडा नं. २ (हाल देवाही गोनाही न.पा. वडा नं. ३) स्थित किता नं. १२५४ को क्षेत्रफल ०-१-० (विगाह) को घर/जग्गा र रौतहट जिल्ला, देवाही गा.वि.स. वडा नं. १ (हाल देवाही गोनाही न.पा. वडा नं. ३) स्थित किता नं. ९७२ को क्षेत्रफल ०-०-१० (विगाह) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) निरगुन राउत कुर्मीको नाति, वीरेन्द्र राउत कुर्मीको छोरा, रौतहट जिल्ला, देवाही गोनाही गा.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ३ बस्ने नितेश पटेलको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, देवाही गा.वि.स. वडा नं. २ (हाल देवाही गोनाही न.पा. वडा नं. ३) स्थित किता नं. १२५३ को क्षेत्रफल ०-०-१० (विगाह) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) आर्यन मर्मत केन्द्रको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
१२)	**ऋणी फर्म: श्री बाबा कृष्णा राम पशु फार्म,** प्रोप्राईटर तथा जमानीकर्ता: बेचन यादव (मगरदैता) दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सप्तरी, राजविराजमा प्रा.फ.र.नं. ९५१३/२०७७/७८, दर्ता मिति २०७७/०९/२६, ठेगाना: जिल्ला सप्तरी, अग्नीसाइर कृष्णासवरन गा.पा. वडा नं. ५ **धितोको विवरण** १) भुपी यादवकी छोरी, मुनीकी बुहारी, गंगाई मगरदैताकी पत्नी, सप्तरी जिल्ला, वकधुवा गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, अग्नीसाइर कृष्णासवरन गा.पा. वडा नं. ५ बस्ने कमला देवी यादवको नाममा मालपोत कार्यालय कन्चनपुर, सप्तरीको लगतमा दर्ता कायम रहेको सप्तरी जिल्ला, वकधुवा गा.वि.स. वडा नं. १/ख (हाल अग्नीसाइर कृष्णासवरन गा.पा. वडा नं. ५) स्थित किता नं. ४४, ६२ र ६५ को क्षेत्रफल क्रमश: ०-०-१६, ०-२-३ र ०-३-१० (विगाह) को जग्गा तथा सप्तरी जिल्ला, वकधुवा गा.वि.स. वडा नं. १/क (हाल अग्नीसाइर कृष्णासवरन गा.पा. वडा नं. ५) स्थित किता नं. ४४४ को क्षेत्रफल ०-०-१५ (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) मुनी मगरदैता यादवको नाती, गंगाई यादव (मगरदैता)को छोरा, सप्तरी जिल्ला, वकधुवा गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, अग्नीसाइर कृष्णासवरन गा.पा. वडा नं. ५ बस्ने बेचन यादव (मगरदैता)को नाममा मालपोत कार्यालय कन्चनपुर, सप्तरीको लगतमा दर्ता कायम रहेको सप्तरी जिल्ला, वकधुवा गा.वि.स. वडा नं. १/क (हाल अग्नीसाइर कृष्णासवरन गा.पा. वडा नं. ५) स्थित किता नं. ४४१ को क्षेत्रफल ०-३-१२ (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) श्री बाबा कृष्णा राम पशु फार्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
१३)	**१) ऋणी कम्पनी: अभिषेक सर्जिकल सप्लायर्स प्रा. लि.,** सञ्चालक तथा जमानीकर्ता: जानुका थापा दर्ता नं.: उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १३३३२०/०७१/०७२, दर्ता मिति: २०७१/११/२८, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ११ **धितोको विवरण** १) पुनवीर महर्जनको नाती, तुई सिं महर्जनको छोरा काठमाडौं जिल्ला, सीतापाइला गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ११, त्रिपुरेश्वर बस्ने माहिला महर्जनको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, सीतापाइला गा.वि.स. वडा नं. १ (हाल नागार्जुन न.पा. वडा नं. ४) स्थित कित्ता नं. २४० को क्षेत्रफल २३०.६० (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) अभिषेक सर्जिकल सप्लायर्स प्रा. लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
१४)	**१) ऋणी फर्म: साह पोल्ट्री फार्म,** प्रोप्राईटर तथा जमानीकर्ता: चन्दर देवी साह तेली दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरधाममा प्रा.फ.द.प्र.प.नं. १०९५२१९८५२/०७५/०७६ दर्ता मिति: २०७५/१२/२०, ठेगाना: जिल्ला धनुषा, बटेश्वर गा.पा. वडा नं. ४ **धितोको विवरण** १) गुरक शाह तेलीकी छोरी, गंगाई साहकी बुहारी, लटु साह तेलीकी पत्नी, धनुषा जिल्ला, बटेश्वर गा.वि.स. वडा नं. १ बस्ने चन्दर देवी शाह तेलीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, बटेश्वर गा.वि.स. वडा नं. १ क (हाल बटेश्वर गा.पा. वडा नं. ४) स्थित कित्ता नं. १००६ को क्षेत्रफल ०-५-१३-१० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) साह पोल्ट्री फार्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **२) ऋणी फर्म: आईसा इन्टरप्राइजेज,** प्रोप्राईटर तथा जमानीकर्ता: विरेन्द्र साह तेली दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरधाममा प्रा.फ.र.नं. १०४७०/३१२/२०७४/०७५, स्थानीय व्यापार, दर्ता मिति: २०७४/०७/२४, ठेगाना: जिल्ला धनुषा, बटेश्वर गा.पा. वडा नं. ४ **धितोको विवरण** १) गुरक शाह तेलीकी छोरी, गंगाई साहकी बुहारी, लटु साह तेलीकी पत्नी, धनुषा जिल्ला, बटेश्वर गा.वि.स. वडा नं. १ बस्ने चन्दर देवी शाह तेलीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, बटेश्वर गा.वि.स. वडा नं. १ क (हाल बटेश्वर गा.पा. वडा नं. ४) स्थित किता नं. ९१८ को क्षेत्रफल ०-१२-६-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) आईसा इन्टरप्राइजेजको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **३) ऋणी फर्म: कृतिका ट्रेडर्स एण्ड हार्डवेयर,** प्रोप्राईटर तथा जमानीकर्ता: संजीव साह तेली दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरधाममा प्रा.फ.र.नं. २०३९२/५०८/२०७९/०८०, स्थानीय व्यापार, दर्ता मिति: २०७९/०७/२९, ठेगाना: जिल्ला धनुषा, बटेश्वर गा.पा. वडा नं. ४ **धितोको विवरण** १) गुरककी छोरी, गंगाई साहकी बुहारी, लटु साह तेलीकी पत्नी, धनुषा जिल्ला, बटेश्वर गा.वि.स. वडा नं. १ बस्ने चन्दर देवी शाह तेलीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, बटेश्वर गा.वि.स. वडा नं. १ क (हाल बटेश्वर गा.पा. वडा नं. ४) स्थित किता नं. १४२२ र १५२९ को क्षेत्रफल क्रमश: ०-०-८-८ र ०-०-१-१२ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) कृतिका ट्रेडर्स एण्ड हार्डवेयरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **४) ऋणी फर्म: आइशा कृषि फार्म,** संचालक तथा जमानीकर्ता: लटु साह तेली दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरधाममा उद्योग दर्ता नं. १६८८५/४५७/०७९/०८०, दर्ता मिति: २०७९/०७/२९, ठेगाना: जिल्ला धनुषा, बटेश्वर गा.पा. वडा नं. ४ **धितोको विवरण** १) हजारी साहको नाति, गंगाई साह तेलीको छोरा, धनुषा जिल्ला, फूलगामा गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल बटेश्वर गा.वि.स. वडा नं. १ बस्ने लटु साह तेलीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, बटेश्वर गा.वि.स. वडा नं. १ क (हाल बटेश्वर गा.पा. वडा नं. ४) स्थित किता नं. १३५९ र ११५६ को क्षेत्रफल क्रमश: ०-०-५-४ र ०-०-७-८ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) गुरककी छोरी, गंगाई साहकी बुहारी, लटु साह तेलीकी पत्नी, धनुषा जिल्ला, बटेश्वर गा.वि.स. वडा नं. १ बस्ने चन्दर देवी शाह तेलीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, बटेश्वर गा.वि.स. वडा नं. १ क (हाल बटेश्वर गा.पा. वडा नं. ४) स्थित किता नं. १५३१ को क्षेत्रफल ०-०-६-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) आइशा कृषि फार्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **५) ऋणी: विरेन्द्र साह तेली** ठेगाना: ठेगाना: धनुषा जिल्ला, बटेश्वर गा.वि.स. वडा नं. १, बाबु : लटु साह तेली, बाजे: गंगाई साह तेली **धितोको विवरण** गुरक शाह तेलीकी छोरी, गंगाई साहकी बुहारी, लटु साह तेलीकी पत्नी, धनुषा जिल्ला, बटेश्वर गा.वि.स. वडा नं. १ बस्ने चन्दर देवी शाह तेलीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, बटेश्वर गा.वि.स. वडा नं. ०१ क (हाल बटेश्वर गा.पा. वडा नं. ०४) स्थित किता नं. ९१८ को क्षेत्रफल ०-१२-६-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । **६) ऋणी: संजीव साह तेली** ठेगाना: धनुषा जिल्ला, बटेश्वर गा.वि.स. वडा नं. १, बाबु: लटु साह तेली, बाजे: गंगाई साह तेली **धितोको विवरण** गंगाई साह तेलीको नाति, लटु साह तेलीको छोरा, धनुषा जिल्ला, बटेश्वर गा.वि.स. वडा नं. १ बस्ने संजीव साह तेलीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, बैगाडावार गा.वि.स. वडा नं. ८ ग (हाल मिथिला न.पा. वडा नं. १०) स्थित किता नं. ७९८ को क्षेत्रफल ०-१-५-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
१५)	**१) ऋणी कम्पनी: शोटाईम एक्जिम्पो प्रा.लि.,** अध्यक्ष तथा जमानीकर्ता: प्रकाश श्रेष्ठ दर्ता नं.: कम्पनी रजिष्ट्रारको कायालर्य त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १९३१४२/०७४/०७५, दर्ता मिति: २०७५/०३/२८, ठेगाना: जिल्ला काठमाडौं, तारकेश्वर न.पा. वडा नं.५, गोलढुङ्गा **२) ऋणी: प्रकाश श्रेष्ठ** स्थायी ठेगाना: काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. १०, हालको ठेगाना : काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ५ बाबु: देव बहादुर श्रेष्ठ, बाजे: हर्क बहादुर श्रेष्ठ **धितोको विवरण** १) हर्क बहादुर श्रेष्ठको नाति, देव बहादुर श्रेष्ठको छोरा, काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं.१०, स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं.५ बस्ने प्रकाश श्रेष्ठको नाममा मालपोत कार्यालय मनमैजु काठमाण्डौको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, गोलढुंगा गा.वि.स. वडा नं. ३/ग, (हाल तारकेश्वर न.पा. वडा नं.५) स्थित किता नं. २७२ र ५५४ को क्षेत्रफल क्रमश : ०-८-१-० र ०-२-२-० (रोपनी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) शोटाईम एक्जिम्पो प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
१६)	**१) ऋणी फर्म: होटल ग्राण्ड सिल्भर,** प्रोप्राईटर तथा जमानीकर्ता: राजन मानन्धर दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय काभ्रेपलाञ्चोकमा प्रा.फ.र.नं.घ.वि. ५९४१/०७२/०७३, दर्ता मिति: २०७२/०४/१०, ठेगाना: जिल्ला काभ्रेपलाञ्चोक, धुलिखेल न.पा. वडा नं. ७ **२) ऋणी फर्म: सिल्भर ट्रेडर्स,** प्रोप्राईटर तथा जमानीकर्ता : राजन मानन्धर दर्ता नं.: वाणीज्य विभाग, काभ्रेपलाञ्चोकमा प्रा.फ.र.नं. ३८४५/०७४/०७५, दर्ता मिति: २०७५/०१/०४, ठेगाना: जिल्ला काभ्रेपलाञ्चोक, धुलिखेल न.पा. वडा नं.४ **३) ऋणी: राजन मानन्धर** स्थायी ठेगाना: काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा. वडा नं. ७, हालको ठेगाना काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल न.पा. वडा नं. ४ बाबु: धर्म मानन्धर, बाजे नन्द लाल मानन्धर **धितोको विवरण** १) पुष्प मानन्धरकी छोरी, धर्म मानन्धरकी बुहारी, राजन मानन्धरकी पत्नी, काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल न.पा. वडा नं. ६ बस्ने लक्ष्मी शोभा मानन्धरको नाममा मालपोत कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोकको लगतमा दर्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, श्रीखण्डपुर गा.वि.स. वडा नं. ९ (धुलिखेल न.पा. वडा नं. ९) स्थित किता नं. २१३० को क्षेत्रफल ०-५-१-० (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) होटल ग्राण्ड सिल्भर तथा सिल्भर ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
१७)	**१) ऋणी: इनरजीत प्रसाद पटेल** स्थायी ठेगाना: पर्सा जिल्ला, वागेश्वरी ति. गा.वि.स. वडा नं. ३, हालको ठेगाना: पर्सा जिल्ला, पर्सागढी न.पा. वडा नं. ७, बाबु: जय गोविन्द राउत, बाजे: वालदेव राउत

शिक्षकहरू फेरि आन्दोलनको तयारीमा

सहमतिविपरीत शिक्षा ऐन नआओस् : शिक्षक महासंघ | राजनीतिमा लागेका शिक्षक कारबाहीको दायरामा आउँछन् : संसदीय समिति



■ **अम्मरबहादुर थापा**
सभापति, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

शिक्षकसँग भएका भद्र सहमति कार्यान्वयन हुन्छन् । कतिपयमा मध्यमार्गी बाटो तय हुन सक्छ । अहिले नै आन्दोलन गर्नुपर्ने अवस्था होइन । शिक्षकको सेवा-सुविधा राम्रो हुनुपर्छ । पेसागत सुरक्षामा कमी हुन नदिने गरी व्यवस्था गर्छौं ।



■ **लक्ष्मीकिशोर सुवेदी**
अध्यक्ष, नेपाल शिक्षक महासंघ

यसअघिको आन्दोलनपछि सरकारसँग भएका सम्झौताविपरीत शिक्षा ऐन नआओस् भन्ने हाम्रो मुख्य माग हो । सहमतिअनुरूप ऐन जारी हुनुपर्छ । ऐन विद्यार्थी, अभिभावक, शिक्षक र समाजमैत्री हुनुपर्छ । यदि ऐनमा ती विषय समेटिएनन् भने सकारात्मक परिणाम आउँदैन । त्यसैले दबाबका लागि आन्दोलन आवश्यक भएको छ ।



फाइल तस्बिर

कक्षा १२ सम्मको शिक्षामा निजी क्षेत्रको झन्डै ६ खर्ब लगानी

विधेयकमा मुख्यतः शिक्षक व्यवस्थापन, विद्यालय व्यवस्थापन समितिको अधिकार, जिल्ला शिक्षा कार्यालयको अधिकार, स्थानीय तहको शैक्षिक अधिकार, माध्यमिक तहसम्मको शैक्षिक मोडालिटी, गुठी तथा निजी विद्यालय व्यवस्थापन र अधिकार, माविं शिक्षा स्थानीय तहले चलाउनुपर्ने विषय, जागिरेमुखी शिक्षालगायत विषय बढी पेचिलो देखिएका छन् । संशोधनकर्ताले पनि यी बुँदामा बढी संशोधन प्रस्ताव हालेका छन् । हाल कक्षा १२ सम्मको शिक्षामा निजी क्षेत्रले झन्डै ६ खर्ब लगानी गरेका छन् । विद्यालय शिक्षालाई एकीकरण गर्न बनेको विद्यालय शिक्षा विधेयक, २०८०, भदौ ०८० मा संसद्मा दर्ता भएको थियो । तर, डेढ वर्ष पुग्नै लाग्दा पनि विधेयकले पूर्णता पाउन सकेको छैन । झन्डै ३० वर्षसम्मको विद्यालय शिक्षालाई सम्बोधन गर्ने गरी बनाउन लागिएको ऐनको मोडालिटी नै प्रस्ट नभएको विज्ञहरूले बताउँदै आएका छन् ।

नयाँ पत्रिका

झन्डै १७ महिनाअघि सरकारसँग भएको सहमति कार्यान्वयनका लागि दबाब दिन शिक्षकहरू फेरि आन्दोलनको तयारीमा छन् । नेपाल शिक्षक महासंघको नेतृत्वमा आगामी १७ फागुनदेखि देशभरका शिक्षकहरू काठमाडौंकेन्द्रित आन्दोलनको तयारीमा लागेका छन् ।

सरकार र शिक्षक महासंघबीच भएका सहमति कार्यान्वयन गराउन दबाब दिन यो आन्दोलन हुन लागेको महासंघले जनाएको छ । शुक्रबारबाट सुरु हिउँदे अधिवेशनमा शिक्षा विधेयक पारित गर्ने तयारी भइरहेका वेला शिक्षकले दबाब बनाउने रणनीतिअनुसार आन्दोलनका कार्यक्रम तय गरेका हुन् । महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले शिक्षकसँगको सम्झौताविपरीत शिक्षा ऐन नआओस् भनेर सरकारलाई दबाब दिन आन्दोलन तय गरिएको बताए । 'यसअघिको आन्दोलनपछि सरकारसँग भएका सम्झौताविपरीत शिक्षा ऐन नआओस् भन्ने हाम्रो मुख्य माग हो । सहमतिअनुरूप ऐन जारी हुनुपर्छ । ऐन विद्यार्थी, अभिभावक, शिक्षक र समाजमैत्री हुनुपर्छ । यदि ऐनमा ती विषय समेटिएनन् भने सकारात्मक परिणाम आउँदैन । त्यसैले दबाबका लागि आन्दोलन आवश्यक भएको छ,' सुवेदीले भने ।

महासंघको गत बुधबार-बिहीबार बसेको बैठकले आन्दोलनका चरण र तालिका घोषणा गरेको छ । पहिलो दिन १७ फागुनमा १० हजारभन्दा बढी शिक्षकको उपस्थितिमा कालो पट्टी बाँधेर जुलुस तथा प्रदर्शन गरिने महासंघले जनाएको छ । त्यसपछि चरणबद्ध आन्दोलन अघि बढाउने महासंघको तयारी छ । आन्दोलनमा देशभरका सामुदायिक तथा निजी विद्यालयका शिक्षकहरू सहभागी हुने महासंघको विश्वास छ । उपत्यकासहित देशका प्रमुख सहरहरूमा शिक्षकले दबाबमूलक कार्यक्रम गर्नेछन् ।

यसअघि ०८० असोजमा शिक्षकको आन्दोलनले काठमाडौंका सडक तताएको थियो । देशैभरका शिक्षक विद्यालय नै बन्द गरेर आन्दोलनमा उत्रिएका थिए । एक सातासम्म काठमाडौंकेन्द्रित आन्दोलन चर्किएपछि ५ असोज ०८० मा भएको वार्तामा सरकारका तर्फबाट तत्कालीन उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, तत्कालीन शिक्षा मन्त्री अशोक राई, नेपाल शिक्षक महासंघ, राजनीतिक दलनिकट शिक्षक संघ-संगठन र स्वतन्त्र शिक्षक प्रतिनिधिबिच शिक्षकका माग सम्बोधन गर्ने सहमति बनेको थियो । शिक्षकले मुख्यतः २७ भदौ ०८० मा प्रतिनिधिसभामा पेस विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकप्रति नै आपत्ति जनाएका छन् । तत्कालीन समयमा शिक्षामन्त्री राईले सो विधेयक प्रतिनिधिसभामा पेस गरेका थिए । तर, सो विधेयकमा थुप्रै त्रुटि रहेको शिक्षकको भनाइ छ ।

हाल देशभर कक्षा १२ सम्मका निजी र सरकारी सबै शिक्षक कर्मचारीको संख्या झन्डै चार लाख २० हजार छ । यीमध्ये अधिकांश शिक्षक ट्रेड युनियनमा आबद्ध छन् । नेपाल शिक्षक महासंघका अनुसार हाल कांग्रेसनिकट नेपाल शिक्षक संघमा ९० हजार, एमालेनिकट नेपाल राष्ट्रिय शिक्षक संगठनमा ८० हजार र माओवादीनिकट अखिल नेपाल शिक्षक संघमा ५० हजार शिक्षक आबद्ध छन् ।

विद्यालय शिक्षा विधेयकमा हाल प्रदेशस्तरमा सुझाव संकलनको काम सकिएको छ । संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापाले विद्यालय शिक्षा ऐन द्रुत गतिमा अघि बढाउन लागिएको जानकारी दिँदै शिक्षकको राजनीतिक अधिकारमा लगाम बनाइने बताए । 'शिक्षकसँग भएका भद्र सहमति कार्यान्वयन हुन्छन् । कतिपयमा मध्यमार्गी बाटो तय हुन सक्छ । अहिले नै आन्दोलन गर्नुपर्ने अवस्था होइन । शिक्षकको सेवा-सुविधा राम्रो हुनुपर्छ । पेसागत सुरक्षामा कमी हुन नदिने गरी व्यवस्था गर्छौं,' उनले भने, 'ट्रेड युनियनमा सहभागी भए पनि पार्टीपिच्छेका भ्रातृ संगठन खोल्न नदिनुपर्नेमा सबै सांसदहरूको एउटै स्वर छ । राजनीतिमा लागेका शिक्षकलाई कडा कारबाही हुने किसिमको व्यवस्था ऐनमा हुनेछ । शिक्षकलाई राजनीतिबाट टाढा राख्न ऐनमा कडा व्यवस्था गर्नुपर्छ भन्ने धेरै माननीयको सुझाव छ ।'

■ सुझाव संकलनमा को-को सहभागी हुन्छन् ?

समिति सभापति थापाका अनुसार एउटा प्रदेशबाट ६०-६५ वटा बुँदामा सुझाव संकलन भएको छ । सुझाव संकलन गर्दा सम्बन्धित प्रदेशका सामाजिक विकासमन्त्री, सचिव, शिक्षा महाशाखा प्रमुख, सामाजिक समितिका सभापतिलगायत सदस्यलाई सहभागी गराएर सुझाव संकलन गरिन्छ । छलफलमा प्रदेशस्तरको गाउँपालिका महासंघ, नगरपालिका महासंघ, जिल्ला समन्वय समिति महासंघ, शिक्षक महासंघ, प्रत्येक प्रदेशमा दुई-दुईवटा सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा शिक्षक, व्यवस्थापन समिति, विद्यार्थी र अभिभावकलाई सहभागी गराइएको थियो ।

■ प्रमुख दलहरूबाट एकमुस्ट सुझाव मागिँदै

यसअघि प्रमुख दलहरूबाट छरिएर सुझाव तथा संशोधन बुँदाहरू आएकाले अब भने समितिले विधेयकप्रति पाटीको आधिकारी धारणासहित एकमुस्ट सुझाव माग गरेको छ । तर, हालसम्म कुनै पनि दलले एकमुस्ट धारणा र सुझाव तय गरेका भने छैनन् । मुख्यतः प्रमुख दलहरूले विधेयकमाथि असहमति जनाउँदै दर्जनौं संशोधन प्रस्ताव राखेकाले विधेयकमा उनीहरूले एकमुस्ट धारणा पेस गरेमा सहज हुने अपेक्षा गरिएको छ । समितिका अनुसार यसअघिका छलफल तथा सुझाव संकलनका क्रममा १७४ जना सांसदले एक हजार सात सयभन्दा बढी संशोधन प्रस्ताव हालेका छन् । समितिले विधेयकमाथि संशोधन हाल्ने संशोधनकर्तासँगको अन्तिम छलफल ४ असोजसम्म तोकेको थियो । विधेयकमा ठुला दलहरूका धेरै असहमति भएकाले ती दलहरूका राजनीतिक प्रतिबद्धता जनाउनुपर्ने र धारणा प्रस्तुत गर्नेपर्ने समितिले बताउँदै आएको छ ।

संक्षेप

सहकारीको समस्या समाधान गर्न अध्यादेश ल्याएका हौं : देउवा



काठमाडौं/ कांग्रेस सभापति शेरबहादुर देउवाले सहकारीमा देखिएका समस्या समाधानका लागि सरकारले अध्यादेश ल्याएको बताएका छन् । कांग्रेस सहकारी विभागले शनिबार सानेपामा आयोजना गरेको कार्यक्रममा उनले कांग्रेस सहकारीका बचतकर्ताहरूको बचत सुरक्षित गर्ने र पीडितलाई न्याय दिने विषयमा गम्भीर रहेको बताए । वर्तमान अवस्थामा सहकारी क्षेत्रमा देखापरेका विकृति र विसंगतिको अन्त्य गर्दै नागरिकको बचत सुरक्षित गर्नुपर्ने आवश्यकतालाई हेरेर नै सरकारले अध्यादेश ल्याएको उनको जिकिर थियो । 'सहकारीमा बचतकर्ताहरूको बचतको ग्यारेन्टी हुनुपर्छ । सहकारीकै कारण सामुदायिक स्वावलम्बीकरण, गरिबी उन्मूलन, लोकतान्त्रिक समाजवादको संस्थागत हुन्छ । सरकारले समयानुकूल सहकारी मैत्री ऐन, नियमहरूको व्यवस्था गर्नुपर्ने महसुस गरेर नै अध्यादेश ल्याएको हो,' उनले भने । सहकारीको मर्मअनुसार समाजका विभिन्न वर्गको जीवनस्तर उकास्न सहकारी आन्दोलनलाई आमनागरिकसमक्ष पुऱ्याउन अभियानको रूपमा विस्तार गर्न कांग्रेसले भूमिका खेलिरहेको उनको दाबी थियो ।

'डिएसपी हुँ' भन्दै ठगी गर्ने पक्राउ



जनकपुरधाम/ आफू नेपाल प्रहरीको डिएसपी रहेको भन्दै ठगी गर्दै हिँड्ने एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा सिराहाका ३० वर्षीय दीपक भनिने धनिकलाल साह छन् । इलाका प्रहरी कार्यालय ढल्केवरको टोलीले साहलाई धनुषाको गणेशमान चारनाथ नगरपालिका- ४ बाट पक्राउ गरेको हो । प्रहरी निरीक्षक जटशंकर यादवका अनुसार आफू डिएसपी भएको भन्दै स्थानीय रमेश श्रेष्ठसँग ५० हजार रुपैयाँ ठगी गरेको उजुरीपछि साहलाई नियन्त्रणमा लिइएको हो । उनलाई ठगी कसुरमा धनुषा जिल्ला अदालतबाट म्याद थप गरेर थप अनुसन्धानका लागि नियन्त्रणमा राखेको उनले बताए । ठगीका अन्य घटनामा पनि साहको संलग्नताको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

कांग्रेस भीमदत्त नगर सभापति कलौनी मृत फेला

कञ्चनपुर/ कांग्रेस कञ्चनपुर भीमदत्त नगरका सभापति अच्युतराज कलौनी मृत फेला परेका छन् । शनिबार बिहान ८ बजेतिर भीमदत्त नगरपालिका-१८ कटान मामाभान्जा चोक क्षेत्रमा उनी मृत अवस्थामा फेला परेका हुन् । बैजनाथ माध्यमिक विद्यालयका अध्यक्षसमेत रहेका कलौनी घरदेखि उत्तर झन्डै ५-६ सय मिटरको दूरीमा रहेको सडकपेटीमा घोप्टो परेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । कञ्चनपुर प्रहरी प्रवक्ता उमेशराज जोशीले घटनास्थलमा प्रहरी पुगेर अनुसन्धान अघि बढाएको बताए । 'शरीरमा कुनै प्रकारको चोट देखिएको छैन, वडासहितका स्थानीयका सिसिटिभी क्यामेरामा पनि उनी एक्लै घरतिर गइरहेको देखिन्छ,' जोशीले भने, 'पोस्टमार्टमपछि थप घटनाको अनुसन्धान खुल्छ ।' ४२ वर्षीया कलौनीका परिवार र कांग्रेसले घटना रहस्यमय भएकाले छानबिन गरेर दोषीउपर कारबाहीको माग अघि सारेका छन् । नेविसंघको केन्द्रीय सहमहामन्त्रीसमेत रहेका उनी शुक्रबार धनगढी गएका थिए । धनगढीबाट राति ९ बजेतिर महेन्द्रनगर पुगेका कलौनी छाती दुखेको भन्दै पैदलै महाकाली अस्पताल पुगेर घर फर्किने क्रममा घर नपुगी बिचबाटैमा अस्ताएका छन् । प्रहरीले कलौनीको एउटा मात्रै माबोइल र पर्स भेटिएको जनाएको छ । शनिबार कञ्चनपुर आइपुगेका गृहमन्त्री रमेश लेखकले मृतक परिवारसँग भेटघाटपछि घटनाको छानबिनका लागि मातहतका निकायलाई निर्देशन दिइसकेको बताए ।

वेश्यावृत्ति धन्दा चलाएको आरोपमा चारजना पक्राउ

पर्सा/ प्रहरीले वीरगन्जका होटेल तथा गेस्ट हाउसमा छापा हानी चारजनालाई पक्राउ गरेको छ । वेश्यावृत्ति धन्दा चलाएको आरोपमा दुई महिला र दुई पुरुष पक्राउ परेका छन् । पक्राउ पर्नेहरूमा भारत विहार राज्य छपरा थाना मडहौरा ग्राम पञ्चायत बरदहिया-११ बस्ने ३५ वर्षीय मनेजर राय, महोत्तरी भंगहा नगरपालिका-२ टिकुलिया बस्ने ३२ वर्षीया सुक्राती चौधरी, ओखलढुंगा घर भएका ३३ वर्षीय दिपेश राई र बारा जितपुरसिमरा उपमहानगरपालिका-१४ बस्ने ३८ वर्षीया मीराकुमारी महतो छन् ।

जिल्ला प्रहरी कार्यालय पर्सा तथा प्रहरी चौकी इनर्वा पर्साबाट खटिएको संयुक्त टोलीले वीरगन्ज महानगरपालिका-१६ स्थित सञ्चालनमा रहेका होटेलहरूमा जाँच गर्ने क्रममा उनीहरूलाई पक्राउ गरेको हो । राम्रो आम्दानी हुने काममा लगाईदिने प्रलोभनमा पारी होटेलमा आएका ग्राहकहरूसँग शारीरिक सम्पर्क राख्न लगाई वेश्यावृत्तिमा लगाउने कार्यमा उनीहरू संलग्न रहेको २ जना महिलाको उद्धारसमेत गरिएको पर्सा प्रहरीका प्रवक्ता डिएसपी सुवास भट्टले बताए ।

उनीहरूउपर मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ बमोजिमको कसुरमा जिल्ला अदालत पर्साबाट ७ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ । पर्सामा गत सोमबारदेखि एसपी गौतम मिश्रले कमान्ड गरेका छन्। नयाँ एसपी आएलगत्तै उनले होटेल तथा गेस्ट हाउसमा छापा हान्न लगाएका हुन् ।

चारमहिने अभियानको समीक्षामा जसपा नेपाल

काठमाडौं/ जसपा नेपालले चारमहिने संगठन निर्माण अभियानको समीक्षा थालेको छ । राजधानीमा शनिबार सुरु केन्द्रीय कार्यकारिणी समितिको बैठकमा नेताहरूले समीक्षात्मक धारणा राखेका छन् । पहिलो दिन शनिबार कोशी, मधेश र बागमती प्रदेशका नेताहरूले समीक्षात्मक धारणा राखेका छन् ।

जनतासँग जसपा नेपाल अभियान प्रभावकारी भएको नेताहरूको दाबी छ । अभियान वडा तहसम्म उत्साहजनक रूपमा सञ्चालन भएको नेताहरूले 'ब्रिफिङ' गरेका छन् । जसपाले चार महिनादेखि 'जनतासँग जसपा नेपाल, आधारभूत संगठन निर्माण अभियान' सञ्चालन गरिरहेको छ । प्रत्येक केन्द्रीय सदस्यलाई कम्तीमा एउटा पालिकाको जिम्मा दिइएको छ । केही सदस्यलाई भने एकभन्दा बढी पालिकाको जिम्मा परेको छ ।

कोशी प्रदेशमा अधिकांश ठाउँमा अभियान प्रभावकारी रूपमा सञ्चालन भएको कोशीबाट प्रतिनिधित्व गर्ने नेताहरूले दाबी गरेका छन् । 'अपवादमा केही ठाउँमा बाहेक अभियान सन्तोषजनक रह्यो,' नेता जयराम यादवले भने । अधिकांश ठाउँमा वडा तहसम्म सन्तोषजनक रूपमा अभियान सञ्चालन भएको उनीहरूको दाबी छ । केही वडामा भने अभियान सञ्चालनमा कठिनाइ भएको उनीहरूको गुनासो छ ।



मधेश प्रदेशका प्रायः सबै ठाउँमा वडा तहसम्म उत्साहजनक रूपमा अभियान सञ्चालन भएको दाबी नेताहरूले गरेका छन् । 'मधेशका सबै ठाउँमा वडावडासम्म कार्यक्रम उत्साहजनक रह्यो । पार्टीप्रति जनता आशावादी छन्,' हरिनारायण यादव, सुरिता साह, राजु गुप्तालगायतले बैठकमा भने, 'अभियानबाट उत्साह थपिएको छ ।'

बागमती प्रदेशमा भने अभियान सञ्चालनमा केही कठिनाइ भएको नेताहरूको भनाइ थियो । बागमतीमा वडा तहमा पुग्न नसकेको, जिल्लामा सीमित भएको नेताहरूले स्विकारेका छन् । 'बागमतीमा अभियान अझ प्रभावकारी बनाउनुपर्नेछ । अभियान जिल्ला र केही पालिकामा सीमित बन्न पुग्यो । वडावडासम्म प्रभावकारी रूपमा लान सकिएको छैन,' विद्युत् बज्राचार्य, सुनी लामालगायतले भने । बाँकी सदस्यले आइतबार धारणा राख्नेछन् ।

बैठकको सुरुमा अध्यक्ष उपेन्द्र यादवले 'जनतासँग जसपा नेपाल, आधारभूत संगठन निर्माण अभियान'को समीक्षा, वर्तमान राजनीतिक परिस्थिति र पार्टीको संगठनात्मक कार्ययोजनालगायतका एजेन्डा प्रस्तुत गर्दै सदस्यहरूको धारणा माग गरेका थिए । सदस्यहरूले धारणा राखेपछि अध्यक्षले सम्बोधन गरेर बैठक सक्ने तयारी छ । पार्टी विभाजनपछि जसपा नेपालले जनतासँग जोडिने अभियानलाई प्राथमिकता दिएको छ । संघीय परिषद् अध्यक्ष अशोक राईले नयाँ पार्टी गठन गरेपछि जसपा नेपाल वडाकेन्द्रित अभियानमा छ ।

पाथीभराको समस्या समाधान गर्ने जिम्मा सामान्य प्रशासन मन्त्रालयलाई

ताप्लेजुङ/ पाथीभरा क्षेत्रमा केबुलकार निर्माणका सम्बन्धमा देखिएको समस्याको आवश्यक समन्वय गर्न गृह मन्त्रालयले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई जिम्मेवारी दिएको छ । केबुलकार नियमनको विषय संघीय मामिलाअन्तर्गत पर्ने भएकाले स्थानीयका सवाल र सरोकारका विषयलाई समन्वय र सहजीकरण गरी तत्काल पहल अगाडि बढाउन शुक्रबार गृहले पत्र पठाएको हो ।

गृह मन्त्रालयका शाखा अधिकृत ऋषिकेश खतिवडाद्वारा हस्ताक्षरित पत्रमा 'केबुलकार नियमनको विषय त्यस मन्त्रालयअन्तर्गत पर्ने भएको हुँदा सो सम्बन्धमा स्थानीय रूपमा उठेका सवाल र सरोकारका विषयलाई समेत ध्यान दिँदै सबै सरोकारवालाहरूसँग समन्वय र सहजीकरण गरी उक्त समस्याको समाधान गर्न तत्काल पहलकदमी अगाडि बढाइदिनु हुन निर्देशानुसार अनुरोध छ,' पत्रमा भनिएको छ । १५ माघमा गृहमन्त्री रमेश लेखकले ताप्लेजुङ, इलाम र संखुवासभाका प्रतिनिधिसभाका सांसदलाई मन्त्रालयमै बोलाएर वार्ता समिति बनाउने र वार्ता गर्ने आश्वासन दिएका थिए । ताप्लेजुङका सांसदत्रय योगेशकुमार भट्टराई, लीलादेवी बोखिम र उर्मिला थेबेले गृह मन्त्रालयसँगको निरन्तरको संवाद र संघीय मामिला मन्त्रालयसँग संवाद भइरहेको बताएका छन् । १२ माघमा 'नो केबुलकार समूह' र प्रहरीबीच झडप हुँदा गोली चलेको थियो । गोली लागेर आन्दोलनकारी समूहका दुईसहित पाँचजना र प्रहरीतर्फ २१ जना घाइते भएका थिए । पत्रकाउ परेकाको रिहाइ, केबुलकार निर्माण बन्द, निर्माणस्थलबाट सशस्त्र प्रहरी फिर्तालगायतको माग गर्दै आन्दोलनरत समूहले १५ माघदेखि मेची राजमार्ग र तमोर करिडोरमा आवागमन बन्द गरेका छन् ।

पाथीभरामा निर्माणाधीन केबुलकारको विषयलाई लिएर पाँच दिनदेखि यातायात बन्द हुँदा पूर्वी पहाडी तथा हिमाली जिल्लामा दैनिक उपभोग्य सामग्रीको अभाव हुन थालेको छ । साथै, खाना पकाउने ग्यास, चामल, तेललगायतका खाद्यवस्तुको समेत संकट देखिन थालेको छ । शनिबार केही गाउँबाट नेपाल प्रहरीको स्कर्टिङमा तरकारी बजार ल्याइएको थियो । 'नो केबुलकार समूह'ले गत १२ माघमा भएको घटनालाई लिएर मेची राजमार्ग, तमोर करिडोर र तेह्रथुमबाट ताप्लेजुङ आउने सबै नाकाबाट प्रवेश बन्द गरेका छन् । यदि आफूले राखेका माग पूरा नभए आइतबार ताप्लेजुङलगायत तेह्रथुम, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा र संखुवासभासमेत बन्द गरिने समूहले जनाएको छ ।

धितोको विवरण

बालदेव राउतको नाती, जय गोविन्द राउतको छोरा, पर्सा जिल्ला, बाग्रेश्वरी ति. गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, पर्सागढी न.पा. वडा नं. ७ मा बस्ने इनरजीत प्रसाद पटेलको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्सा, वीरगंजको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वगवना गा.वि.स. वडा नं. ३ (हाल पर्सागढी न.पा. वडा नं. २) स्थित कित्ता नं. ७५ र ८९ को क्षेत्रफल क्रमशः ०-३-०- र ०-१८-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

कर्जाको किसिम: व्यक्तिगत कर्जा
२) उज्वल कुमार पटेल (ऋणी)
ठेगाना: पर्सा जिल्ला, पर्सागढी न.पा. वडा नं. ७, बाबु: इनरजीत प्रसाद पटेल, बाजे : जय गोविन्द राउत

जमानीकर्ता: इनरजीत प्रसाद पटेल, स्थायी ठेगाना: पर्सा जिल्ला, बाग्रेश्वरी ति. गा.वि.स. वडा नं. ३, हालको ठेगाना: पर्सा जिल्ला, पर्सागढी न.पा. वडा नं. ७, बाबु: जय गोविन्द राउत, बाजे: बालदेव राउत

नोट: ऋणी बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नाम ऋणीको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्चः ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाममबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भएमा वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पुर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

■ सप्तकोशी तटीय क्षेत्रका स्थानीयको गुनासो

मन्त्रीहरू अनुगमन गर्न आउँछन्, तर नदी नियन्त्रणका लागि ठोस योजना बनाउँदैनन्

उदयपुरमा **विदुर कटुवाल**

गत मंगलबार गृहमन्त्री रमेश लेखकले उदयपुरको बेलका नगरपालिका क्षेत्रमा पर्ने सप्तकोशी नदीको कटान क्षेत्रको अनुगमन गर्दै आगामी दिनमा कटान रोक्ने गरी सरकारले योजना बनाउने प्रतिबद्धता जनाए । 'यसपटक सप्तकोशी नियन्त्रणका लागि ठोस योजना बनाउने पक्षमा छौं । भावी दिनमा बाढी र कटानको त्रासबाट तटीय क्षेत्रका बासिन्दालाई मुक्त गर्ने गरी सरकारले योजना बनाउँछ,' उनले भने ।



गत वर्ष सप्तकोशीले कटान गरेको तटीय क्षेत्र ।

बर्सेनि बर्खा लागेपछि सप्तकोशीको बाढी र कटानको त्रासमा बस्दै आएका स्थानीयलाई सरकारका मन्त्री, सांसद, नेता तथा उच्च पदका व्यक्तिले दिने आश्वासन कुनै नौलो होइन । बर्खा लागेसँगै कटान र डुबान हुन थालेपछि विस्थापित स्थानीयलाई सहारा दिन भन्दै अनुगमन, निरीक्षण तथा अवलोकनका लागि मन्त्री तथा विभागीय प्रमुखहरू पुग्ने गरेको वर्षौं भइसकेको छ । गृहमन्त्री लेखकको अनुगमनमा भेटिएका स्थानीय सजमान विकले भने, 'अनुगमन मात्र हुन्छ, सप्तकोशी नियन्त्रणका लागि ठोस योजना अहिलेसम्म आउन सकेको छैन ।'

सप्तकोशीमा बर्खामा आउने बाढीले उदयपुरको बेलका नगरपालिका वडा नम्बर १, २, ३, ८ र ९ तथा सुनसरीको बराहक्षेत्र नगरपालिकाको वडा नम्बर ६ र ९, सप्तरीको सप्तकोशी नगरपालिकाका ६ र ७ वडा नम्बरसँगै सप्तरीकै कञ्चनरूप नगरपालिकाका तटीय क्षेत्र प्रभावित हुँदै आएको छ । बेलका नगरपालिका- ८ का वडाध्यक्ष जयकुमार राईले मन्त्री र नेताहरू मात्र नदी कटान र बाढी आएका वेला प्रभावित क्षेत्र आउने गरेको, तर दीर्घकालीन रोकथामसम्बन्धी कुनै पनि योजना अहिलेसम्म बनाउन नसकेको गुनासो गरे । 'कटानसँगै जब बाढी आउन थाल्छ र मानव बस्तीमा क्षति पुऱ्याउन थाल्छ, अनि संघीय सरकारका मन्त्री, प्रदेश सरकारका मन्त्री, सांसद, विभागीय प्रमुखहरू आउनुहुन्छ, हेर्नुहुन्छ, दीर्घकालीन रोकथामका लागि योजना बनाउँछौं भन्नुहुन्छ । तर, अहिलेसम्म कुनै पनि ठोस योजना आएका छैनन् । कटान र बाढी रोक्ने गरी अहिलेसम्म कुनै पनि काम हुन सकेको छैन,' उनले भने । कोशीले बेलका नगरपालिका-८ मा रहेको लाहुरेखोँचको डुम्रीबोटेको बाँध कटान गर्दै मानव बस्तीमा क्षति पुऱ्याउँदै आएको छ । त्यही बाँध कटान गरेर पछिल्ला तीन वर्षयता बर्सेनि सप्तकोशी बस्तीमा पस्ने गरेको छ । स्थानीयका अनुसार ०४५ यता सप्तकोशीले धार परिवर्तन गरेको छ । जसकारण मानव बस्ती र खेतीयोग्य जमिनमा क्षति पुग्ने गरेको छ । कोशी सम्झौताअनुसार भारत सरकारले नदीको दुवैतर्फ तटबन्ध बनाउनुपर्ने भए पनि नबनाएका कारण पछिल्लो केही वर्षयता बाढी र डुबानको समस्या बढेर गएको छ । उदयपुरलाई केन्द्रबिन्दु बनाएर ०४५ भदौमा गएको भूकम्पका कारण उदयपुर र सुनसरीको सिमाना भएर बग्ने सप्तकोशी नदी आफ्नो धार परिवर्तन गरेर सुनसरीतर्फ धेरै ढल्केको थियो ।

शिक्षामा स्मार्ट फोन र इन्टरनेटको प्रभाव

सुरुसुरुमा बालबालिकालाई अलमल्याउन ठिकै देखिए पनि स्मार्ट फोनमा बालबालिका अलमलिन थालेपछि त्यसको परिणाम भयावह हुन सक्छ



● रमेशप्रसाद गौतम

अग्रलेख

आज विश्वलाई सहज बनाएको इन्टरनेट र मोबाइलले बालबालिकाको शिक्षण सिकाइमा सकारात्मक सहयोग पुऱ्याउनुको साटो प्रतिकूल असर पुऱ्याइरहेको छ। बालबालिकाले आफ्नो लामो समय मोबाइलमा खर्चिंदा तिनको सिर्जनशीलता घट्दै गएको हामी सबैले अनुभव गरिरहेकै विषय हो। कतिपय अध्ययनले पनि यसलाई पुष्टि गरेका छन्। सबैका हातहातमा महँगा र विभिन्न 'फिचर'युक्त स्मार्ट फोन घरघरमा इन्टरनेट जोडिएपछि यसले आधुनिक सञ्चारलाई सहज बनाए पनि व्यवहारमा भने बालबालिकाको सिर्जनशीलता, अध्ययनशीलता र मौलिकतामा ह्रास आई सिकाइ उपलब्धि कमजोर बन्दै गएको प्रस्ट अनुभव गर्न सकिन्छ।

सिक्ने उमेरमा बालबालिका मोबाइलमा रमाउने प्रवृत्तिले तिनको सिर्जनशीलतामा मात्रै ह्रास आउने होइन। मोबाइल स्क्रिनसित बालबालिकाको घनिष्टता बढ्दै जाँदा बालबालिकाको स्कुल नजाने क्रम बढ्ने, ससाना विषयमा पनि झनक्क रिसाउने, अभिभावक र शिक्षकले दिएको सुझाव नमान्ने, पुस्तकलाई भन्दा मोबाइललाई माया गर्नेजस्ता अवस्थासमेत देखिन थाल्छन्। यसले बालबालिका परिवारका सदस्य र आफन्तबाट टाढिँदै जाने, घरमा को आयो र को गयो भन्ने पत्तो नपाउने, सामाजिक क्रियाकलापबाट टाढिने क्रम बढ्छ। केटाकेटीले मोबाइलमा अलमलिन थालेपछि शिक्षकले सिकाएका कुरा बिर्सनुका साथै गृहकार्य गर्न पनि छाडेका छन्। पहिले-पहिले सहजै उपलब्ध नहुने इन्टरनेट अहिले सहरबजारदेखि दूरदराजका गाउँबस्तीका घरघरमा पुगेपछि केटाकेटीले अभिभावकको मोबाइल प्रयोग गरी आफ्नो अमूल्य समय मोबाइलको स्क्रिनसामु बिताउन थालेका छन्। कतिपय अभिभावक स्वयं मोबाइलमा रमाउन थालेपछि तिनले केटाकेटीका लागि समय दिन नसकिरहेको अवस्था पनि देखिन्छ। यसले आफ्ना बालबालिकाले के गर्दै छन्, कसरी समय बिताउँदै छन्, इन्टरनेटमा के हेर्दै छन्, के सिक्दै छन् भन्ने विषयमा अभिभावकको ध्यान पुग्न सकेको देखिन्न।

प्रायः केटाकेटी घर पुग्नासाथ खाजासमेत नखाई मोबाइलमा रमाउन थाल्छन्। त्यति मात्र होइन, आफ्नै सिर्जनामा लेख्ने गरेका निवेदन, निबन्ध, कवितालगायत विषयसमेत गुगल सर्च गरेर, एआई या च्याट जिपिटीसित सोधेर आफ्ना उत्तरपुस्तिकामा सार्न थालेका छन्। यसले उनीहरूको सिर्जनशीलतामा क्रमशः ह्रास आइरहेको छ। एक-दुई वर्ष पुगेदेखि नै बाबुआमाले बालबालिकालाई अलमलाउन मोबाइल हातमा थमाउने गरेका छन्। सुरुसुरुमा त बालबालिकालाई अलमल्याउन सजिलो पनि लाग्ला। तर, जब यसैको परिणाम बालबालिका मोबाइलबाहेक अन्यत्र अलमलिन छाड्छन्, त्यसको परिणाम भयावह हुन सक्छ। त्यसैले, आजका हरेक अभिभावक सुरुदेखि नै सचेत हुन जरुरी छ। उनीहरूले बालबालिकालाई कोठाभित्र र बाहिर खेलिने खेलमा सहभागी गराउने, आफू पनि सहभागी भएर खेल्ने, आफू पनि पुस्तक पढ्ने र बालबालिकालाई पनि उनीहरूको रुचिअनुसारका पुस्तक दिएर पढ्न प्रेरित गर्ने हो भने मोबाइलको लत छुटाउनै नसकिने होइन।

मोबाइलमा रमाउन थालेपछि केटाकेटीले आफ्ना पाठ्यपुस्तक पल्टाउनसमेत बिर्सन थालेका छन्। मोबाइलको स्क्रिनअघि घन्टौं रमाउन सक्ने बालबालिकाले किताब पल्टाउनुपर्दा झ्वँजो मान्न थालेका छन्। ठुला कक्षामा पुगेका विद्यार्थीका लागि स्मार्ट फोन र इन्टरनेट सिकाइका लागि उपयुक्त माध्यम या सहयोगी साधन हुन सक्छन्, तर ससाना केटाकेटीका लागि भने यी साधन समयको बर्बादी मात्र बन्न सक्छन्।

मोबाइल या कम्प्युटर स्क्रिन धेरै बेरसम्म हेर्दा केटाकेटीका आँखासमेत खराब बन्न सक्छन्। अहिले कतिपय केटाकेटीमा दृष्टिसम्बन्धी समस्या बढ्दै गएको देखिन्छ। आँखा विशेषज्ञहरूले पनि लामो समयसम्म स्मार्ट फोनको स्क्रिन हेर्नु केटाकेटीका लागि घातक हुने चेतावनी दिँदै आएका छन्। हुन पनि बालबालिकाको जन्मदेखि सात वर्षसम्म आँखाको विकासको समय भएकाले यस अवधिमा तिनलाई स्क्रिनबाट टाढै राख्नु उचित हुन्छ।

प्रविधिको तीव्र विकासले समाजका धेरै पक्षमा परिवर्तन ल्याएको छ। स्मार्ट फोन र इन्टरनेट हाम्रो जीवनका अभिन्न अंग बनेका छन्। आज हाम्रा धेरै गतिविधि स्मार्ट फोनमै आधारित हुने गरेका छन्। तर, यसो भन्दै गर्दा केटाकेटीमा स्मार्ट फोनप्रतिको बढ्दो मोहलाई भने समयमै कम गर्नु जरुरी छ। साथै, हाम्रो परम्परागत शिक्षण विधिमा आधुनिक प्रविधि भित्र्याउनेतर्फ समग्र शिक्षा क्षेत्र नै लाग्नु जरुरीसमेत देखिएको छ। स्मार्ट कक्षाकोठाको अवधारणामा डिजिटल शिक्षाका माध्यमबाट सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन सकिन्छ। हाम्रा कक्षाकोठा स्मार्ट बन्दै गए भने बालबालिकाको पठनपाठनमा रुचि बढ्नुका साथै स्मार्ट फोनको स्क्रिनप्रतिको मोह पनि घटाउन सकिन्छ।

स्मार्ट कक्षको अवधारणासँगै शिक्षण सिकाइ प्रक्रियालाई प्रविधिले सशक्त र सक्षम बनाउँछ।



यसमा इन्टरनेटजडित कम्प्युटर, प्रोजेक्टर, ट्याबलेट, शैक्षिक सफ्टवेयरजस्ता उपकरण प्रयोग गरी डिजिटल सामग्रीका माध्यमबाट शिक्षण गरिन्छ। डिजिटल सामग्रीले केटाकेटीलाई आफ्नो गतिमा सिक्न सहयोग गर्नुका साथै स्वयं स्मार्ट बन्न सिकाउँछ। डिजिटल शिक्षाले शिक्षकलाई प्रभावकारी शिक्षणमा सघाउँछ।

आधुनिक डिजिटल प्रणालीले केटाकेटीलाई समयसापेक्ष प्रविधिसँग जोडेर गुणस्तरीय शिक्षा प्रदान गर्न सघाउँछ। हाम्रो जस्तो विकासोन्मुख देश, जहाँ शिक्षाको पहुँच कठिन भई गुणस्तर सुधारमा ढिलाइ भरहेको सन्दर्भमा स्मार्ट कक्षाकोठाको अवधारणालाई क्रमशः अघि बढाउँदै लग्नुपर्ने हुन्छ। यस किसिमको नयाँ प्रविधिबाट शिक्षण प्रक्रिया अघि बढाउन र प्रभावकारी कार्यान्वयनका लागि सरकार, गैरसरकारी संस्था, समुदाय, विद्यालय शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समितिलगायत सबैको साझा एजेन्डा बनाउनुपर्छ। साथै, बन्दै गरेको शिक्षा ऐनमा समेत यस विषयलाई समावेश गरी राष्ट्रिय नीतिमै स्मार्ट शिक्षण विधिलाई समेट्न ढिलो हुँदै छ।

> आफ्नै सिर्जनामा लेखिने निवेदन, निबन्ध, कवितालगायत विषयसमेत गुगल सर्च गरेर एआई या च्याट जिपिटीसित सोधेर आफ्ना उत्तरपुस्तिकामा सार्न थालेका कारण विद्यार्थीको सिर्जनशीलतामा क्रमशः ह्रास आइरहेको छ

समयको पदचापसँगै सूचक र मापन विधिलाई सुधार गर्दै परिष्कृत तुल्याउने काम आधुनिक विधि र प्रविधिबाट हुने हो। यसैलाई मध्यनजर राख्दै संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम युएनडिपीअन्तर्गत सन् १९९० देखि प्रतिवर्ष भूमण्डलीय मानव विकासको प्रतिवेदन प्रस्तुत गरिँदै आएको छ। अन्य मुलुकले पनि आआफ्नो राष्ट्रिय मानव विकास प्रतिवेदन प्रकाशित गर्दै आएका छन्। नेपालका सन्दर्भमा शैक्षिक व्यवस्थाका कारण शैक्षिक निकायले सक्षम र सुयोग्य नागरिक उत्पादन गर्ने आफ्नो दायित्वबाट विमुख हुने त्रास बढ्दो छ। परिणामतः समाजका विभिन्न नेतृत्वदायी ठाउँमा सबल र सक्षम नेतृत्वको अभाव खड्किरहेको छ।

राजनीतिक नेतृत्वले योग्य र अब्बल व्यक्तिलाई उचित स्थान दिन नसक्दा कमजोर राजनीतिक नेतृत्वको पिछलग्गुले अब्बल दर्जा र ठाउँ पाउँदा शैक्षिक, राजनीतिक, सामाजिक र आर्थिकलगायत क्षेत्रमा अव्यवस्था बढ्दै छ।

विद्यालय उमेरका केटाकेटीलाई उमेर र कक्षानुसारको योग्यता दिने जिम्मेवारी पूरा गर्नका लागि राज्यको लगानी पनि समुचित तरिकाले वृद्धि गर्नुपर्छ। शैक्षिक क्षेत्रको विफलता भनेको परीक्षामा असफलता मात्र होइन, तिनको व्यक्तित्वमा जीवनभरका लागि गाँसिएको र प्राप्त गरेको शैक्षिक योग्यताभन्दा व्यावहारिक पक्षलाई ठुलो मान्नुपर्छ। हुन त अहिले विद्यार्थीको ग्रेडिङ पद्धतिअनुरूप मूल्यांकनमा ९०-१०० सम्म अंक ल्याउनेलाई विशिष्ट 'ए प्लस', ८०-८९ प्रतिशत ल्याउनेलाई उत्कृष्ट 'ए', ६०-७९ ल्याउनेलाई धेरै राम्रो 'बी' श्रेणीमा उत्तीर्ण भनिन्छ। त्यस्तै ४०-५९ ल्याउने लाई राम्रो 'सी' २५-३९ प्रतिशत अंक ल्याउनेलाई कमजोर 'डी' भनिन्छ र २५ भन्दा कम अंक ल्याउनेलाई 'इ' श्रेणीमा गनिन्छ। डी र ई श्रेणीमा पर्नेहरूलाई व्यवहारमा असफल भन्ने चलन छ। यसरी विभिन्न श्रेणीमा उत्तीर्ण हुनेहरूले आफूले सिकेका ज्ञान र सीपलाई व्यावहारिक जीवनमा कसरी प्रयोग गर्छन्, शिक्षण सिकाइको सफलता त्यसमै निर्भर हुन्छ। घोकन्ती विद्या र बोझिलो गृहकार्यले मात्र केटाकेटीको प्रतिभा र क्षमतामा बढोत्तरी आउने होइन। यसमा शिक्षाशास्त्री जोन डिनेको 'एक्सपेरिमेन्टल लर्निङ थ्योरी' र मारिया मन्टेसरीको 'चाइल्ड सेन्टर्ड लर्निङ अप्रोच'को पनि यस किसिमको विचारमा सहमति पाउन सकिन्छ। केटाकेटीले स्वतन्त्रतापूर्वक जीवन र जगत्बारे ज्ञान र सीप हासिल गरी व्यावहारिक जीवनमा उतार्न सके मात्र सिकाइको सार्थक उपलब्धि देखिन सक्छ।

यसका लागि शिक्षक विद्यार्थीको भविष्यप्रति चिन्तित, आफ्नो पेसाप्रति प्रतिबद्ध, हसमुख र उच्च सोचको हुनु जरुरी छ। शिक्षकले कक्षाकोठामा विद्यार्थीलाई करेसाबारीप्रतिको लगाव र त्यहाँ भएका तरकारी, फूल, बिरुवा आदिका सम्बन्धमा पाठ्यपुस्तकअनुसार पढाउँदा पानीविना बोटबिरुवा मर्छन् भन्ने बताए पुग्छ। विद्यार्थीले परीक्षामा उत्तर सहजै लेख्छन्- पानीविना कुनै पनि बोटबिरुवा बाँच्न सक्दैनन्। तर, तिनै विद्यार्थी आफ्नै आँगन, बगैंचा वा कौसीमा गमलामा पानी नपाएर सुकेका बिरुवा हेरी बस्छन्। ती बिरुवा किन मर्दै छन्, त्यसतर्फ वास्ता गर्दैनन्। केटाकेटीमा किन यस्तो व्यवहार देखियो त ? पढ्ने एउटा कुरा, गर्ने अर्को किन ? कथनी र करनीबिच किन मेल खाएन ? यसको दोष कसलाई दिने ? यसमा शिक्षकलाई दोषी ठान्ने कि नठान्ने ? यो हाम्रो शिक्षा प्रणालीको त्रुटि हो कि होइन ? यावत् सवाल उठ्छन्। यसको मूल चुरो हो, सार्थक सिकाइको कमी। सिकाइ उपलब्धिको सही मापन हुन नसकेमा कदापि गुणस्तरीय शिक्षा हासिल हुन सक्दैन। पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण क्रियाकलापजस्ता विषयमा ध्यान दिनुपर्ने हुन्छ। यस्ता विषयमा शिक्षाका योजना र क्रियाकलाप कक्षाकोठामा पुऱ्याई प्रयोग गर्न सकिने खालको हुनुपर्छ। अनि मात्र असल अभ्यासबाट सिकाइ गर्दै विद्यार्थीलाई तहगत व्यावहारिक र प्रयोगात्मक पाठ्यक्रम निर्माण गरी जीवनोपयोगी शिक्षा दिन सकिन्छ।

नेपालमा गणतन्त्र आयो, नयाँ संविधान आयो, धेरैपटक राज्यको शासन व्यवस्था परिवर्तन भए। तर, देशको अवस्था परिवर्तन हुन सकेन। शिक्षा ऐन-नियम पनि समयसापेक्ष बन्न सकेनन् शिक्षामा सुधार ल्याउन सुझाव आयोगहरू पनि थुप्रै बने। शिक्षामन्त्रीहरू धेरै फेरिए। स्थानीय निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिले शिक्षामा आफ्नो अधिकार दाबी गर्दै आएका छन्। अझै स्पष्ट ऐन-नियम बन्न सकेको छैन। विद्यालय शिक्षा कुन नियम र कानुनअनुसार चल्ने हो, त्यसतर्फ संघीय सरकारले स्पष्ट खाका अझै तोक्न सकिरहेको छैन। यसैले गर्दा हाम्रो शिक्षा व्यवस्थाले समुचित बाटो पक्रन सकिरहेको छैन। अझै पनि हाम्रो शिक्षा क्षेत्र अन्योल र अलमलमै छ।

(गौतम शिक्षाविद् हुन्)

---

३ प्रश्न



पूर्वपरराष्ट्रमन्त्री
डा. प्रकाशशरण महतलाई

पछिल्लो अमेरिकी नीतिले हाम्रो विकास निर्माणमा कस्तो प्रभाव पार्ला ?

अहिले नै यस्तै हुन्छ भन्न त कठिन छ। केही न केही प्रभाव देखिन सक्छ। तर, पछिल्लो समयमा सरकारले ल्याएको अध्यादेशका प्रावधानले लगानीलाई आकर्षित गर्न सक्छ। यसले केही सहज गराउँछ। लगानीकर्ताले जहाँ सहज हुन्छ, लगानी त्यतै लैजान्छ। त्यसैले, कानुनकै आधारमा मात्र सबथोक हुन्छ भन्न मिल्दैन। तर, बनेको कानुन सहज रूपमा कार्यान्वयन गर्न सकियो भने पनि यसको प्रभाव सकारात्मक देखिन सक्छ।

यस्तो अवस्थाबाट जोगिन हाम्रो तयारी कस्तो छ ?

हाम्रो अर्थतन्त्रको आकार त्यस्तो ठुलो छैन। त्यसैले, हामी संकटमै पर्ने अवस्थाचाहिँ छैन। पछिल्लो समयमा आइटीमा राम्रो 'स्कोप' देखिएको छ। ठुला पूर्वाधार विकास या उद्योगमा जस्तो आइटीमा ठुलो लगानीको खाँचो पर्दैन। यसबाट राम्रो रोजगारी सिर्जना हुन सक्छ। युवा पलायन रोक्न सहयोग पुग्छ। स्वदेशमै बसेर राम्रो आय आर्जन गर्न सकिन्छ भन्ने विश्वास आइटी सेक्टरले बढाएको छ। भविष्यमा हाम्रो निर्यातको 'मेजर सेक्टर' नै आइटी बन्न सक्छ। त्यसैले, हामीले त्यसका सहजीकरण गरिदिनुपर्छ।

भविष्यमा हाम्रो विकास निर्माणलाई प्रभावित हुन नदिन के गर्नुपर्ला ?

यसका लागि स्वदेशी तथा विदेशी लगानी बढाउनु जरुरी छ। एनआरएनएको लगानीलाई पनि यसमा जोड्न सकिन्छ। यस्तो लगानीले देशमा उद्योगधन्दा फस्टाउँछन्। त्यसबाट रोजगारी बढ्छ। सरकारको राजस्व वृद्धि हुन्छ। यसबाट विकास निर्माणमा विदेशी अनुदान या ऋणमा भर पर्नुपर्ने अवस्थामा सुधार आउँछ। विदेशी सहयोग दीर्घकालीन नहुने भएकाले आत्मनिर्भरता बढाउन निजी क्षेत्रलाई आकर्षित गर्ने बाटोमा जानु उपयुक्त हुन्छ।

प्रेरक प्रसंग

कसरी बन्ने साधु ?

एकपटक एक साधुको आश्रममा एक गृहस्थ व्यक्ति पुगे। उनी घर-गृहस्थीको झन्झटबाट निकै हैरान भएका थिए। उनले साधुसित भने- साधु महाराज, म यो घर गृहस्थीको झन्झटबाट वाक्कदिक्क भइसकेँ। पत्नीसित मेरो पटकै कुरा मिल्दैन। छोराले मेरो कुरै सुन्दैन। छोरीको पारा पनि उस्तै छ। दिनदिनकै यो झन्झट झेल्नुभन्दा हजुरजस्तै साधु भएर सन्यास धारण गर्नु आनन्ददायक हुन्छ जस्तो लाग्यो र म हजुरको आश्रममा आइरहेको छु। अब हजुर मलाई हजुरले लगाउनेजस्तै गेरुवस्त्र दिनुहोस्। म पनि त्यो वस्त्र लगाएर हजुरजस्तै साधु बनेर बाँकी जीवन आनन्दसित बिताउन चाहन्छु।



गृहस्थको अनुरोध सुनेर साधु मुसुक्क मुस्कुराए। मन्द मुस्कानका साथ उनले भने- तपाईंको माग उचित हो। म पूरा गर्न तयार छु। तर, पहिले मेरो एउटा प्रश्नको जवाफ दिनुहोस् है ! के कुनै पुरुषको वस्त्र लगाएर कुनै स्त्री पुरुष बन्न सक्छिन् ? अनि के कुनै स्त्रीको वस्त्र लगाएर कुनै पुरुष स्त्री बन्न सक्छन् ? ती गृहस्थले जवाफ फर्काए- अहँ, यो सम्भव छैन। केवल एक-अर्काको वस्त्र लगाएकै भरमा कुनै पुरुष स्त्री र स्त्री पुरुष बन्न कसरी सम्भव हुन्छ ?

साधुले पुनः मन्द मुस्कानसाथ भने- ठिक भन्नुभयो तपाईंले। जसरी स्त्रीको वस्त्र लगाएर पुरुष स्त्री र पुरुषको वस्त्र लगाएर कुनै स्त्री पुरुष बन्न सम्भव छैन, ठिक त्यसैगरी एक साधुको वस्त्र लगाउँदैमा गृहस्थ साधु बन्न सक्दैन। त्यसका लागि सबैभन्दा पहिले आफ्नो स्वभाव परिवर्तन गर्नुपर्छ। त्यसैले, पहिले आफ्नो स्वभाव परिवर्तन गर्नुहोस्, त्यसपछि तपाईंलाई आफ्नो गृहस्थ जीवन पनि प्यारो लाग्न थाल्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

अध्यादेशमा सुधार गर

पछिल्लो समयमा सरकारले संसद्को हिउँदे अधिवेशन आह्वान हुनुपूर्व भटाभट ल्याएको अध्यादेशबारे बहस चलिरहेको छ। विधेयक अधिवेशनको मुखमा संसद् छलेर ल्याइएका अधिकांश अध्यादेशमा देश र जनताका हितविपरीतका गम्भीर प्रकृतिका कानुनी छिद्रसमेत घुसाइएका छन्। अध्यादेशमार्फत २० प्रतिशतभन्दा बढी लाभ लिन नपाइने कानुनी प्रावधान अन्त्य गरिएपछि सिमेन्टको भाउ कहाँ पुग्यो, सबैलाई थाहा छ। यो सरकारले ल्याएको सामाजिक सञ्जालसम्बन्धी विधेयकले गम्भीर फौजदारी अपराधमा भन्दा सामाजिक सञ्जालमा पोस्ट, लाइक, कमेन्ट र सेयर गर्नेलाई बढी सजाय दिने गरी कानुन ल्याएको छ। यस्ता सबै दुराशययुक्त अध्यादेशलाई तत्काल खारेज गरिनुपर्छ, समयसापेक्ष सुधार गरिनुपर्छ। त्यसमा सुधारको विकल्प छैन।

● **शोभिता छत्कुली**, गल्कोपाखा, काठमाडौं

आशा जगाउने समाचार

पर्यटनका लागि 'अफ सिजन' मानिने समयमा पनि हिमाली भेगको ट्रेकिङमा पर्यटकको उपस्थिति बाक्लिँदै गएको समाचारले पर्यटन क्षेत्रमा केही आशाको सञ्चार गराएको छ। कोभिड १९ पछि बिस्तारै लय समात्दै गरेको नेपाली पर्यटन क्षेत्रमा यस्ता समाचार आउँदा पनि उत्साह थपिँदो रहेछ। अब समाचारसँगै पर्यटन क्षेत्र पनि जुर्मुराउनु जरुरी छ। खासगरी पर्यटकलाई नयाँभन्दा नयाँ पर्यटकीय स्थानको खोजी गरी त्यहाँ भ्रमण गराउन सक्नु आजको मुख्य आवश्यकता हो।

● **पदम गौचन**
चिप्लेढुंगा, पोखरा

सदन बाझ्ने थलो हो ?

'संसद्मा पहिलो दिनमै बाझाबाझ' शीर्षकको समाचार पढेपछि केही लेख्न मन लाग्यो। संसद् देश र जनताका हितमा विभिन्न विषयमा रचनात्मक छलफल गरी समाधान निकाल्ने थलो हो। झन् अहिलेको विधेयक अधिवेशन भनिने हिउँदे अधिवेशनमा त सकभर बढीभन्दा बढी ऐन, कानुन निर्माणमा संसद् सक्रिय बन्नुपर्ने हो। तर, हाम्रो संसद्को पहिलो दिन विभिन्न दलका नेताबिच बाझाबाझ, नोकझोक चल्दैमा बित्यो। सांसदज्युहरू, के सदल बाझ्न् थलो हो ?

● **पूर्ण चन्द**
तुलसीपुर, दाङ

राजनीतिलाई व्यवसाय नबनाऊ

पछिल्लो समय नेताहरूले राजनीतिलाई व्यवसाय बनाएका कारण राजनीति सधैं अस्थिर बनेको छ। केन्द्रीय सरकार होस् या प्रदेश सरकार, सरकार बन्नका लागि मात्र बनेको छ भन्ने परेको छ, आमजनतामा। जनतामा नैराश्य बढेको छ र बढ्नु स्वाभाविक पनि हो। जनताले सिटामोलसम्म पाउँदैनन्, अनि निराश नभएर के गरून् ? सेवा-सुविधाजति नेता र तिनका आफन्तलाई छ, अनि जनता सधैं भोकै छन्। देशमा बहुदल आएको छ, नेताहरू एकदलीय शासन लाद्न खोज्दै छन्। आफ्नोबाहेक अरूको आवाज सुन्दैनन्। संसद्मा सांसदको आवाज नसुन्ने देशमा जनता कराएको कसले सुन्ने ? अचम्मको कुरा के छ भने बहुमतको सरकारलाई समेत दलहरूले पाँच वर्ष टिकाउन सकेनन्। जनताले नेताको विश्वास नगरेका होइनन्, नेताले नै विश्वासघात गरेपछि कसको के नै लाग्दो रहेछ र ? हरेकजसो दलको नेतृत्वमा सरकार बनेको छ, कसको नेतृत्वमा के नै फरक पऱ्यो र जनताले विश्वास गरून् तिनको ?

राजनीतिमा निष्ठा, इमानदारी, त्याग र समर्पण छैन, केवल 'म खाऊँ मै लाऊँ, सुखसयल वा मोज म गरूँ' भन्ने सोच बढेको छ। एकले अर्कालाई हिलो छ्यापाछ्याप गर्ने र आफ्नो कर्तव्यप्रति सचेत नबन्ने नेतृत्वका कारण देशमा राजनीति संकट बढेको छ। राजनीति आफैंमा एउटा असल नीति हुनुपर्नेमा यसलाई दुर्नीति बनाएको देख्दा अचम्म लाग्छ। कृपया राजनीतिलाई व्यवसाय नबनाऊ। राजनीतिलाई राजनीति नै रहन देऊ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

बन्दुक र बुल्डोजरको चपेटामा आदिवासी वन

खनिज दोहनमा निरन्तर राजनीतिक समर्थन, सरकारी अनुमोदन र व्यावसायिक खानी कम्पनीको संलग्नताले आगामी वर्षमा वनविनाश थप बढ्नेछ



देश / विदेश

● बुलबुल प्रकाश

भारतको आदिवासी क्षेत्र छत्तीसगढ ३० वर्षभन्दा बढी समयदेखि माओवादबाट प्रभावित नक्सलवादी र भारतीय सरकारबिचको हिंसात्मक संघर्षको केन्द्र रहँदै आएको छ। जसमा सन् २००० देखि ११ हजार ६ सयभन्दा बढी मानिसको ज्यान गइसकेको छ। नक्सलवादी सीमान्तकृत आदिवासी समुदायको अधिकारका लागि लडिरहेका छन्। तीव्र औद्योगिकीकरण, ठुलो मात्रामा खानी उत्खनन र पूर्वाधार परियोजनाले आदिवासीको भूमि र जीविकोपार्जनलाई जोखिममा पारिरहेको छ। करिब ४४ प्रतिशत छत्तीसगढको भूभाग घना जंगलले ढाकिएको छ, जहाँ महुवा र सालजस्ता महत्त्वपूर्ण वनस्पति पाइन्छन्। तर, गोलीबारी, विस्फोट र अन्य किसिमका भिडन्तले यो पारिस्थितिक प्रणालीलाई नष्ट गरिरहेको छ। रुख क्षतिग्रस्त छन्, जनावर मारिँदै छन् र भूमि कमजोर बन्दै गएको छ। आदिवासी अभियन्ता सोनी सोरीले साझा गरेका तस्बिरमा गोलीले बोक्रा च्यातिएको, विस्फोटले रुख धुजा-धुजा भएको र गोलीका छर्राले हाँगा छिन्नभिन्न भएका देखिन्छन्, जसले दीर्घकालीन क्षति पुऱ्याइरहेको छ।

महुवा र सालका रुखको विनाशले आदिवासी महिलामाथि गम्भीर असर परेको छ। 'जीवनको रुख' भनेर चिनिने महुवा स्थानीय बजारमा उपलब्ध हुने मदिरा बनाउन प्रयोग गरिन्छ, जसले महिलाका लागि महत्त्वपूर्ण आम्दानीको स्रोत प्रदान गर्छ। पुरुष नक्सलवादी आन्दोलनमा सामेल हुन्छन् वा सरकारी कारबाहीको चपेटामा पर्छन्। महिलाले महुवाबाट आम्दानी गरी परिवार पाल्ने, बालबालिकाको शिक्षामा लगानी गर्ने र ऋण तिर्ने गर्छन्। दक्षिणी छत्तीसगढको दन्तेवाडामा स्थानीयले महुवा रुखलाई सम्मान गर्दै विशेष समारोहमार्फत त्यससँग 'विवाह' गराउने परम्परा छ।

छत्तीसगढका जंगलको ठुलो हिस्सा ओगट्ने सालका रुखले माटोको स्थिरता कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्छन्। यिनको विनाशले भूक्षय बढाउँछ र बाढी तथा पहिरोको जोखिम वृद्धि गर्छ। जलवायु परिवर्तन र अनियमित वर्षाले यी जोखिम झन् गम्भीर बनेका छन्। महुवाजस्ता आवश्यक स्रोतको क्षतिले खाद्य असुरक्षा र आर्थिक संकटलाई बढाउँदै आदिवासी समुदायलाई थप गरिबीमा धकेल्नेछ। सन् २०२२ मा छत्तीसगढका आदिवासी परिवारको वार्षिक औसत आय मात्र ५३ हजार ६ सय १० (भारतीय) रुपैयाँ थियो, जुन राष्ट्रिय कृषि घरधुरीको औसत आम्दानी एक लाख २२ हजार ६ सय १६ रुपैयाँ भन्दा निकै कम हो। छत्तीसगढको द्वन्द्वले त्यस क्षेत्रका वन्यजन्तुलाई पनि गम्भीर असर पुऱ्याइरहेको छ। डिसेम्बरमा दन्तेवाडाका जंगलमा माओवादी विद्रोहीले राखेको विस्फोटक उपकरणले एक पोथी भालुको ज्यान लियो र यसका दुई बच्चा भोकै मरे। यो बस्तर जिल्लामा विस्फोटबाट जंगली जनावरको पहिलो दर्ज गरिएको मृत्यु थियो, यद्यपि विगतमा गाईवस्तु र घरपालुवा जनावर यस्तै आक्रमणको सिकार बनिसकेका छन्।

त्यसअघि मध्य छत्तीसगढको उदन्ती-सीतानदी टाइगर रिजर्वमा पाँच वर्षीय हात्तीको छावा शंकास्पद विस्फोटमा गम्भीर रूपमा घाइते भयो। यी घटनाले द्वन्द्वभित्रका डरलाग्दो प्रवृत्तिलाई उजागर गर्छन्, जहाँ वन्यजन्तु पनि हिंसाको सिकार बनिरहेका छन्। औद्योगीकरणले यी चुनौतीलाई थप गम्भीर बनाइरहेको छ। खनिज स्रोतले भरिपूर्ण छत्तीसगढले सन् २०२३ देखि २०२४ सम्म करिब पाँच करोड टन चुनापत्थर, चार करोड ४० लाख टन फलाम खानी र १० लाख



तस्बिर : देइतमार टेम्प्स/अलामी

टनभन्दा बढी बक्साइट उत्पादन गरेको छ। तर, व्यापक खानी उत्खननले वन उन्मूलन र वातावरणीय विनाशलाई थप प्रोत्साहन गरेको छ। सन् २००१ देखि २०२३ सम्म छत्तीसगढमा ५३ हजार पाँच सय हेक्टर जंगल नष्ट भयो, जसमा ठुलो मात्रामा खानी उत्खनन प्रमुख कारणमध्ये एक रह्यो। उत्तरी छत्तीसगढको हसदेव क्षेत्रमा रहेको 'पार्सा इस्ट केते बासेन' कोइला खानीले दुई चरणमा गरी करिब ८२ हजार रुख कटान गराएको छ। सन् २०१२ देखि २०१८ सम्म ५० हजार रुख ढालिएका थिए, जसपछि ३१ हजार आठ सयभन्दा बढी रुख पुनः काटिएका छन्।

खनिज दोहनमा निरन्तर राजनीतिक समर्थन, सरकारी अनुमोदन र व्यावसायिक खानी कम्पनीको संलग्नताले आगामी वर्षमा वन विनाश थप बढ्ने अनुमान गरिएको छ। यो वन उन्मूलनले अपेक्षाकृत रूपमा वन्यजन्तुमा गम्भीर असर पारिरहेको छ। राष्ट्रिय बाघ संरक्षण प्राधिकरणले सन् २०२२ मा गरेको पछिल्लो जनगणनाले छत्तीसगढको बाघको संख्यामा तीव्र र चिन्ताजनक गिरावट देखाएको थियो। सो समय राज्यभर मात्र १७ बाघ बाँकी थिए, जुन २०१४ मा रहेको ४६ को संख्याबाट नाटकीय रूपमा घटेको हो। संरक्षणविद्ले अहिले अवस्था झन् बिग्रँदै गएकाले यो संख्या अझ कम भएको हुन सक्ने चिन्ता व्यक्त गरेका छन्।

यो गिरावट मुख्य रूपमा वासस्थान विनाशका कारण भएको हो। तर, यसलाई छत्तीसगढको उत्तरी क्षेत्रको अचनकमार बाघ संरक्षण क्षेत्र र दक्षिण-पश्चिमी भागको इन्द्रावती बाघ संरक्षण क्षेत्रमा फैलिएको माओवादी विद्रोहले झन् गम्भीर बनाएको छ। यस विद्रोहले संरक्षण प्रयासलाई अवरुद्ध गरेको छ। जंगलमा विस्फोटक पदार्थको प्रयोगले बाघको व्यवहारमा अवरोध पुऱ्याउने मात्र नभई संरक्षणकर्मीलाई तिनको निगरानी र संरक्षण गर्न कठिन बनाइरहेको छ। कुनै समय हरियाली र जैविक विविधतामा भरिपूर्ण यो क्षेत्र तीव्र रूपमा उजाड बन्दै गएको छ। तर, छत्तीसगढका यी रुख र वन्यजन्तुको विनाश केवल प्राकृतिक स्रोतको समाप्ति मात्र नभई यसले आदिवासी समुदायको संस्कृति, पहिचान र जीवनशैलीको क्षयलाई पनि संकेत गर्छ।

(प्रकाश म्यानचेस्टर विश्वविद्यालयमा राजनीतिशास्त्रकी विद्यावारिधि अनुसन्धाता हुन्)
द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

गाजा 'खाली' गर्ने ट्रम्पको योजना कति व्यावहारिक ?

इजिप्ट, जोर्डन, संयुक्त राष्ट्र संघ र प्यालेस्टिनी नेतासहित इजरायलबाहिरका लगभग सबै देशले ट्रम्पको गाजा खाली गर्ने विचारको विरोध जनाएका छन्

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत आइतबार (जनवरी २६) गाजा 'खाली' गरेर त्यहाँ बसोवास गर्ने प्यालेस्टिनीलाई दुई छिमेकी देश इजिप्ट र जोर्डन सार्ने विचार सार्वजनिक गरे। ट्रम्पले सोमबार 'एयर फोर्स वन' विमानको यात्राका क्रममा पुनः यो भनाइ दोहोऱ्याए। उनलाई गाजाका बाँकी बासिन्दालाई कसरी सार्ने भन्नेबारे प्रश्न गरिएको थियो। जवाफमा उनले 'गाजाबाट प्यालेस्टिनीलाई त्यस्तो क्षेत्रमा बसोवास गराउन चाहेको र उनीहरू अवरोध, क्रान्ति वा हिंसाविना बाँच्न सक्ने' बताए। तर, इजिप्ट, जोर्डनलगायत कयौँ अन्तर्राष्ट्रिय समूहले भने यस विचारमा विरोध जनाएका छन्। युद्धपूर्व गाजामा २३ लाख जनसंख्या बसोवास गर्थे।

इजरायली सञ्चार माध्यमका अनुसार मध्यपूर्वका लागि अमेरिकाका विशेष दूत स्टिव विटकफले जनवरी २९ मा जेरुसेलममा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुसँग यस विचारबारे छलफल गरेका थिए। भेटमा विटकफले नेतन्याहुलाई इजरायल र हमासबिच भएको पछिल्लो युद्धविराम सम्झौताका तीन चरणमा आउन सक्ने सबैखालका राजनीतिक अवरोधलाई समाधान गर्न दबाब दिए। नेतन्याहु र विटकफबिचको भेटवार्तासम्बन्धी कुनै आधिकारिक विवरण सार्वजनिक गरिएको छैन। तथापि शीर्ष इजरायली अधिकारीले पछिच्यानल १३ न्युजलाई बताएअनुसार 'अमेरिकीहरूले यस विचारलाई बहसको विषय मात्र नबनाई कार्यान्वयन गर्ने गरी गम्भीर रहेको पाएको' बताए।

ट्रम्पले विश्वको भूगोल हेरफेर गर्ने इच्छा देखाएको यो पहिलोपटक होइन। गाजाबाट प्यालेस्टिनीलाई हटाउने टिप्पणी यस शृंखलाको पछिल्लो कडी मात्र हो। उनले यसअघि ग्रीनल्यान्डको भूभागलाई अमेरिकामा गाभ्ने, पानामा नहरमा पुनः अमेरिकी नियन्त्रण कायम गर्ने र 'मेक्सिको खाडी'को नाम बदलेर 'अमेरिका खाडी' राख्ने घोषणा गरेका थिए। यद्यपि, गाजामाथि इजरायलको १५ महिनादेखिको निरन्तर हवाई बमबारी र स्थल आक्रमणपछि (जसमा ४७ हजार ३५४ जना मारिए भने एक लाख ११ हजार ५६३ जना घाइते भए र झन्डै ६० प्रतिशत संरचना नष्ट भयो) आएको ट्रम्पको पछिल्लो विचारले भने उनका अन्य दाबीभन्दा फरक रूपमा प्रत्यक्ष मानवीय प्रभाव पार्नेछ।



● साइमन स्पिकम्यान कोर्डल

लेखक अल जजिरा इंग्लिसको डिजिटल संस्करणका वरिष्ठ समाचार निर्माता हुन्।



ट्रम्पको विचारको विश्वव्यापी विरोध

इजिप्ट, जोर्डन, संयुक्त राष्ट्र संघ र प्यालेस्टिनी नेतासहित इजरायलबाहिरका लगभग सबैले ट्रम्पको गाजा खाली गर्ने विचारमा विरोध जनाएका छन्। बुधबार इजिप्टका राष्ट्रपति अब्देल फताह अल-सिसीले एक पत्रकार सम्मेलनमा यस विषयमा बोले। 'प्यालेस्टिनीहरूको विस्थापनबारे अहिले जे भनिँदै छ ,त्यसलाई कहिल्यै स्विकारिने वा अनुमति दिइनेछैन। यसको प्रभाव इजिप्टको राष्ट्रिय सुरक्षामा पर्छ। त्यस्तै प्यालेस्टिनी जनताको निर्वासन वा विस्थापन एक अन्याय हो। यसमा हामी सहभागी हुन सक्दैनौं,' अल सिसीले पत्रकारसँग भने। अमेरिकी राष्ट्रपति ट्रम्पले इजिप्टका राष्ट्रपति अब्देल फताह अल सिसीसँग यस विषयमा छलफल भएको बताएका थिए। तर, इजिप्टको सरकारी सूचना सेवाले यसलाई गलत भनी खारेज गरेको छ।

गाजावासी स्थानान्तरणको अर्को गन्तव्य जोर्डनले पनि यस योजनाको निन्दा गरेको छ। जोर्डनका राजा अब्दुल्लाह द्वितीयले ब्रसेल्समा युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयन, युरोपेली संसद्का अध्यक्ष रोबर्टा मेत्सोला र युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्टासँगको भेटघाटका क्रममा प्यालेस्टिनीहरू आफ्नै भूमिमा रहन पाउनुपर्नेमा जोड दिए।

उता, प्यालेस्टिनी नेताहरूले पनि यो विचारलाई स्विकार्न नसकिने बताएका छन्। पश्चिम किनारामा शासन गर्दै आएको 'प्यालेस्टिनी प्राधिकरण'का नेता महमुद अब्बासले गाजाका नागरिकलाई सो क्षेत्रबाहिर विस्थापित गर्ने उद्देश्यले गरिएको 'कुनै पनि परियोजना'को निन्दा गरिने बताए। गाजा क्षेत्रमा वास्तविक शक्ति अभ्यास गर्ने समूह हमासका नेताले एएफपीसँग कुरा गर्दै प्यालेस्टिनीहरूले 'त्यस्ता परियोजनालाई विफल पार्ने' बताए। 'दशकौंदेखि यस्तै खालको प्यालेस्टिनीहरूको विस्थापन र वैकल्पिक मातृभूमिहरू घोषणाको' प्रयास भएको र पहिलेजस्तै अहिले पनि यो योजना असफल हुने हमासको दाबी छ।

सन् १९९० को दशकमा हस्ताक्षर भएको 'ओस्लो सम्झौता'मा उल्लिखित दुई-राज्य समाधानको समर्थन गर्दै आएको संयुक्त राष्ट्र संघले पनि प्यालेस्टिनीलाई छिमेकी राज्यमा सार्ने धारणाविरुद्ध कडा प्रतिक्रिया दिएको छ। जनवरी २७ मा एक पत्रकार सम्मेलनका क्रममा, संयुक्त राष्ट्र संघका प्रवक्ता स्टेफेन दुजारीले ट्रम्पको योजनालाई स्विकार्न नसकिने बताए। ' हामी मानिसलाई जबर्जस्ती विस्थापन गर्ने वा कुनै पनि प्रकारको जातीय सफायाको योजनाको विरुद्ध उभिनेछौं,' दुजारीले भने।

यस मुद्दामा प्रत्यक्ष रूपमा जोडिएका पक्षबाहेक अन्य राज्यले पनि गाजाको जनसंख्या स्थानान्तरण गर्ने ट्रम्पको योजनाको आलोचना गरेका छन्। यसमा जर्मनी पनि समावेश छ। त्यहाँका चान्सलर ओलाफ स्कोल्जले यो सुझाब 'अस्वीकार्य' भनेर खारेज गरेका छन्। फ्रान्सेली विदेशमन्त्री जिन-नोएल ब्यारोटले पनि यो विचार कार्यान्वयन गर्न नसकिने भन्दै खारेज गरे। मंगलबार फ्रान्सको संसद्मा बोल्ने क्रममा ब्यारोटले अमेरिकी राष्ट्रपतिको यस सुझाव 'पूर्ण रूपमा अस्वीकार्य' रहेको बताए। स्वतन्त्र प्यालेस्टाइन राज्यलाई मान्यता दिने युरोपेली संघभित्रका दुई देशमध्ये एक स्पेनका विदेशमन्त्री जोसे म्यानुअल अल्बारेसले 'गाजा त्यहाँ बसोवास गर्ने प्यालेस्टिनीहरूको' भएको बताए। अरब लिगले विरोधमा सोमबार (जनवरी २७) एक विज्ञप्ति जारी गर्दै भन्यो, 'मानिसहरूलाई उनीहरूको भूमिबाट जबर्जस्ती विस्थापन गर्ने कार्यलाई जातीय सफाया मात्र भन्न सकिन्छ।'

> ट्रम्पले गाजामा बसोवास गर्ने प्यालेस्टिनी जनसंख्यालाई छिमेकी इजिप्ट र जोर्डनमा स्थानान्तरण गर्ने योजना अघि सारेका छन्। उनको योजना अन्तर्राष्ट्रिय कानुनविपरीत भए पनि अमेरिकी शक्तिका अगाडि विश्वले केही गर्न सक्ने अवस्था छैन।

इजरायलभित्रका दक्षिणपन्थी राजनीतिज्ञले ट्रम्पको विचारको बलियो समर्थन गरेका छन्।। गाजाबाट प्यालेस्टिनीहरूलाई हटाउने र त्यहाँ इजरायलीको बसोवास बसाउने विचारको आमइजरायलीले समर्थन गरेका छन्। सन् २००५ मा गाजामा रहेका अवैध इजरायली बस्ती हटाइएदेखि नै यो विषय इजरायलीको ठुलो हिस्सामा लोकप्रिय छ। अक्टोबर ७, २०२३ मा हमासले गाजाबाट दक्षिणी इजरायलमा आक्रमण गरेपछि यस विचारले इजरायलमा पुनः महत्त्व पायो। जनवरी २०२४ मा जेरुसेलममा आयोजित 'सेटलमेन्ट ब्रिंग्स सेक्युरिटी' (बलजफ्ती आवासले सुरक्षा ल्याउँछ) शीर्षकको सम्मेलनमा १२ जना क्याबिनेट मन्त्रीहरू सहभागी भएका थिए। उग्र यहुदीका रूपमा पहिचान बनाएका अर्थमन्त्री बेजालेल स्मोट्रिच र उग्र दक्षिणपन्थी पूर्वराष्ट्रिय सुरक्षामन्त्री इटामार बेन-गभिर पनि सम्मेलनमा सहभागी थिए। दुवै शीर्ष मन्त्रीले गाजाबाट प्यालेस्टिनीहरूको 'स्वेच्छिक' विस्थापन र इजरायलीको पुनर्वासको छलफलमा भाग लिए।

अहिले अन्य दक्षिणपन्थी मन्त्रीहरूसँगै बेन गभिर र स्मोट्रिचले प्यालेस्टिनीहरूलाई छिमेकी राज्यमा सार्ने ट्रम्पको विचारको स्वागत गरेका छन्। स्मोट्रिचले सोमबार पत्रकारसँगको कुराकानीमा उनले ट्रम्पको विचारलाई व्यवहारमा उतार्न सकिने इजरायली नीतिमा परिणत गर्न 'कार्यगत योजना'मा काम गरिरहेको बताए। प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले भने हालसम्म ट्रम्पको सुझाबमाथि सार्वजनिक टिप्पणी गरेका छैनन्। यद्यपि, धेरै पर्यवेक्षकले ह्वाइट हाउसले उनलाई अमेरिका भ्रमणका लागि दिएको निमन्त्रणालाई (जो ट्रम्पको शासनमा पहिलो भ्रमण गर्ने पहिलो अन्तर्राष्ट्रिय नेता हुदै छन्) ट्रम्पको इजरायलप्रतिको बलियो समर्थनको रूपमा व्याख्या गरेका छन्।

ट्रम्पको योजना कानुनसम्मत छ ?

ट्रम्पको योजना अन्तर्राष्ट्रिय कानुनअनुरूप छैन। 'गाजाबाट प्यालेस्टिनीलाई छिमेकी राज्यमा स्थानान्तरण गर्ने प्रस्तावमा जबर्जस्ती विस्थापनको गन्ध आउँछ। यसले अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लंघन गर्नेछ,' डब्लिनमा रहेको ट्रिनिटी कलेजका अन्तर्राष्ट्रिय मानव अधिकार कानुनका प्राध्यापक तथा अन्तर्राष्ट्रिय न्यायालयमा काम गरेका माइकल बेकरले भने। बेकरका अनुसार यदि ट्रम्पको सुझाब कार्यान्वयन गरियो भने त्यसले इजरायललाई गाजा गाभ्ने आधार तयार पारिदिनेछ, जुन 'बल प्रयोग गरेर भूमि अधिग्रहणको आधारभूत कानुनी निषेधको उल्लंघन' हुनेछ।

'अन्तर्राष्ट्रिय अदालतहरूको नियमअनुसार जनसंख्या स्थानान्तरण जबर्जस्ती थियो कि थिएन भन्नलाई मानिससँग यस विषयमा वास्तविक विकल्प दिइएको थियो कि थिएन भन्ने कुरामा निर्भर गर्दछ। यस हिसाबले केही प्यालेस्टिनीले स्थानान्तरणमा सहमति जनाए भने पनि उनीहरूको विस्थापन वैध हुनेछैन,' बेकरले भने।

गाजावासीको स्थानान्तरण अन्तर्राष्ट्रिय मानवीय कानुनअनुरूप गैरकानुनी हुने अवस्थामा पनि त्यस्तो कार्य नरोकिन सक्छ। अमेरिका विश्वको सबैभन्दा शक्तिशाली राज्य हो। अन्तर्राष्ट्रिय समुदाय व्यापार र कयौँ अवस्थामा रक्षाका लागि उसमाथि निर्भर छ। ट्रम्पको टिप्पणीको आलोचना गरेको संयुक्त राष्ट्र संघले आफ्नो वार्षिक बजेटको २२ प्रतिशत (यसमा शान्ति स्थापनाको लागत समावेश छैन) वासिंगटनबाट प्राप्त गर्छ। 'यदि अमेरिका विश्वको सबैभन्दा शक्तिशाली राज्य थिएन भने पनि कसैले अन्तर्राष्ट्रिय कानुन उल्लंघन गर्न लाग्दा रोक्ने कुनै संयन्त्र छैन,' अक्सफोर्ड स्कुल फर ग्लोबल एन्ड एरिया स्टडिज'की लीला अलिभाले भनिन्। यसै सन्दर्भमा उनले युक्रेनमा रुसी कारबाही रोक्न संयुक्त राष्ट्र संघ र अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) दुवै असफल भएको औंल्याउँदै भनिन्। अलिभाका अनुसार अभूतपूर्व जनसमर्थनले मात्र यस्तो कार्यलाई रोक्न सक्थ्यो। तर, अहिलेको स्थितिमा युरोपभित्र केवल तीन राज्य आयरल्यान्ड, स्पेन र नर्वेले मात्र प्यालेस्टाइनलाई मान्यता दिन्छन्। यसले गर्दा ट्रम्पले ठुलो प्रतिरोध सामना गर्ने अवस्था छैन।

अल जजिराबाट

इतिहासमा आज



सन् १६५३ : डच औपनिवेशिक शक्तिले उत्तर अमेरिकी भूमिमा न्यु आर्मस्टरडम नामक सहर बसाले। हाल यो न्युयोर्क नामले विश्वकै प्रभावशाली सहरमा गनिन्छ।

सन् १७४२ : विश्वका पहिलो प्रधानमन्त्री रोबर्ट वालपोलले २१ वर्ष लामो शासनपछि राजीनामा दिए।

सन् १९३३ : नाजी जर्मनीमा हिटलरपछिका दोस्रो शक्तिशाली नेता हर्मन गोएरिङले देशभर कम्युनिस्टहरूको भेला तथा प्रदर्शनीमा प्रतिबन्ध लगाए।

सन् १९५४ : अमेरिकी राष्ट्रपति आइजनहावरले विश्वको पहिलो हाइड्रोजन बमको प्रयोग सम्पन्न भएको सार्वजनिक गरे।

सन् १९५८ : सिरिया र इजिप्ट जोडेर संयुक्त अरब गणतन्त्र नामक राज्यको स्थापना गरे।

सन् १९७१ : युगान्डाका सैनिक जनरल इदी अमिनले कुमार्फत सत्ताकब्जामा लिएर आफूलाई राष्ट्रपति घोषणा गरे।

सन् १९७२ : तीन दिनअघि नर्दन आयरल्यान्डमा ब्रिटिस सैनिकले १३ जनालाई गोली हानी हत्या गरेपछि (जुन घटनालाई 'ब्लडी सनडे'को नामले चिनिन्छ।) अक्रोशित प्रदर्शनकारीले छिमेकी गणतन्त्र आयरल्यान्डको राजधानीस्थित ब्रिटिस दूतावास जलाएर खरानी बनाइदिए।

सन् १९९३ : भ्याक्लाभ ह्याभेल स्लोभाकियाबाट अलग्गिएपछिको स्वतन्त्र चेक गणतन्त्रको पहिलो राष्ट्रपति बने।

सन् २०२१ : पिट बुटिगिग अमेरिकी इतिहासको पहिलो खुला रूपमा समलिंगी क्याबिनेट मन्त्री (सेक्रेटरी) बने, उनले यातायात विभाग सम्हालेका थिए।

सन् २०२२ : तालिबानको शासन सुरु भएपछि बिग्रिएको आर्थिक स्थितिका कारण झन्डै १० लाख अफगानी पश्चिमी छिमेकी इरान छिरेको तथ्यांक सार्वजनिक गऱ्यो।

विश्व संक्षेप

जर्मनीका पूर्वराष्ट्रपति कोहलरको निधन

बर्लिन/ जर्मनीका पूर्वराष्ट्रपति होर्स्ट कोहलरको निधन भएको छ। उनी ८१ वर्षका थिए। कोहलरको बर्लिनस्थित आफ्नै निवासमा शनिबार निधन भएको उनको पारिवारिक स्रोतले पुष्टि गरेको छ। उनी विभिन्न रोगबाट पीडित थिए। प्रशिक्षित अर्थशास्त्री कोहलर पहिलो जर्मन राष्ट्रपति हुन्। 'होर्स्ट कोहलरको निधनसँगै हामीले ठुलो प्रेरणाको स्रोत, अत्यन्त सम्मानित र लोकप्रिय व्यक्ति गुमाएका छौं,' राष्ट्रपति फ्रान्क वाल्टर स्टेनमेयरले कोहलरकी विधवालाई पठाएको शोक सन्देशमा उल्लेख छ। जर्मन चान्सलर ओलाफ स्कोल्जले कोहलरलाई आफ्नो जीवनभर निष्पक्ष विश्वका लागि काम गरेका 'प्रतिबद्ध राजनीतिज्ञ'को संज्ञा दिएका छन्। स्टेनमियरले आफू निर्वाचित हुँदा कोहलर पछिल्लो पुस्ताको नागरिकमाझ 'लगभग अज्ञात' रहेको तर चाँडै नै 'धेरै मान्यता र सहानुभूति' प्राप्त गरेको बताए।

७७ देशका ११८ प्रतिनिधिले गरे महाकुम्भ मेलाको भ्रमण

प्रयागराज/ सतहत्तर देशका नियोग प्रमुख र कूटनीतिज्ञसहित ११८ सदस्यीय प्रतिनिधिमण्डलले महाकुम्भको भ्रमण गरेका छन्। शनिबार प्रयागराजमा उनीहरूले भ्रमण गरेका हुन्। यसअघि परराष्ट्र मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले विदेशी कूटनीतिज्ञले फेब्रुअरी १ मा हुने महाकुम्भ मेलाको भ्रमण गर्ने बताएका थिए। यसैबिच, मौनी अमावस्याका अवसरमा चलिरहेको महाकुम्भमा भएको भागदौडको छानबिन गर्न गठित तीन सदस्यीय न्यायिक आयोगले शुक्रबार प्रयागराजस्थित स्वरूप रानी नेहरू अस्पतालको निरीक्षण गरेको छ। संगममा बुधबार बिहान भएको दुःखद घटनामा कम्तीमा ३० जनाको मृत्यु र ६० जना घाइते भएका थिए। यस सम्बन्धमा जारी सूचनामा आयोगलाई भागदौडको कारण र परिस्थितिबारे अध्ययन गरी भविष्यमा यस्ता घटना हुन नदिन सुझाव दिने जिम्मा दिइएको छ।

आयोग गठन भएको एक महिनाभित्र छानबिन प्रतिवेदन बुझाउनुपर्छ। उत्तर प्रदेश सूचना विभागका अनुसार महाकुम्भमा २९ करोड ६४ लाखभन्दा बढी भक्तले पवित्र संगममा स्नान गरेका छन्। महाकुम्भ मेला हिन्दु पौराणिक कथामा आधारित छ। यो विश्वको सबैभन्दा ठुलो सार्वजनिक जमघट हो। महाकुम्भ वेबसाइटका अनुसार मण्डलीमा मुख्यतया तपस्वी, सन्त, साधु, साध्वी, कल्पवासी र जीवनका सबै क्षेत्रका तीर्थयात्री सामेल छन्।

हमासले गऱ्यो तीन इजरायली बन्धक रिहा

जेरुसेलम/ हमासले इजरायल रक्षा बल (आइडिएफ)का थप तीन इजरायली बन्धक रिहा गरेको छ। इजरायल र हमासबिच भएको शान्ति सम्झौताअनुरूप शनिबार थप तीनजनालाई रिहा गरिएको हो। रिहा हुनेमा ५४ वर्षीय इजरायली मूलका फ्रान्सेली नागरिक ओफर काल्डेरोन, इजरायली मूलका अमेरिकी नागरिक किथ सिगेल (६५ वर्षीय) र ३५ वर्षीय इजरायली नागरिक यार्डन छन्।

सिगेललाई हमासले गाजा सहरको रेडक्रसलाई हस्तान्तरण गरेको थियो भने अन्य दुई बन्धकलाई दक्षिणी गाजापट्टीको खान युनिसमा रिहा गरेको छ। इजरायली सेनालाई स्थानान्तरण गरिसकेपछि तीनजना बन्धकलाई गाजा सीमानजिकैको आइडिएफको रिम बेसमा लगिएको थियो, जहाँ उनीहरूले परिवारका सदस्यलाई भेटेका छन्।

युद्धविराम सम्झौताअनुसार इजरायलले त्यसको बदलामा १८३ जना प्यालेस्टिनी बन्दीलाई छाडेको छ। बिबिसीका अनुसार इजरायलले छाडेका १०० भन्दा धेरै प्यालेस्टिनी बन्दीहरू गाजाका छन्। उनीहरूमध्ये करिब ७० जना आजीवन कारावास सजाय तोकिएका व्यक्ति रहेको बताइएको छ।



यसैबिच प्यालेस्टिनी नागरिकलाई जबर्जस्ती विस्थापन गर्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रस्ताव अरब राष्ट्रहरूले अस्वीकार गरेका छन्। इजिप्ट, जोर्डन, संयुक्त अरब इमिरेट्स (युएई), साउदी अरब र कतारका उच्च कूटनीतिज्ञले शनिबार कायरोमा भएको एक बैठकमा उक्त प्रस्ताव अस्वीकार गरेका हुन्।

ट्रम्पले प्यालेस्टिनीलाई गाजापट्टीबाट इजिप्ट र जोर्डनमा स्थानान्तरण गर्ने विचार अघि सारेपछि यो बैठक भएको हो। विदेशमन्त्रीहरूले 'नयाँ बस्ती बसाल्ने, प्यालेस्टिनी समुदायलाई निष्कासन गर्ने, घर भत्काउने, कब्जा गर्ने, विस्थापन गर्ने, प्रोत्साहित स्थानान्तरण वा प्यालेस्टिनीलाई उनीहरूको भूमिबाट जबर्जस्ती हटाउनेजस्तो प्यालेस्टिनी नागरिकको 'अविभाज्य अधिकारको उल्लंघन' अस्वीकार गरेका छन्।

इजिप्ट र जोर्डन दुवैले गाजापट्टीलाई 'सफा' गर्ने ट्रम्पको प्रस्तावलाई बारम्बार अस्वीकार गर्दै आएका छन्। इजिप्टका राष्ट्रपति अब्देल फतह अल सिसीले प्यालेस्टिनी जनतालाई उनीहरूको भूमिबाट विस्थापन गर्नु अन्याय भएको र यसमा आफूहरू सहभागी हुन नसक्ने बताएका छन्। अरब विदेशमन्त्रीहरूले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनसँग मिलेर मध्यपूर्वमा न्यायपूर्ण र बृहत् शान्ति स्थापनाका लागि काम गर्न आफूहरू आतुर रहेको बताएका छन्।

निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१/१०/२० गते)

तपसिलमा उल्लेखित यस बैंकका खातावालाहरुको मृत्यु भएको भनि सम्बन्धित खातावालाको हकवालाले बैंकसमक्ष निवेदन पेश गरी मृतक व्यक्तिको खातामा रहेको रकमका सम्बन्धमा आवश्यक कागजात सहित यस बैंकको शाखा कार्यालयमा निवेदन दिनुभ एको हुदाँ, उक्त खातावालाको नाममा रहेको निक्षेपउपर बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम उल्लेखित व्यक्ति वाहेक अन्य कोही कसैको हकलाग्ने भएमा त्यस्ता हकवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण सम्बन्धित शाखा कार्यालयमा हकदावी गर्न आउनुहोला भनि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

क्र. सं.	मृतक खातावालको नाम	ठेगाना	खाता नं.	शाखा कार्यालय	मृत्यु भएको मिति	हकदावी गर्नेको नाम (नाता)
०१.	**मान सिंह धामी** बाबु: रतन सिंह धामी बाजे: हरुवा धामी पत्नी: कलापती धामी	बैतडी जिल्ला, डिलासैनी गा.पा वडा नं ०७, खेतागाउँ	०८८००३६२३७९००००१	डिलासैनी	२०८१/०८/०८	कलापती धामी (पत्नी)
०२.	**छविलाल खत्री** बाबु: मोतीलाल खत्री बाजे: तिखु खत्री पत्नी: पुनी खत्री	दाङ जिल्ला, बबई गाँउपालिका वडा नं ०७ (साबिक: पञ्चकुले गा.वि.स वडा नं. ०८, दाङ)	१५२०१०४७९०६००००२	हापुरे	२०८१/०१/३१	पुनी खत्री (पत्नी)
०३.	**खदेरु लोध** बाबु: भरोसा लोध बाजे: ठाकुर लोध पत्नी: औतारी लोध	रुपन्देही जिल्ला, साबिकको बलरामपुर -०१,रुपन्देही हाल को लुम्बिनी सौस्कृतिक न.पा., वडा नं १३ सुकौली ,रुपन्देही	२०३०२०५५४८१००००१	लुम्बिनी	२०८०/१०/०३	शिव कुमार लोध (छोरीको छोरा)
०४.	**मुक्त प्रसाद धमाला** बाबु: मोतीराम धमाला बाजे: बालाराम धमाला पत्नी: रङ्गी देवी धमाला	अछ्यामजिल्ला, कुईका म./उप.म.न.पा./न.पा./गा.पा, वडा नं ०६ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, बर्दगोंरिया म./उप.म.न.पा./न.पा./गा.पा, वडा नं ०२	१६२००८७६६९२००००१ र १६२००८७६६९२००००२	लम्की	२०८१/०८/२१	रङ्गी देवी धमाला (पत्नी)
०५.	**राधा मैया श्रेष्ठ** बाबु: इन्द्र लाल श्रेष्ठ ससुरा: सनमान श्रेष्ठ पति: कृष्ण बहादुर श्रेष्ठ	बारा जिल्ला, निजगढ न.पा. वडा नं ९	०३४००१८४८०१००००१	निजगढ , बारा	२०८०/१०/०२	खडक बहादुर श्रेष्ठ (छोरा)
०६.	**लाल बहादुर याखा** बाबु: धन बहादुर याखा बाजे: पुरुनध्वज याखा	तेह्रथुम जिल्ला लालीगुँरास नगरपालिका वंडा नं ०२, वसन्तपुर	२५७०१७३७१५१००००१	वसन्तपुर- तेह्रथुम	२०८१/०४/१५	नेत कुमार याखा (छोरा)
०७.	**महेन्द्र मणी नेपाल** बाबु: श्री कृष्ण प्रसाद नेपाल बाजे: श्री पदमानभ नेपाल पत्नी: शान्ति श्रेष्ठ नेपाल	काठमाडौ जिल्ला, काठमाडौ म.न.पा. वडा नं ३० (हाल सोही ठाउं वसोवास गर्ने)	१२९००६३५२५४००००१ र २०४०२०३६४५१००००१	लालदरवार र बागबजार	२०८०/११/०५	शान्ति श्रेष्ठ नेपाल (पत्नी)
०८.	**विष्णु बहादुर भण्डारी** बाबु: श्री पहलमान भण्डारी बाजे: श्री कालु सिंह भण्डारी पत्नी: भिमा देवी भण्डारी	दाङ जिल्ला, गंगापरस्पुर गा.वि.स. वडा नं ०१, (हाल गढवा गा.पा. वडा नं. ०५, बाँकी)	१४९००९२०१४७००००१	गढवा	२०७६/०४/१८	श्री लिला बहादुर सिंह ठकुरी (साझेदार)
०९.	**लिला श्रेष्ठ** बाबु: श्री हरि गोपाल श्रेष्ठ बाजे: श्री चन्द्रमान श्रेष्ठ पति: दिल कुमार श्रेष्ठ	चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं ११, (हाल: भरतपुर महानगरपालिका वडा नं १२)	१२३०३०६०३१९००००१	हाकिमचोक	२०८१/०८/१२	दिल कुमार श्रेष्ठ (पति)
१०.	**लक्ष्मी नेपाल** बाबु: शिरोमणी दाहाल बाजे: मुक्ति नाथ दाहाल पति: पुरुषोतम नेपाल	काभ्रेपलान्चोक जिल्ला, मण्डनदेउपुर नगरपालिका वडा नं ९ (साबिक: महादेवस्थान गा वि स वडा नं ०३)	१५९००६५७१३१००००१	कुन्तावेशी	२०८१/०५/०३	कासीनाथ नेपाल (छोरा)
११.	**असपारी राना थारु** बाबु: राजा राम राना थारु बाजे: मित्रिराज राना पत्नी: मनि देवी राना थारु	कैलाली जिल्ला, धनगढी उ.प.न.पा वडा नं ०७	०७६०१११४६९२००००१	क्याम्पसचोक	२०८१/०७/२२	मनि देवी राना थारु (पत्नी)
१२.	**मङ्गल लाल वैद्य** बाबु: विष्णु लाल वैद्य बाजे: श्री कृष्ण मान वैद्य	काठमाडौ जिल्ला का.म.न.पा. वडा नं १०	००१०००८८१६००००१	पुतलीसडक	२०८०/०२/३०	न्हुच्छेमाया वैद्य (पत्नी)
१३.	**हरी नारायण अग्रवाल** बाबु: श्री रामेश्वर लाल अग्रवाल पत्नी: श्यामलता अग्रवाल	विराटनगर महानगरपालीका वडा नं. ०२ स्थायी वसोवास भई हाल विराटनगर महानगरपालीका वडा नं. ०२	००२०००२८८२१००००१	विराटनगर	२०८१/०९/१२	श्यामलता अग्रवाल (पत्नी)
१४.	**बम्बु मिजार** बाबु: कान्छो मिजार बाजे: काले मिजार पत्नी: सुमित्रा मिजार	काठमाडौं जिल्ला, तारकेश्वर न.पा वडा नं ०७ (साबिक: फुटुङचौर गा.वि.स वडा नं. ०९, काठमाडौं)	१८२०१३१२२८९००००१	फुटुङ	२०८१/०८/२८	सुमित्रा मिजार (पत्नी)

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार २० माघ ०८१

निजगढ विमानस्थलमा अन्योल कायमै

सरकारले विमानस्थलले ओगट्ने क्षेत्रको 'चार किल्ला' घोषणा गर्नै सकेन

नवीन अर्याल/नयाँ पत्रिका

२५ पुसमा बसेको संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्यलाई शीघ्र अगाडि बढाउन सरकारलाई निर्देशन दियो। राष्ट्रिय महत्त्व, सुरक्षा र आर्थिक विकासका दृष्टिकोणबाट निजगढ अन्तर्राष्ट्रिय विमानस्थल महत्त्वपूर्ण रहेको समितिका संसद्हरूको ठहर छ। तर, समितिले निर्देशन दिएको एक महिना पुग्नै लाग्दा निजगढ अघि बढाउने विषयमा कुनै प्रगति भएको छैन।

निजगढमा पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल बनाउने सम्बन्धमा सबै राजनीतिक दल र नेतृत्व एकमत छन्। सरकारका हरेक नेतृत्वले निजगढ अगाडि बढाउने प्रतिबद्धता जनाउँदै आइरहेका छन्। जहाँ पर्यटनको बहस चल्छ, त्यहाँ निजगढ बनाउने चर्चा चल्छ। बर्सेनि १०-१५ प्रतिशतका दरले बढिरहेका हवाई यात्रु व्यवस्थापन गर्न र पर्यटन विकासका लागि निजगढ नभई नहुने विज्ञहरूको तर्क छ।

तर, जतिसुकै चर्चा र बहस भए पनि निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण अगाडि बढ्न सकेको छैन। सरकारले अहिलेसम्म विमानस्थलले ओगट्ने ठाउँको चार किल्ला घोषणा गर्न सकेको छैन। जबकि, मन्त्रिपरिषद्बाट निर्णय गरेर गठन गरिएको १० जना विज्ञको समूहले २ असोज ०७९ मै तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई अध्ययन प्रतिवेदन बुझ्दै 'निजगढ क्षेत्रमै पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल बनाउन उपयुक्त' रहेको सुझाव दिएको थियो। विज्ञ समूहको प्रतिवेदन स्वीकृत गर्न नै सरकारले एक वर्ष लगायो।

सरकारले प्रस्तावित विमानस्थलको चार किल्ला घोषणा नगर्दासम्म कुनै काम अगाडि बढाउन नसकिएको नेपाल नागरिक उड्डयन प्राधिकरण (क्याज)अन्तर्गतको राष्ट्रिय गौरवका आयोजना निर्देशक चाँदमाला श्रेष्ठले बताइन्। 'सबैभन्दा पहिला यो विमानस्थल क्षेत्र भनेर औपचारिक रूपमा छुट्टिनुपऱ्यो,' उनले भनिन्, 'मन्त्रिपरिषद्बाट चार किल्ला स्वीकृत भएर राजपत्रमा प्रकाशित भएपछि मात्र विमानस्थल निर्माण अगाडि बढाउन बाटो खुल्छ।'

विज्ञ समूहको सुझावबमोजिम क्यानले आफ्नो तर्फबाट विमानस्थलले ओगट्ने चार किल्ला छुट्याएर अनुमोदनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाइसकेको छ। मन्त्रालयले चार किल्ला छुट्याउने प्रस्ताव स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गर्नुपर्छ। तर, अहिलेसम्म तालुकदार मन्त्रालयबाट चार किल्ला छुट्याउने प्रस्ताव मन्त्रिपरिषद्मा पेस हुन नसकेको मन्त्रालय स्रोत बताउँछ। चार किल्ला घोषणा भएपछि विमानस्थल क्षेत्रलाई तारबार गर्ने, वातावरणीय प्रभाव मूल्यांकन (इआइए) गर्ने, साइट सम्याउनेलगायत विमानस्थल निर्माणको पूर्वतयारीका काम सुरु हुनेछन्।



निर्माण र सञ्चालनको मोडालिटी नटुंगिँदा अलमल

● **राकृष्ण लामिछाने**, प्रवक्ता, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय



निजगढ अघि बढाउनुपर्छ भन्नेमा कसैको विमति छैन। सरकारले उच्च प्राथमिकतामा राखेको परियोजना हो। तर, लगानी, निर्माण तथा सञ्चालनको मोडालिटी तय नहुँदा यो अघि बढ्न सकेको छैन। लगानी सरकारले गर्ने कि ? निजी वा विदेशीको हुने ? सञ्चालन सरकारले नै गर्ने कि निजी वा विदेशीले गर्ने ? भन्नेलगायत विषय अझै टुंगोमा पुगेको छैन। त्यसैले यो आयोजना अलमलमा परेको हो। यो ठुलो परियोजना हो, लगानी पनि ठुलो लाग्छ। मोडालिटी नटुंगिएकै कारण चार किल्ला छुट्याउन पनि ढिलाइ भइरहेको हुन सक्छ। यद्यपि, यो परियोजना मन्त्रालयको उच्च प्राथमिकतामा छ।

निजगढ निर्माण अगाडि बढ्न नसक्नुको अर्को कारण हो, लगानी सुनिश्चितता नहुनु। अहिलेसम्म सरकारले विमानस्थल निर्माण र सञ्चालनको मोडालिटी तयार गर्न सकेको छैन। विमानस्थल आफ्नै लगानीमा बनाउने कि विदेशी लगानीकर्ता खोज्ने ? कस्तो मोडालिटी निर्माण तथा सञ्चालन गर्ने ? सरकार फेरिएपिच्छे झन्-झन् अन्योल बढ्दै गइरहेको देखिन्छ। निजगढको मोडालिटी बनाउने र लगानी जुटाउने जिम्मेवारी पाएको लगानी बोर्ड पनि अलमलमै छ।

'निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बनाउनेमा सबै सहमत हुनुहुन्छ, तर कसरी कुन मोडालिटीमा बनाउने भन्नेमा अन्योल देखिन्छ,' श्रेष्ठले भनिन्, 'यति ठूलो विमानस्थल बनाउन लगानी पनि ठूलो चाहिन्छ, अझै लगानीको टुंगो लाग्न नसकेका कारण पनि पूर्वतयारीका काम पनि अगाडि बढ्न सकेका छैनन्।'

विज्ञका अनुसार ठुलो लगानीको निजगढ विमानस्थल निर्माण स्वदेशी लगानीमा सम्भव देखिँदैन। अब लगानीको सुनिश्चितता नगरी प्रोजेक्टको काम अगाडि बढ्न नसक्ने मन्त्रालय स्रोत बताउँछ। निजगढ बनाउन विदेशी लगानीकर्ताको पनि चासो देखिँदै आएको छ। तर, धेरैले निजगढ बनाउन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अप्रेसन बन्डलिङ गरेर दिनुपर्ने सर्त राख्दै आएको बताइन्छ। १५ र १६ वैशाख ०८१ मा काठमाडौंमा आयोजित लगानी सम्मेलनमा जापानको रेसुना बैंकले निजगढ विमानस्थल निर्माणमा चासो राखेको थियो। तर, उसको प्रस्तावमा पनि त्रिभुवन विमानस्थल सञ्चालन र निजगढ निर्माण बन्डलिङ गरेर दिनुपर्ने आशय रहेको बताइन्छ। त्रिभुवन विमानस्थल नाफामा सञ्चालन भइरहेको हुँदा धेरै लगानीकर्ताले आँखा लगाइरहेको देखिन्छ।

त्रिभुवन, गौतम बुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन र निजगढ विमानस्थल निर्माणमा भारतको अदानी ग्रुपले पनि चासो देखाउँदै आइरहेको छ। यसअघि गठित विज्ञहरूको समितिले पनि गौतम बुद्ध र पोखरा विमानस्थल सञ्चालनसहित निजगढ निर्माणको जिम्मा निजी क्षेत्रलाई दिनुपर्ने सुझाव दिँदै आएका छन्।

हरेकजसो बजेट र नीति तथा कार्यक्रममा निजगढ अन्तर्राष्ट्रिय विमानस्थलले प्राथमिकता पाउँदै आएको छ। चालू आर्थिक वर्षको बजेटमा निजगढ विमानस्थल आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (इआइए), बस्ती स्थानान्तरण, मुआब्जा वितरण, जग्गा संरक्षणलगायत पूर्वतयारीका काम गर्ने उल्लेख छ। तर, निर्माण भइरहेकै परियोजनामा बजेट सुनिश्चित गर्न नसकेको सरकारले नयाँ प्रोजेक्टमा बजेट दिन सक्ने अवस्था र सम्भावना नरहेको मन्त्रालय स्रोत बताउँछ।

निजगढमा ४५ सय मिटर लम्बाइका दुईवटा धावनमार्गसहितको पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल बनाउन प्रस्ताव गरिएको छ। जसको डिजाइनसमेत तयार भइसकेको क्यानको राष्ट्रिय गौरवका आयोजना निर्देशक श्रेष्ठले जानकारी दिइन्।

भारतमा वार्षिक १२ लाख भारुसम्मको आयमा कर छुट

किसान, लघु तथा साना उद्यम, स्टार्टअप र मध्यमवर्गलाई विशेष छुट सुविधा घोषणा गर्दै भारतीय वित्तमन्त्रीद्वारा ५०.६५ लाख करोड भारुको बजेट घोषणा



कृष्ण रिजाल/नयाँ पत्रिका

भारतले मध्यमवर्गीय जनताको खर्च गर्ने क्षमता बढाउँदै अर्थतन्त्रलाई चलायमान बनाउन आयकर छुटको सीमालाई करिब ७२ प्रतिशतले बढाएको छ। भारतीय वित्तमन्त्री निर्मला सीतारमणले शनिबार सन् २०२५/२६ को वार्षिक बजेट सार्वजनिक गर्दै वार्षिक १२ लाख भारुसम्मको आयमा कर नलाग्ने घोषणा गरेकी छिन्। यसअघि भारतमा कर नलाग्ने आयकरको सीमा सात लाख भारुसम्म थियो।

वित्तमन्त्री सीतारमणले मध्यमवर्गका जनताले भारतको आर्थिक वृद्धि र राष्ट्र निर्माणमा दिएको योगदानको कदर गर्दै कर छुटको सीमामा व्यापक वृद्धि गरिएको बताइन्। 'प्रधानमन्त्री मोदी नेतृत्वको यो सरकार भारतको आर्थिक वृद्धि र राष्ट्र निर्माणमा मध्यमवर्गको भूमिका महत्त्वपूर्ण रहेको विश्वास राख्छ, त्यसैले उनीहरूको योगदानको कदर गर्दै समय-समयमा तिनीहरूको करभार घटाएका छौं,' सीतारमणले बजेट भाषण गर्दै भनिन्, 'सन् २०१४ पछि 'शून्य कर' स्ल्याबलाई २.५ लाख भारुसम्म बढाइएको थियो, जुन २०१९ मा ५ लाख भारु र २०२३ मा ७ लाख भारु बनाइयो, म खुसीसाथ घोषणा गर्न चाहन्छु कि अब १२ लाख भारुसम्मको आम्दानीमा कुनै पनि आयकर तिर्नुपर्नेछैन।' यो सीमा तलबदार करदाताका लागि १२.७५ लाख भारतीय रुपैयाँ हुने उनले बताइन्।

भारतले मध्यमवर्गलाई लक्षित गरेर आयकर छुटको सीमामा गरेको वृद्धिले अर्थतन्त्रलाई चलायमान बनाउँदै उच्च आर्थिक वृद्धिदर हासिल गर्न मद्दत मिल्ने नेपालका उद्यमी-व्यवसायीले बताएका छन्। नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य प्रबलजंग पाण्डेले मध्यमवर्गलाई दिएको कर छुटले भारतीय अर्थतन्त्रलाई अझ चलायमान बनाउने बताए। 'भारतमा प्रस्तुत बजेटमा

नेपाललाई सात अर्ब भारु अनुदान दिने घोषणा

भारतले नेपाललाई दिने अनुदानमा कुनै हेरफेर नहुने भएको छ। शनिबार भारतीय वित्तमन्त्री निर्मला सीतारमणले सन् २०२५/२६ को वार्षिक बजेट सार्वजनिक गर्दै नेपाललाई सात अर्ब भारतीय रुपैयाँ अनुदान दिने घोषणा गरेकी छिन्। यसअघि चालू आव सन् २०२४/२५ को वार्षिक बजेटमा समेत नेपालका लागि सात अर्ब भारु अनुदान विनियोजन गरिएको थियो।

भारतले विदेशी नीति कार्यान्वयनका लागि केही देशहरूलाई ऋण तथा अनुदान उपलब्ध गराउँदै आइरहेको छ। नेपाललाई सन् २०२३/२४ मा ६ अर्ब ५७ करोड भारु अनुदान घोषणा गरिएको थियो। सन् २०२४/२५ मा त्यसलाई बढाएर सात अर्ब भारु पुऱ्याइयो। आगामी आव २०२५/२६ का लागि पनि सात अर्ब भारु नै घोषणा गरिएको छ। भारतले दक्षिण एसियामा सबैभन्दा बढी भुटानलाई २१ अर्ब ५० करोड भारु अनुदान घोषणा गरेको छ। सबैभन्दा कम अफगानिस्तानलाई एक अर्ब भारु अनुदान घोषणा गरेको छ। माल्दिभ्सलाई ६ अर्ब, श्रीलंकालाई तीन अर्ब र बंगलादेशलाई एक अर्ब २० करोड भारु अनुदान घोषणा गरिएको छ।

कोशी नहरका लागि वित्तीय सहयोगको घोषणा

वित्तमन्त्री सीतारमणले 'पश्चिम कोशी क्यानल' परियोजनाका लागि वित्तीय सहायता उपलब्ध गराउने घोषणा गरेकी छिन्। बजेटको बुँदा नम्बर ६९ मा भनिएको छ, 'पश्चिम कोशी क्यानल इआरएम परियोजनाका लागि वित्तीय सहायता उपलब्ध गराइनेछ, यस परियोजनाबाट ५० हजारभन्दा बढी हेक्टर जमिनमा खेती गर्ने किसान लाभान्वित हुनेछन्।' बजेटको यस घोषणालाई बिहारका लागि महत्त्वपूर्ण हुने भारतीय मिडियाले लेखेका छन्। कोशी नदी नेपाल हुँदै भारत जान्छ।

थुप्रै छुट र सुविधा घोषणा गर्दै ५०.६५ लाख करोड भारुको बजेट ल्याएकी हुन्। वित्तमन्त्री सीतारमणले २८.३७ लाख करोड भारु राजस्व उठाउने अनुमान गरेकी छिन्। मोदी नेतृत्व सरकारकी वित्तमन्त्रीका रुपमा सीतारमणको यो आठौं बजेट हो, जुन आगामी अप्रिलदेखि लागू हुनेछ।

नयाँ बजेटले भारतमा औषधि, ब्याट्री, टिभी, मोबाइललगायत वस्तुको भाउ घटाउने अपेक्षा गरिएको छ। वित्तमन्त्रीले बजेटमार्फत ३६ थरीका जीवनरक्षक औषधिमा भन्सार हटाउन र अन्य ६ थरीका औषधिमा समेत ५ प्रतिशत मात्रै भन्सारदर लगाउन प्रस्ताव गरेकी छिन्। त्यस्तै, कोबाल्ट, लिथियमजस्ता खनिजको आयातमा लाग्ने भन्सारदर पनि घटाउन प्रस्ताव गरिएको छ, यसले ब्याट्री उत्पादन लागत घटाउनेछ। स्थानीय उत्पादन वृद्धिका लागि भन्दै एलसिडी, एलइडीलगायत टिभी तथा मोबाइलको ब्याट्रीको आयातमा लाग्ने भन्सार पनि घटाउन प्रस्ताव गरिएको छ। वित्तमन्त्री सीतारमणले बजेटमा 'भारतले आगामी पाँच वर्षमा शून्य गरिबी, शतप्रतिशत उच्चस्तरीय शिक्षा, सुलभ, सहज र उच्चस्तरीय स्वास्थ्य सेवामा पहुँच, शतप्रतिशत दक्ष जनशक्ति, ७० प्रतिशत महिलालाई प्रत्यक्ष रूपमा आर्थिक गतिविधिमा जोड्ने, भारतीय किसानमार्फत भारतलाई विश्वकै खाद्य भण्डार (फुड बास्केट फर वर्ल्ड) बनाउने' घोषणा गरेकी छिन्। लघु उद्यमीका लागि पाँच लाख भारुको क्रेडिट कार्ड व्यवस्था गरेकी छिन्।

मर्स्याङ्दी अर्धजलाशययुक्तमा जुट्यो साढे १० अर्ब लगानी

काठमाडौं/ ९० मेगावाटको मर्स्याङ्दी अर्धजलाशययुक्त जलविद्युत् आयोजना निर्माणमा चार बैंकले १० अर्ब ५० करोड रुपैयाँ लगानी गर्ने भएका छन्। कुमारी बैंकको अगुवाइमा शुक्रबार लगानीसम्बन्धी सम्झौता भएको हो।

● कुमारी, प्रभु, सिद्धार्थ र कृषि विकास बैंकले कुल १० अर्ब ५० करोड लगानी गर्ने सम्झौतापत्रमा गरे हस्ताक्षर

आयोजनाको प्रवर्द्धक एमए पावर प्रालिका अध्यक्ष अनुप आचार्य र कुमारी बैंकका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र खनालको उपस्थितिमा प्रभु बैंक, कृषि विकास बैंक र सिद्धार्थ बैंकको संयुक्त लगानीमा हुने गरी ऋण सम्झौता भएको छ।

हाल चार बैंकबिच सम्झौता भए पनि केही समयभित्र अन्य बैंक तथा वित्तीय संस्थाबाट समेत लगानी भित्र्याइने भएको छ। निर्माण अवधिको ब्याजसहित कुल २० अर्ब २५ करोड रुपैयाँ लागत अनुमान गरिएको आयोजनामा ७५ प्रतिशत ऋण र २५ प्रतिशत स्वपुँजी लगानी हुनेछ।



लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
कुखुरा विकास फार्म
खजुरा, बाँके
फोन नं. ०८१-५६०२०१
मोबाईल नं. ९८५८०२४२१८
Email : pdfkhajura@gmail.com

क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट सवारी साधन खरिद सम्बन्धि शिलबन्दी प्रस्ताव आह्वानको सूचना

सूचना प्रकाशित मितिः २०८१/१०/२०

यस कार्यालयको आ.व. ०८१/८२ को स्विकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको चल्ला दुवानी पिकअप सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६४को नियम ३१(ख) बमोजिम खरिद गर्नुपर्ने भएकोले सवारि साधन बिक्री गर्न ईच्छुक उत्पादक वा आधिकारिक बिक्रेताले आ-आफ्नो आधिकारिक स्पिशिफिकेशन क्याटलग / ब्रोसर गुणस्तर र कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र (अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट) कार्यालयमा कार्यालय समयभित्र शिलबन्दि प्रस्ताव दर्ता गर्नुहुनका लागी यो सूचना प्रकाशन गरिएको छ। थप जानकारी कार्यालयको सम्पर्क नं ९८५८०२४२१८ वा कार्यालयको वेभसाईट pdfbanke.gov.np बाट लिन सकिनेछ।

आवश्यक सवारी साधनको विवरण

सवारी साधनको नाम	संक्षिप्त विवरण	कैफियत
चल्ला दुवानी पिकअप	4WD single cap, Diesel engine, maxmimum rated power output not less than 45 kw at governed RPM, Torque not less than 190 NM	विस्तृत प्राविधिक स्पेशिफिकेशनको लागि कार्यालयमा सम्पर्क गनुहुन

नोटः यस कार्यालयमा सुचिकृत नभएका उत्पादक वा आधिकारिक विक्रेता कम्पनीहरूले सुचिकृत गराई उक्त शिलबन्दि प्रस्ताव दर्ता गर्न सक्नुहुनेछ र दर्ता भएका शिलबन्दि प्रस्तावहरू अन्तिम दिनको १७:३० बजे खोलिने छ।
Website : www.pdfbanke.gov.np

कर्मचारी आवश्यकता

(सूचना प्रकाशित मिति : २०८१/१०/२०)

आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था हो। हाल नेपालको सात प्रदेशका ५३ जिल्लामा १३५ वटा शाखा कार्यालयहरू मार्फत लघुवित्त कार्यक्रम सञ्चालन गरेको यस वित्तीय संस्थाको लागि निम्नलिखित पदमा कर्मचारी आवश्यक भएकोले इच्छुक योग्य नेपाली नागरिकबाट हालसालै खिचिएको पासपोर्ट साइजको फोटो सहितको दरखास्त निवेदन, आफ्नो बायोडाटा, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता, कार्य अनुभव सम्बन्धी विवरण सहित केन्द्रीय कार्यालय बनेपा–१०, काभ्रेपलाञ्चोक वा इमेल vacancy.aarambhachautari@gmail.com मा विज्ञापन प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालयमा आईपुग्ने गरी दरखास्त आह्वान गरिन्छ।

विज्ञापन नं.	पद	श्रेणी	आवश्यक संख्या	आवश्यक न्यूनतम योग्यता
०१/०८१/८२	वरिष्ठ अधिकृत/ अधिकृत/ सहायक.अधिकृत (कार्यक्रम अधिकृत)	अधिकृत	केही	मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरी लघुवित्त वित्तीय संस्थामा क्रमशः ५ वर्ष, ४ वर्ष र ३ वर्ष कार्यअनुभव भएको हुनुपर्नेछ। प्रदेशको मातहतमा रहि अनुगमन अधिकृत/ कार्यक्रम अधिकृतको रुपमा कार्यानुभव भएकोलाई प्राथमिकता दिईनेछ।
०२/०८१/८२	सुपरभाईजर / वरिष्ठ सहायक (शाखा प्रवन्धक)	सहायक	केही	मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी सुपरभाईजरको लागि लघुवित्त संस्थामा कम्तिमा ४ वर्ष, वरिष्ठ सहायकको लागि लघुवित्त संस्थामा कम्तिमा ३ वर्ष कार्यानुभव भएको हुनुपर्नेछ। स्नातक तह उत्तीर्णलाई प्राथमिकता दिइनेछ।
०३/०८१/८२	सहायक	सहायक	केही	मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाणपत्र तह उर्त्तिण भएको हुनुपर्नेछ। लघुवित्त वित्तीय संस्थामा कार्यानुभव भएकोलाई प्राथमिकता दिईनेछ।

थप जानकारी :
१. माथि उल्लेखित सम्पूर्ण पदहरूको लागि इमेल इन्टरनेट लगायत कम्प्युटर संचालन सम्बन्धी राम्रो ज्ञान भएको हुनुपर्नेछ।
२. **उमेरको हद** : अधिकृत तहको लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको, सहायक तहको लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ। महिलाको हकमा थप ५ वर्ष।
३. नेपाल वाहिरका शिक्षण संस्थाबाट प्राप्त शैक्षिक प्रमाणपत्रहरू भए समकक्षता निर्धारणको प्रमाणपत्र पेश गर्नुपर्नेछ।
४. तोकिएको मिति भन्दा पछि प्राप्त भएका वा रित नपुगेका निवेदनहरू स्वतः रद्ध हुनेछन्। कुनै पनि उमेदवारको अन्तिम छनौट गर्ने अधिकार यस वित्तीय संस्थामा निहीत रहनेछ।
५. दरखास्त फारम यस वित्तीय संस्थाको वेभसाइटमा राखिएकोले दरखास्त फारम वेभसाइटबाट Download गर्न सकिनेछ।
६. थप जानकारीका लागि संस्थाको website : www.aarambhachautari.com मा हेर्न सकिनेछ ।
(**नोटः** रितपुर्वक परेका दरखास्त मध्ये छनौट सूचीमा परेका उम्मेदवारहरूलाई मात्र अन्तवार्तामा बोलाईनेछ।

पदपूर्ति समिति
आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड
केन्द्रीय कार्यालय बनेपा–१०, काभ्रेपलाञ्चोक

कार्बन व्यापारमा प्रवेश गर्दै निजी ऊर्जा क्षेत्र

दुई हजार ६ सय मेगावाटका परियोजनाबाट हालकै अवस्थामा वार्षिक थप एक अर्बसम्म आम्दानी हुने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

पानी र घामबाट विद्युत् उत्पादन गर्दै आएको नेपाली निजी ऊर्जा क्षेत्र अब कार्बन व्यापारमा पनि प्रवेश गर्ने भएको छ। अहिले सरकारी निकाय वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले लघु जलविद्युत्, बायोग्यास प्लान्टमार्फत सामान्य रूपमा कार्बन व्यापारको लाभ लिँदै आएको छ । अब भने ठुला जलविद्युत् तथा सोलार प्लान्टबाट पनि कार्बन व्यापारको लाभ लिने गरी निजी क्षेत्रले प्रक्रिया अघि बढाएको छ। यसका लागि स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)ले भारतको प्रोक्लाइमसँग सम्झौता गरेको छ। इप्पानका अध्यक्ष गणेश कार्की र प्रोक्लाइमका प्रमुख कार्यकारी अधिकृत (सिइओ) कविनकुमार कंडासामीले शुक्रबार एक कार्यक्रमबिच समझदारीपत्र आदान-प्रदान गरेका हुन्।

सम्झौताअनुसार प्रोक्लाइमले ग्लोबल कार्बन काउन्सिलबाट नेपाली निजी क्षेत्रका विद्युत् परियोजनालाई 'अन्तर्राष्ट्रिय नवीकरणीय ऊर्जा प्रमाणपत्र' (आइरिक्स) दिलाउन सहजीकरण गर्नेछ। आइरिक्सको प्रमाणपत्र पाएपछि कार्बन व्यापारका लागि योग्य भइन्छ। कार्बन व्यापार गराउन पनि प्रोक्लाइमले नै एजेन्सीका रूपमा काम गर्नेछ।

यसरी हुन्छ कार्बन व्यापार

अहिले हरितगृह ग्यास उत्सर्जन बढाउने ऊर्जा (कोइला पावर प्लान्ट, डिजेल पावर प्लान्ट, खनिज इन्धन, पेट्रोलियम पदार्थ)को प्रयोग उच्च छ। सोही कारण हरितगृह ग्यास उत्सर्जन घटाउने उद्देश्यले 'कार्बन व्यापार'को अवधारणा बढाइएको हो। यद्यपि, यो छुट्टै खरिद-बिक्री हुने सेवा तथा वस्तु होइन। यसअन्तर्गत कुनै कम्पनी वा देशले निर्धारित सीमाभित्र हरितगृह ग्यास उत्सर्जन गर्नुपर्छ। यदि उनीहरूले सो सीमाभन्दा कम कार्बन उत्सर्जन गरे भने, बाँकी बचत गरिएका उत्सर्जन क्रेडिट बेच्न सक्छन्। यदि सीमाभन्दा बढी उत्सर्जन भएमा अरूसँग उत्सर्जन क्रेडिट किनेर सन्तुलन मिलाउनुपर्छ।

हरितगृह ग्यास उत्सर्जन बढी गर्ने देश तथा कम्पनीले सीमाभन्दा कम हरितगृह ग्यास उत्सर्जन गरेका देश तथा कम्पनीसँग बचत सीमा खरिद गर्न सक्छन्। बढी हरितगृह ग्यास उत्सर्जन गर्ने कम्पनी तथा देशले हरित वातावरण, स्वच्छ ऊर्जा तथा स्वच्छ ऊर्जा उत्पादनमा सहयोग गर्नुपर्ने अन्तर्राष्ट्रिय व्यवस्था छ। त्यसअन्तर्गत स्वच्छ ऊर्जा उत्पादन गर्दै आएका कम्पनी तथा देशले कार्बन व्यापारको लाभका लागि विभिन्न 'प्लेटफर्म' दाबी पेस गर्न सक्नेछन्।

छिमेकी मुलुक भारत, बंगलादेशलगायतका मुलुकमा हरितगृह ग्यास उत्सर्जन बढाउने ऊर्जा प्रयोग भइरहेका छन्। त्यहाँ कोइला र डिजेलबाट धेरै विद्युत् उत्पादन हुन्छन्। साथै, वातावरणलाई प्रभाव पार्ने गरी उद्योगहरू पनि अत्यधिक छन्। यसैगरी, हवाईजहाजबाट पनि हरितगृह ग्यास उत्सर्जन बढी हुन्छ। तर, नेपालको अवस्था भने फरक छ। नेपालमा जलविद्युत् उत्पादनका साथै सोलार पावर प्लान्ट पनि बढ्दै छन्। यसरी उत्पादन भएको विद्युत् पूर्णतः स्वस्थ हुन्, जुन विद्युत् भारत र बंगलादेशमा पनि निर्यात भइरहेको छ। यसले हरितगृह ग्यास उत्सर्जनलाई सन्तुलनमा ल्याउन सहयोग गरेको छ। त्यस अवस्थामा हरितगृह ग्यास उत्सर्जन बढी गर्ने देश तथा कम्पनीले नेपालको बचत सीमा खरिद गर्न सक्छन्।



■ कार्बन व्यापार गर्न नेपालका लागि छुट्टै 'क्यालकुलेटर'

कार्बन व्यापार गर्न नेपालका लागि छुट्टै क्यालकुलेटर पनि शुभारम्भ गरिएको छ। नेपालका लागि डिजाइन गरिएको 'आइरिक्स क्यालकुलेटर' शुक्रबार विद्युत् नियमन आयोगका अध्यक्ष डा. रामप्रसाद धितालले शुभारम्भ गरेका हुन्। यो क्यालकुलेटरले कति मेगावाट विद्युत् उत्पादन हुँदा त्यसले वार्षिक कति रुपैयाँबराबरको कार्बन व्यापारका लागि योग्य छ भन्ने कुरा देखाउँछ। यसले नेपाली निजी क्षेत्रले उत्पादन गरेको २६ सय मेगावाट विद्युत्लाई कार्बन ट्रेडसँग जोड्दा यसले वार्षिक करिब एक अर्ब रुपैयाँबराबरको लाभ पाउनुपर्ने देखाएको छ।

निजगढ निर्माणमा कसैको विमति छैन। सरकारले उच्च प्राथमिकतामा राखेको परियोजना हो। तर, लगानी, निर्माण तथा सञ्चालनको मोडालिटी तय नहुँदा यो अघि बढ्न सकेको छैन। लगानी सरकारले गर्ने कि ? निजी वा विदेशीको हुने ? सञ्चालन सरकारले नै गर्ने कि निजी वा विदेशीले गर्ने ? भन्नेलगायत विषय अझै टुंगोमा पुगेको छैन। त्यसैले यो आयोजना अलमलमा परेको हो। यो ठुलो परियोजना हो, लगानी पनि ठुलो लाग्छ। मोडालिटी नटुंगिएकै कारण चार किल्ला छुट्याउन पनि ढिलाइ भइरहेको हुन सक्छ। यद्यपि, यो परियोजना मन्त्रालयको उच्च प्राथमिकतामा छ।

नेपाल रेडक्रसलाई...

पृष्ठ १ बाट क्रमशः

मान्यता दिएको छैन। यो अवस्थामा रेडक्रसको न विधान संशोधन हुन सकेको छ, न आवधिक निर्वाचन नै हुन सकेको छ। एक कार्यसमितिका अध्यक्ष नेपालले सिएमसीले अप्रिलसम्ममा विवाद समाधान नगरे निलम्बन गर्ने चेतावनी दिएको स्वीकार गरे। उनले भने, 'आइएफआरसीअन्तर्गत सिएमसी नामको एउटा समिति छ। त्यसले हामीलाई अप्रिलसम्ममा विवाद समाधान गर्न भनेको छ। नत्र सोसाइटी नै निलम्बन गर्ने भनेको छ। हामीसँग समस्या छन्। समाधान गर्न प्रयासरत छौं। निलम्बन गर्ने हदसम्म चाहिँ नजाला।'

त्यस्तै, अर्को कार्यसमितिका अध्यक्ष डा. भण्डारीले पनि सोसाइटीलाई आइएफआरसीले निलम्बन गर्न खोजेको जानकारी भएको बताउँछन्। उनले भने, 'सामाजिक क्षेत्रमा रेडक्रसको ख्याति विश्वप्रशिद्ध छ। तर अहिले यो आफैं संक्रमणको चपेटामा परेको छ। चरम दलीयकरण र भ्रष्टाचार यसका कारण हुन्। यही कारण आइएफआरसीले निलम्बन गर्ने तयारी गरेको मैले पनि सुनेको छु। निलम्बनमा पर्‍यो भने करिब एक अर्ब रुपैयाँको सहायता प्रभावित हुन पुग्छ। तर, यो दुःखद् अवस्था नआओस् भनेर हामी समाधानको उपाय खोजिरहेका छौं।'

आइएफआरसीमार्फत हाल नेपाल रेडक्रसलाई प्रत्येक वर्ष १ अर्ब रुपैयाँ मूल्यबराबरको विभिन्न सहयोग आइरहेका छन्। विशेष गरी प्राकृतिक प्रकोप, सामाजिक विकास र स्वास्थ्यका क्षेत्रमा आइएफआरसीको गुणात्मक सहयोग रहँदै आएको छ। निलम्बनमा परे उल्लेखित सहयोग रोकिन सक्छ। यस्तै, विवादपछि आइएफआरसीले हालै मात्र पेरुमा मातहतको रेडक्रस निलम्बन गरेको छ। त्यसअघि केन्या, बेलारुस र ग्रिसमा पनि रेडक्रसलाई निलम्बन गरेको नजिर छ।

भ्रष्टाचार अभियोग लागेपछि १२ साउन ०७७ मा रेडक्रसका तत्कालीन अध्यक्ष सञ्जीव थापाको कार्यसमितिलाई भंग गरी तत्कालीन सरकारले डा. नेत्र तिमल्सिनाको नेतृत्वमा नयाँ तदर्थ समिति गठन गरेको थियो। वर्ष दिनभित्र निर्वाचन गरी नयाँ कार्यसमितिलाई कार्यभार जिम्मा लगाउने कार्यादेश पूरा गर्न तिमल्सिना नेतृत्वको समिति असफल भयो। त्यसपछि उक्त कार्यसमितिको ठाउँमा तत्कालीन सरकारले १४ पुस ०७९ मा प्रा. सुदर्शन नेपाल नेतृत्वको समूहलाई रेडक्रसको नेतृत्व गर्ने जिम्मा दियो।

तर, सरकारको निर्णयविरुद्ध तिमल्सिना नेतृत्वको समूहले सर्वोच्च अदालतमा रिट हाल्यो। सर्वोच्चले २३ पुस ०७९ मा पुरानो कार्यसमितिलाई नै निरन्तरता दिन अन्तरिम आदेश दिएको थियो। तर, सरकारले सर्वोच्चको उक्त आदेशको अवज्ञा गर्दै ३१ जेठ ०८० मा मन्त्रिपरिषद् बैठकमार्फत पुनः नेपालकै कार्यसमितिलाई रेडक्रस पठाएको थियो। अदालतको आदेश अवहेलना भएको भन्दै तिमल्सिना निवेदन लिएर पुनः सर्वोच्च पुगेका थिए। सर्वोच्चले पुनः तिमल्सिनाकै कार्यसमितिलाई निरन्तरता दिन अल्पकालीन अन्तरिम आदेश दिएको थियो। तर, सरकारले प्रहरी प्रशासन प्रयोग गरी तिमल्सिना नेतृत्वको कार्यसमितिलाई कार्यालय प्रवेशमै रोक लगायो। तिमल्सिना राजदूतमा नियुक्त भएपछि उक्त समूहको नेतृत्व भने अहिले डा. विशाल भण्डारीले गरिरहेका छन्।

प्रा. नेपालको कार्यसमितिले पछि रेडक्रसको अधिवेशन गरेको थियो। तर, उक्त अधिवेशन अवैध भएको भन्दै तिमल्सिना नेतृत्वको कार्यसमितिले छुट्टै अधिवेशन गर्‍यो। अदालतमा मुद्दा विचाराधीन रहेकाले दुवै समूहको कार्यसमितिले मान्यता भने पाएका छैनन्। यसबिचमा नेपाल नेतृत्वको समूहले १० करोड रुपैयाँभन्दा धेरै खर्च गरिसकेको छ। सोही विषयलाई उठाएर रेडक्रसका कर्मचारीले समाज कल्याण परिषद्मा गत वर्ष नै उजुरी हालेका थिए।

रेडक्रसका पूर्वउपनिर्देशक तथा अभियन्ता नन्दराज थपलियाले चरम नातावाद र दलीयकरणले रेडक्रसलाई उठ्नै नसक्ने गरी थला पारेको बताए।

अनियमितताका...

पृष्ठ १ बाट क्रमशः

र निशा बानियाँको संयोजकत्वमा छुट्टाछुट्टै छानबिन समिति गठन भएको थियो। सबै समितिले रेडक्रसमा नातावाद र भ्रष्टाचारको जालो डरलाग्दो रहेको औंल्याएका थिए। तर, चरम दलीयकरणका कारण हालसम्म कोहीविरुद्ध कारबाही हुन सकेको छैन।

जग्गा किन्दा बिचौलियासँग मिलेर एक करोड हिनामिना

चिनियाँ रेडक्रस सोसाइटीले गोदामघर बनाइदिने भएपछि नेपाल रेडक्रस सोसाइटीले भवन निर्माणका लागि पाँच रोपनी जग्गा खरिद गर्न २२ भदौ ०७३ मा टेन्डर आह्वान गर्‍यो। भक्तपुरका राजेश देशमरूले चाँगुनारायणस्थित जग्गा पाँच करोड ५६ लाख ३१ हजार २०० मा उपलब्ध गराउने प्रस्ताव पेस गरे। रेडक्रसले उनकै प्रस्ताव स्वीकृत गर्‍यो। र, जग्गा किन्न राजेशको कमलविनायकस्थित नेपाल बैंकको खातामा ६ करोड ३२ लाख ८१ हजार पनि हालिदियो। पछि फेरि जग्गा पास खर्च भनेर त्यही खातामा २८ लाख ४७ हजार ६ सय २५ रुपैयाँ पनि जम्मा गर्‍यो। तर, खासमा राजेश जग्गाधनी नभएर दलाल थिए। मालपोत कार्यालय भक्तपुरको रेकर्डअनुसार रेडक्रसले उक्त जग्गा राम दुवाल, हरिराम सकुपायो र जगमाया दुवासँग खरिद गरेको देखिन्छ। पदाधिकारीको मिलेमतोमा राजेशले कबुल गरेभन्दा एक करोड चार लाख ९७ हजार रुपैयाँ बढी उनको खातामा हालियो। यो रकम बिचौलियासँग मिलेर हिनामिना गरिएको छानबिन समितिको ठहर छ।

११ करोडको गोदाम निर्माण गर्दा ठेकेदारसँग तीन करोडको लेनदेन

जग्गा खरिदमा मात्रै होइन, चिनियाँ रेडक्रस सोसाइटीको ११ करोड सहयोगमा चाँगुनारायणमा गोदामघर निर्माण गर्दा पनि रेडक्रसका पदाधिकारीले बदमासी गरेको भेटिएको छ। मिलेमतोमा रुचाइएको ठेकेदार कम्पनीलाई निर्माणको जिम्मा दिन सार्वजनिक खरिद ऐन नै कुल्चिएको छ। गोदाम निर्माणका लागि पहिलोपटक गरिएको टेन्डर आह्वानमा पदाधिकारीले रुचाइएको लामा कन्स्ट्रक्सनले ठेक्का नपाउने भएपछि टेन्डर नै रद्द गरिएको र दोस्रोपटक टेन्डर आह्वान गरेर लामा कन्स्ट्रक्सनलाई ठेक्का लगाइएको थियो। 'यो ठेक्कामा रेडक्रसका पदाधिकारी र ठेकेदारबिच करिब तीन करोडको लेनदेन भएको बुझिन्छ,' छानबिन प्रतिवेदनमा भनिएको छ।

सस्तो प्रस्ताव छाडेर दुई करोड महँगो प्रस्ताव सदर गर्दै भवन निर्माणको ठेक्का

प्रदर्शनीमार्गस्थित ब्लड बैंक रहेको भवन १२ वैशाख ०७२ को भूकम्पले भत्काएपछि थाइल्यान्ड सरकारले सोही स्थानमा नयाँ भवन बनाइदिने सहयोग प्रस्ताव गर्‍यो। त्यसलगत्तै, रेडक्रसले १५ करोड रुपैयाँमा भवन निर्माणका लागि टेन्डर आह्वान गर्‍यो। सबैभन्दा कम मूल्य पप्पु कन्स्ट्रक्सनको परेपछि बोलपत्र नै रद्द गरियो। भ्याटसहित १८ करोड मूल्यमा भवन निर्माण गर्ने भन्दै रेडक्रसले दोस्रोपटक टेन्डर आह्वान गर्‍यो। एएनके कन्स्ट्रक्सनले २२ करोड चार लाख, लामा कन्स्ट्रक्सनले १९ करोड २४ लाख र रसुवा कन्स्ट्रक्सनले १७ करोड ४१ लाखमा भवन निर्माण गर्ने प्रस्ताव पेस गरे। तर, रेडक्रसले सार्वजनिक खरिद ऐनविपरीत कम मूल्य प्रस्ताव गरेको रसुवालाई नभएर झन्डै दुई करोड महँगो प्रस्ताव गरेको लामा कन्स्ट्रक्सनलाई ठेक्का दियो। यसमा पनि ठुलो अनियमितता भएको छानबिन समितिको ठहर छ।

दाताले बनाइदिएको भवन निजी अस्पताललाई भाडामा, डेढ करोड कर तिर्न बाँकी

जापान रेडक्रस सोसाइटीको सहयोगमा प्रदर्शनीमार्गस्थित ब्लड बैंकका लागि अत्याधुनिक भवन बनाइयो। तर, रेडक्रसले उक्त भवन ब्लड बैंकका लागि प्रयोग गरेन। बरु, २५ वर्षका लागि प्रतिमहिना चार लाख ५० हजार भाडा उठाउने गरी मोडल अस्पताललाई जिम्मा लगायो। तर, अहिलेसम्म सरकारलाई घरबहाल कर एक रुपैयाँ तिरेको छैन। सरकारले रेडक्रससँग घरबहाल कर मात्रै एक करोड ३१ लाख लिनुपर्ने छानबिन प्रतिवेदनमा उल्लेख छ।

७८ लाखको ठेक्कामा एक करोड ७० लाख भुक्तानी

रेडक्रसले तत्कालीन (०७७ अघि) अध्यक्ष सञ्जीव थापाको जन्मथलो उदयपुरको कटारीमा गोदामघर निर्माण गर्ने निर्णय गर्‍यो। जिल्ला अध्यक्ष उनकै सहोदर भाइ राजीव थापा थिए। उनले मिलेमतोमा आफन्तकै निर्माण कम्पनीलाई ७८ लाखमा भवन निर्माणको ठेक्का दिलाए। सन् २०१८ मा भवन निर्माण पूरा भयो। तर, नियमविपरीत भेरिएसन बढाएर ठेकेदार कम्पनीलाई एक करोड ७० लाख भुक्तानी गरियो। यसमा पनि ठुलो अनियमितता भएको छानबिन समितिको ठहर छ।

सरकारले निःशुल्क दिएको जग्गा कौडीको भाउमा बेचियो

हेलेन शाह अध्यक्ष रहेका वेला सरकारले रेडक्रसलाई सुनसरीको इटहरीमा एक बिघा ११ कट्ठा जमिन निःशुल्क दियो। तर, अध्यक्ष सञ्जीव थापासहितका पदाधिकारीको मिलेमतोमा उक्त जग्गा २७ साउन ०६५ मा कौडीको भाउमा बेचियो। इटहरीको महत्त्वपूर्ण ठाउँमै रहेको जग्गा ६६ लाखमा बेचिएको थियो। खरिद गर्ने व्यक्ति अध्यक्ष थापाले खोजेका थिए। केही समयमै उक्त जग्गा प्लटिङ गरेर दुई करोड ५० लाखमा बिक्री गरिएको रेडक्रसकै पदाधिकारीहरू बताउँछन्।

डकर्मी उत्पादन गर्ने नाममा ६ करोड भ्रष्टाचार

भूकम्पमा ध्वस्त संरचना पुनर्निर्माणका लागि १५० डकर्मीलाई तालिम दिने भन्दै रेडक्रसले ट्र्यास नेपालसँग सम्झौता गर्‍यो। सम्झौतामा प्रतिव्यक्ति सात लाख खर्च गरिने उल्लेख थियो। तर, प्रतिव्यक्ति तीन लाख मात्रै खर्च गरियो। कागजमा प्रतिव्यक्ति सात लाख नै देखाएर बाँकी करिब ६ करोड रकम अध्यक्ष सञ्जीव थापा र ट्र्यास नेपालले मिलेमतोमा हिनामिना गरिएको छानबिन प्रतिवेदनमा उल्लेख छ।

मापदण्ड नपुगेको ठेकेदार कम्पनीलाई सात विद्यालय भवन बनाउने ठेक्का

भूकम्पमा ध्वस्त सात विद्यालय भवन निर्माण गरिदिने भन्दै रेडक्रसले शिक्षा मन्त्रालयसँग सम्झौता गर्‍यो। सम्झौताअनुसार आठ कोठाका दुईतले भवन सातवटा बनाउनुपर्ने थियो। रेडक्रसले निर्माण कम्पनी छान्न टेन्डर आह्वान गर्‍यो। तर, सातवटै भवन निर्माणको ठेक्का भने मापदण्ड नै नपुगेको ठेकेदार कम्पनी ऋंगेश्वर निर्माणलाई दियो। प्रतिभवन ५७ लाख ५६ हजारमा बनाउने कबुल गरेपछि गुणस्तरको बेवास्ता गर्दै कामको अनुभव नै नभएको कम्पनीलाई रेडक्रसका पदाधिकारीले मिलेमतोमा ठेक्का दिएको छानबिन प्रतिवेदनमा उल्लेख छ।

५० लाखमा बन्ने प्रिफ्याबको स्वास्थ्य चौकी निर्माणमा ६५ लाख खर्च

५७ लाख ५६ हजार रुपैयाँमा आठ कोठाको दुईतले पक्की विद्यालय भवन बनाएको रेडक्रसले प्रिफ्याबको एकतले स्वास्थ्य चौकी बनाउँदा भने ६५ लाख खर्च गर्‍यो। भूकम्पमा ध्वस्त संरचना बनाउन भन्दै रेडक्रसले अन्तर्राष्ट्रिय दातृ निकायसँग झन्डै आठ अर्ब रुपैयाँ सहयोग लिएको थियो। त्यही रकममध्येको १४ करोड ९५ लाखमा २३ अस्थायी स्वास्थ्य चौकी निर्माण गर्न स्वास्थ्य मन्त्रालयसँग सम्झौता गरेको थियो। ५० लाखमा निर्माण हुने प्रिफ्याबका प्रत्येक संरचनामा ६५ लाख खर्च गरिएको छानबिन प्रतिवेदनमा उल्लेख छ।

होटेल सञ्चालनदेखि देशभरका भवनको भाडाबाट करोडौं आम्दानी, तर कर तिर्दैन

रेडक्रसले बनेपाको बुडोलमा आवासीय होटेल सञ्चालन गरेको छ। काठमाडौंका प्रदर्शनीमार्ग र बागबजार, चितवन, वीरगन्ज, विराटनगर, बुटवल, नेपालगन्ज, कञ्चनपुर, पोखरा, भैरहवालगायतका स्थानमा बनेका भवनलाई व्यापारिक प्रयोजनमा लगाइएको छ। यसबाट रेडक्रसले प्रतिवर्ष करोडौं रुपैयाँ आम्दानी गर्छ। तर, सरकारलाई अहिलेसम्म एक रुपैयाँ पनि कर नतिरेको छानबिन प्रतिवेदनमा उल्लेख छ।

छिमेकीको...

पृष्ठ १ बाट क्रमशः

घर बगाएपछि सानी छोरी र वृद्ध बुबासहित पाँचजनाको परिवार बिचल्लीमा थियौं। रातभर निद्रै लाग्दैनथ्यो। अब भने धेरै राहत महसुस गरेको छु। आफ्नै घरमा बस्न पाएको छु।' सोही स्थानकी लक्ष्मी सेन्चुरीलाई पनि अब बाँच्ने आशा पलाएको छ। उनको पनि लगाएको कपडाबाहेक घर बाढीले बगाएको थियो। सर्वस्व बगाएपछि उनी कसरी बाँच्ने र परिवारलाई कसरी बचाउने बन्ने चिन्तामा थिइन्। 'लगाएको एकसरो कपडाबाहेक सबै बगाएपछि धेरै मन रोएको थियो। बाँच्ने मनसमेत मरेको थियो। अब कोही छैन, केही गरी घर बनाउन सकिँदैन भन्ने पिरले सताएको थियो,' सेन्चुरीले भनिन्, 'साँच्चै भन्नुपर्दा हामी अब मरे पनि हुने भन्ने अवस्था थियो। अर्काको घरमा कतिन्जेल बस्ने भन्ने लाग्थ्यो। तर, गाउँपालिकाको संयोजनमा सामाजिक संस्थाहरू आए र हाम्रो घर बन्यो। अब बाँच्ने आशा पलाएको छ।'

गत १० देखि १२ असोजसम्म परेको अविरल बर्सातपछिको बाढीले रोशी गाउँपालिका- २ नारायणटार क्षतविक्षत भएको थियो। बर्खामा बग्ने खोल्सा बढेर बस्तीमा पसेको थियो। बाढीले केहीको घर बगाउने र भत्काउने गरेको थियो भने केहीको पुरेको थियो। केही घर बाढीले सोहरेर बस्नै नमिल्ने थियो। अहिले उक्त बस्तीमा रोशी गाउँपालिकाको पहलमा सेभ द चिल्ड्रेन र किडाज नेपालको सहयोगमा अस्थायी घर निर्माण भएको छ। अस्थायी आवास निर्माणका लागि पीडित प्रतिपरिवारले ५० हजार पाउने प्राकृतिक प्रकोप व्यवस्थापन प्राधिकरणको मापदण्डअनुसार सोही मूल्यबराबरका अस्थायी आवास निर्माण सामग्री प्रदान गरिएको छ। अस्थायी आवास निर्माणका लागि बाँस, सिमेन्ट, जस्तापाता, किलाकाँटालगायतको सामग्री प्रदान गरिएको हो। तीनकोठे घर बनाउनका लागि पुग्ने सामग्री प्राप्त भएको बाढीपीडित सविन सेन्चुरीले बताए। थोरै सामग्री थप गरेर बनाएको उनको भनाइ छ। स्थायी घर बनाउँदासम्म मजाले बस्न मिल्ने उनले बताए।

बाढीपहिरोले रोशी गाउँपालिका- २ मा ६९ घर पूर्ण क्षति र ३४८ घरधुरीमा आंशिक क्षति भएको थियो। यसमध्ये नारायणटारका ३७ घरपरिवारले अस्थायी आवास पाएको वडाध्यक्ष हस्तमान लामाले बताए। अन्यको आवास पनि गाउँपालिकाको सहयोगमा बन्ने लामाले बताए।

एकै परिवारका...

पृष्ठ १ बाट क्रमशः

महाकुम्भ स्नान सकेर अयोध्या र वाराणसीको धार्मिक यात्रा पनि सम्पन्न गरी घर फर्किँदै थिए।

मधेश प्रदेश प्रहरी प्रमुख डिआइजी लालमणि आचार्यका अनुसार घटनाको जानकारी पाएलगत्तै महोत्तरी प्रहरी प्रमुख उपरीक्षक नकुल पोखेलले भारतीय प्रहरीसँग समन्वय गरी घटनाको जानकारी लिई उद्धारका लागि पहल गरिरहेको बताए।

सीमापार...

पृष्ठ १ बाट क्रमशः

अन्य निकायको कामसँग दोहोरोपन नहुने गरी सशस्त्र प्रहरीलाई सीमा सुरक्षासँगै सीमासम्बन्धी अपराध नियन्त्रणमा पनि सरकारले खटाउन लागेको हो। हाल सीमा सुरक्षासँगै मुख्य गरी तस्करी नियन्त्रणमा सशस्त्र प्रहरी खटिँदै आएको छ। नयाँ ऐन लागू भएसँगै सशस्त्र प्रहरीको जिम्मेवारी थपिनेछ।

सशस्त्र प्रहरीमा महानिरीक्षकले कर्मचारीको सम्पत्ति छानबिन गर्न सक्ने

सशस्त्र प्रहरी बलका कर्मचारीको सम्पत्ति संगठनको नेतृत्वले समेत छानबिन गर्न पाउने भएको छ। विधेयकको दफा २८ को उपदफा ३ र ४ मा यससम्बन्धी व्यवस्था उल्लेख छ। उपदफा ३ मा कमान्डमा जाँदा र फर्कँदा संगठनमा सम्पत्ति विवरण बुझाउनुपर्ने प्रावधान छ। उपदफा ४ मा थप भनिएको छ, 'कमान्डमा रहेको र कमान्डबाट फिर्ता भएको अधिकृतउपर उजुरी प्राप्त भई शंकास्पद लागेमा सशस्त्र प्रहरी महानिरीक्षकले उपदफा ३ बमोजिम बुझाइएको सम्पत्ति विवरण जाँचबुझका लागि सम्बन्धित निकायमा सिफारिसका साथ पठाउन सक्नेछ।'

यो प्रावधानअनुसार कमान्डमा जाने सशस्त्र प्रहरीले वर्षमा दुईपटक सम्पत्ति विवरण बुझाउनुपर्ने भएको छ। भ्रष्टाचार निवारण ऐनअनुसार पनि राष्ट्रिय सतर्कता केन्द्रलाई हरेक आर्थिक वर्ष सकिएको ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनुपर्ने हुन्छ। यस्तो सम्पत्ति विवरण गोप्य रहनेछ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मात्र शंका लागे छानबिन गर्न पाउनेछ। सशस्त्र प्रहरी कर्मचारीको हकमा कमान्डमा जानेहरूले बुझाएको सम्पत्ति विवरणउपर भने सशस्त्र प्रहरी नेतृत्वले आफैँ प्रारम्भिक छानबिन गरेर पठाउन सक्ने प्रावधान राखिएको छ।

संगठनमा शुद्धीकरणको उद्देश्यले यस्तो प्रावधान राखिएको सशस्त्र प्रहरी अधिकारीको भनाइ छ। तर, यसले कमान्डमा जानेहरू कमाउनै जान्छन् भन्ने भाष्य बन्ने कतिपय कर्मचारीको टिप्पणी छ।

विभूषणको अंक हटाइयो, तालिमबापत उच्च अंक

सशस्त्र प्रहरी बलका कर्मचारीको बढुवामा तालिमबापत उच्च अंक राखिएको छ। यसअघि १३ अंक रहेकोमा गत मंगलबार नयाँ विधेयकमा नौ अंक बढाइएको छ। सय पूर्णांकमध्ये कार्यसम्पादन मूल्यांकनबापत ४०, ज्येष्ठताबापत २५ र तालिमबापत २२ अंक राखिएको छ। बढुवा समितिले दिने अंक तीन नम्बर घटाइएको छ भने विशेष जिम्मेवारी तथा चुनौतीपूर्ण काम गरेबापत र शैक्षिक योग्यताको ५-५ नम्बर राखिएको छ। बढुवामा भौगोलिक क्षेत्रमा काम गरेबापतको आठ र विभूषणवापतको दुई नम्बर हटाइएको छ।

तालिमतर्फ दर्जागत अनिवार्य तालिमको नौ, कुनै दुई सेवाकालीन तालिमको १२ र कुनै एक दर्जागत अनिवार्य तालिममा प्रशिक्षकयोग्य ग्रेडिङ प्राप्त गरे एक नम्बर प्रदान गरिने उल्लेख छ। यसअघि कार्यसम्पादन मूल्यांकन ४०, ज्येष्ठता २०, भौगोलिक क्षेत्रमा काम गरेबापत आठ, शैक्षिक योग्यताको सात, तालिमको १३, विशेष जिम्मेवारीको पाँच, विभूषणको दुई र बढुवा समितिले पाँच अंक दिने प्रावधान थियो। बढुवा समितिले दिने अंक हटाउन माग गरिएकोमा त्यसलाई गृह मन्त्रालयले अस्वीकार गरेको छ। बढुवालाई थप पारदर्शी बनाउन यस्तो प्रावधान राखिएको सशस्त्र प्रहरी बलले जनाएको छ।

केही ब्याचहरू माथिल्लो तहमा नपुग्ने

विधेयकमा रहेका प्रावधानले सशस्त्र प्रहरीको तेस्रोदेखि छैटौं ब्याचसम्म प्रभावित हुने देखिएको छ। विधेयकमा ६० वर्षे सेवाहद हटाउने र उमेरहद बढाउनुका साथै पदावधि भने घटाइएको छ। आइजिपी र एआइजीको तीन-तीन वर्ष राखिएको छ भने डिआइजीको हाल ४ जोड १ रहेकोमा पाँच बनाइएको छ। एसएसपीको हाल सात रहेकोमा पदावधि आठ वर्ष बनाइएको छ। एआइजीको तीन वर्षमा घटाउने, तर एसएसपीमा भने सातलाई आठ वर्ष बनाउने प्रावधानले झन् समस्या निम्ताउने सशस्त्र प्रहरी अधिकारी बताउँछन्। सशस्त्रमा एसएसपीको २७ दरबन्दी छ। त्यही पदको पदावधि बढाउँदा तल्लो तहमा झन् बढुवाको जाम बढ्ने जोखिम छ। यस्तो प्रावधानले सशस्त्रको पहिलो र दोस्रो ब्याचका अधिकारी लाभान्वित हुने र त्यसपछिका प्रभावित हुने अवस्था छ। करिअर प्लानिङ बनाएर दरबन्दी हेरफेर नगरे केही वर्षपछि एसएसपीबाट सीधै आइजिपी नियुक्त गर्नुपर्ने अवस्था आउने सशस्त्र प्रहरी अधिकारी बताउँछन्। विधेयकमा डिआइजीमा बढुवाका लागि स्टाफ कलेजसँगै सिनियर कमान्ड तथा लिडरसिप तालिम गुर्नपर्ने व्यवस्था गरिएको छ।

सुरक्षा निकायमा सरकारको 'नीतिगत हस्तक्षेप'को विरोध गर्ने तयारी

सरकारले नीतिगत रूपमा हस्तक्षेप गरेर नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई कमजोर बनाउन लागेको भन्दै पूर्वप्रहरी अधिकारीहरूले सरकारको ध्यानाकर्षण गराउने तयारी गरेका छन्। पूर्वप्रहरी महानिरीक्षकहरू तथा पूर्वप्रहरी संगठनले यससम्बन्धी छलफल अघि बढाएका छन्। 'यो विषय अत्यन्तै गम्भीर छ, केही दिनमै हाम्रो सामूहिक धारणा बाहिर ल्याउँछौं,' नेपाल प्रहरीका एक पूर्वआइजिपीले भने। नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई गृह मन्त्रालयले परिचालन, नियन्त्रण, निर्देशन र सुपरिवेक्षण गर्ने प्रावधानप्रति मुख्य आपत्ति छ। यसअघि नेपाल सरकारले परिचालन गर्ने कानुन व्यवस्था थियो। यो प्रावधानले सुरक्षा निकाय गृह मन्त्रालयको शाखाजस्तो हुने र प्रहरी महानिरीक्षकसँगै संगठन पनि कमजोर हुने उनीहरूको भनाइ छ। त्यस्तै, जिल्लामा पनि सिडिओलाई बलियो बनाएर प्रहरीलाई कमजोर बनाउन लागिएको प्रहरी अधिकारी बताउँछन्।

दुवै प्रहरी संगठन तथा लोक सेवा आयोगको समेत सुझावलाई बेवास्था गरी सरकारले दुवै प्रहरीको विधेयक अघि बढाएको हो। लोक सेवाले बढुवामा आयोगलाई समेत समावेश गर्नुपर्ने सुझाव दिएको थियो। त्यस्तै, उच्च तहको पदावधिका प्रावधान पनि लोक सेवाको सुझावविपरीत राखिएको स्रोत बताउँछ। प्रहरी महानिरीक्षक नियुक्तिमा पनि दुवै संगठन र लोक सेवाले सिफारिस समितिमार्फत मूल्यांकन हुनुपर्ने प्रावधान सिफारिस गरेका थिए। आइजिपीको बढुवामा पनि ज्येष्ठतालाई तेस्रो नम्बरमा राखेर कार्यक्षमता र कार्यकुशलतालाई अघि राखिएपछि यसले पनि आइजिपी नियुक्तिमा थप चलखेल हुने जोखिम बढाएको छ।

'यौन प्रस्ताव...

पृष्ठ १ बाट क्रमशः

ठाउँमा गएर बस्छन्। त्यहाँ प्रेमीले सरस्वतीसँग यौन सम्बन्धको प्रस्ताव राख्छन्। सरस्वतीले विवाहको ग्यारेन्टी माग्छिन्। तर, प्रेमीले अहिले उमेर नपुगेकाले पाँच वर्षपछि विवाह गर्ने आश्वासनमा यौन सम्बन्धका लागि दबाब दिन्छन्। सरस्वती फेरि अस्वीकार गर्छिन्। प्रेमीको यौन प्रस्ताव अस्वीकार गरेकै कारण सरस्वतीको हत्या भएको डिएसपी भण्डारीले पत्रकार सम्मेलनमा बताए। 'सरस्वतीलाई आफ्नै प्रेमीले पछाडिबाट ठुलो ढुंगाले हिर्काएको देखिन्छ, त्यही चोटले उनको मृत्यु भएको हो,' उनले भने।

प्रहरीका अनुसार सरस्वतीको हत्या भइसक्दासम्म पनि इसरा र उनका प्रेमीलाई थाहा थिएन। उनीहरू केही टाढा थिए। तर, जब सरस्वतीको हत्यापछि उनका प्रेमीले भवितव्य देखाउन माथिबाट ढुंगा खसाउन थाले, तब इसरा र उनका प्रेमीलाई पनि घटनाबारे थाहा भयो। त्यसपछि सरस्वतीको शवनजिकै पुगेर इसराले 'तिमीहरूले फुपूलाई मार्‍यौ, अब म घरमा भन्छु' भन्दै चिच्याउन थालेपछि दुवै किशोर मिलेर उनलाई पनि ढुंगाले हानेर हत्या गरेका थिए। 'इसरालाई सुरुमा उनकै प्रेमीले ढुंगा प्रहार गरेको र त्यसपछि अर्का किशोरले पनि सघाएर हत्या गरेको देखिन्छ,' डिएसपी भण्डारीले भने। सरस्वती र इसरा नाताले फुपूभदैनी थिए। दुवै स्थानीय विद्या प्रबोधनी माविमा कक्षा ८ मा अध्ययनरत थिए। हत्यापछि घटनालाई भवितव्य देखाउन भिरमाथिबाट शव भएको स्थानतर्फ ढुंगा खसालेर घर हिँडेका उनीहरू गत आइतबार (१३ माघ) राति ढकारी-३, तालीस्थित घरबाटै पक्राउ परेका थिए।

प्रहरीका अनुसार घटना भएको दिन किशोरहरू ढकारी-१, डुफास्थित फुपूको घरबाट सरस्वती र इसरालाई भेट्न जंगल गएका थिए। माघीको कोसेली पुर्‍याउन फुपूको घर आएको मौका पारेर उक्त भेटको योजना बनेको थियो। किशोरहरूले छिन्ने ओढार जाने बाटो देखाइदिन भन्दै फुपूका १० वर्षीय छोरालाई समेत जंगल लिएर गएको अनुसन्धानमा खुलेको र ती बालक पनि निगरानीमा रहेको प्रहरीले जनाएको छ।

कर्तव्य ज्यान मुद्दा दर्ता गरिएका दुई किशोरको उमेरका कारण नाम सार्वजनिक गरिएको छैन। उनीहरूविरुद्ध यसअघि नै किटानी जाहेरी दर्ता भइसकेको छ। सरस्वती र इसराको शव भेरी प्रादेशिक अस्पताल नेपालगन्जमा पोस्टमार्टम गरिएको छ, तर रिपोर्ट आउन बाँकी छ। त्रुटिरहित अनुसन्धान गर्ने प्रहरीको आश्वासनपछि परिवारले गत बुधबार उनीहरूको दाहसंस्कार गरेको छ। यो घटनामा सिआइबी, सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढी र नेपाल प्रहरी प्रदेश कार्यालय महेन्द्रनगरको संयुक्त टोलीले अनुसन्धान गरेकोमा बाँकी अनुसन्धान जिल्ला प्रहरी कार्यालय एक्लैले गर्नेछ।

प्रेमिका भेट्न गएका युवाको शंकास्पद मृत्यु

सिन्धुपाल्चोक/ टेलिफोन र सामाजिक सञ्जालबाट प्रेममा जोडिएका भोटेकोशी गाउँपालिका- १, सेमुङनिवासी २० वर्षीय दिनेश विकको केटीसाथीसँग भेटपछि शंकास्पद मृत्यु भएको छ। प्रहरीले कोदारी सडकको नालीमा उनको शव फेला पारेको हो। अचेत अवस्थामा रहेका उनलाई बाह्रबिसेतर्फ लैजाँदै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय चौताराले जनाएको छ। एक सातापछि विदेश जाने भिसा मिल्ने भएकाले घरमा रहेकी आमालाई भेट्न विक काठमाडौंबाट केही दिनअघि गाउँ आएका थिए। बालकमै बुबा गुमाएकाले प्लस टु अध्ययनपछि काम गर्न काठमाडौं गएका थिए। घर आएका वेला विक शुक्रबार ठुलोबुबाको छोरा १७ वर्षीय सुरेश विकलाई लिएर प्रेमिका भेट्न तातोपानीतर्फ लागेका थिए। परिवारले घटना शंकास्पद रहेको भन्दै छानबिनको माग गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकका सूचना अधिकृत इन्स्पेक्टर वीरेन्द्रकुमार यादवले दिएको जानकारीअनुसार घटना शुक्रबार मध्याह्नतिरको हो। भोटेकोशी गाउँपालिका-२, कोदारी बस्ने प्रेमिका भेट्न दिनेश कोदारी माध्यमिक विद्यालयमुनि रहेको हेलिप्याड भ्युटावरमा पुगेका थिए। विक पुगेको आधा घण्टापछि प्रेमिका आइपुगेकी थिइन्। प्रहरीले अनुसन्धानका लागि विककी प्रेमिका र अन्य दुई युवकलाई नियन्त्रणमा लिएको छ। इलाका प्रहरी कार्यालय कोदारीकी इन्स्पेक्टर सञ्जिता श्रेष्ठ र इलाका प्रहरी कार्यालय बाह्रबिसेका इन्स्पेक्टर सुमेश पाण्डेको संयुक्त प्रहरी टोलीले घटनाको अनुसन्धान गरिरहेको छ। इन्स्पेक्टर पाण्डेले हालसम्म कुनै तथ्य प्रमाण फेला नपरेको बताए।

धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल माघ महिना २० गते आइतबार)

यस विकास बैंकको शाखा कार्यालय खोलेसिमलबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

तपशिल

१) क) कर्जा शिर्षक : व्यावसायिक अधिविकर्ष कर्जा

ऋणीको विवरण

नाम : **निश्चल मेडिसिन डिष्टीब्युटर्स** प्रोप्राइटरको नाम : शिवराम हुमागाई र.प.नं. : ३७४०९२४०७१५०९
दर्ता गर्ने कार्यालय : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय औषधि व्यवस्था विभाग विरगंज
दर्ता मिति : २०७४/०९/२४
ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १० स्थायी लेखा नं. : ६०७४२४२२१

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) शिवहरी हुमागाईको नाति केशव हुमागाइको छोरा चितवन जिल्ला जुटपानी वडा नं. ६ हाल, कालिका न.पा. वडा नं. ६ बस्ने **शिवराम हुमागाई** (ना.प्र.नं. : ४३१२/०६० जारी मिति र जिल्ला : २०६०/०२/२६, चितवन)

२) भुमिनन्द हुमागाईको नाति शिवहरी हुमागाईको छोरा चितवन जिल्ला जुटपानी वडा नं. ६ हाल, कालिका न.पा. वडा नं. ६ बस्ने **केशव हुमागाई** (ना.प्र.नं. : २९६४ जारी मिति र जिल्ला : २०४२/०५/१७, चितवन)

३) शिवहरी हुमागाईको बुहारी केशव हुमागाईको पत्नी चितवन जिल्ला जुटपानी वडा नं. ६ हाल, कालिका न.पा. वडा नं. ६ बस्ने **गोमा हुमागाई** (ना.प्र.नं. : २९६५ जारी मिति र जिल्ला : २०४३/१०/२५, चितवन)

४) हेम्लाल आचार्यको छोरी केशव हुमागाईको बुहारी शिवराम हुमागाईको पत्नी चितवन जिल्ला कालिका न.पा. वडा नं. ६ बस्ने **अनुजा आचार्य हुमागाई** (ना.प्र.नं. : ३५-०१-७७-०३४३७ जारी मिति र जिल्ला : २०७७/०८/१८, चितवन)

ख) कर्जा शिर्षक : व्यक्तिगत अधिविकर्ष कर्जा

ऋणीको विवरण

शिवहरी हुमागाईको नाति केशव हुमागाइको छोरा चितवन जिल्ला जुटपानी वडा नं. ६ हाल, कालिका न.पा. वडा नं. ६ बस्ने **शिवराम हुमागाई** (ना.प्र.नं. : ४३१२/०६० जारी मिति र जिल्ला : २०६०/०२/२६, चितवन)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) भुमिनन्द हुमागाईको नाति शिवहरी हुमागाईको छोरा चितवन जिल्ला जुटपानी वडा नं. ६ हाल, कालिका न.पा. वडा नं. ६ बस्ने **केशव हुमागाई** (ना.प्र.नं. : २९६४ जारी मिति र जिल्ला : २०४२/०५/१७, चितवन)

२) शिवहरी हुमागाईको बुहारी केशव हुमागाईको पत्नी चितवन जिल्ला जुटपानी वडा नं. ६ हाल, कालिका न.पा. वडा नं. ६ बस्ने **गोमा हुमागाई** (ना.प्र.नं. : २९६५ जारी मिति र जिल्ला : २०४३/१०/२५, चितवन)

३) हेम्लाल आचार्यको छोरी केशव हुमागाईको बुहारी शिवराम हुमागाईको पत्नी चितवन जिल्ला कालिका न.पा. वडा नं. ६ बस्ने **अनुजा आचार्य हुमागाई** (ना.प्र.नं. : ३५-०१-७७-०३४३७ जारी मिति र जिल्ला : २०७७/०८/१८, चितवन)

यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :
१) मिति २०८०/०५/२० को नागरिक दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।
२) मिति २०८१/०८/१४ को हिमालय टाइम्स दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि १५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

धनीको नाम	धितोको ठेगाना	सिट नं.	कित्ता नं.	क्षेत्रफल (विघा)
केशव हुमागाई	चितवन जिल्ला जुटपानी वडा नं. ६	६	१७७४	०-३-११-०
			१३४१	०-६-१०.२५-०

२) कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा

ऋणीको विवरण

राम बहादुर अर्यालको नाति गंगा बहादुर अर्यालको छोरा चितवन जिल्ला पंचकन्या वडा नं. २ हाल, रत्ननगर वडा नं. १२ बस्ने **सुर्य अर्याल** (ना.प्र.नं. ३२५/०३५ जारी मिति र जिल्ला : २०५०/०२/२९, चितवन)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) मिन बहादुर अर्जेलको नाति राम बहादुर अर्जेलको छोरा चितवन जिल्ला पंचकन्या वडा नं. २ हाल, रत्ननगर वडा नं. १२ बस्ने **गंगा बहादुर अर्जेल** (ना.प्र.नं. ३४५ जारी मिति र जिल्ला : २०३७/१०/०६, चितवन)

२) गंगा बहादुर अर्यालको बुहारी सुर्य अर्यालको पत्नि सुर्खेत जिल्ला बिरेन्द्रनगर न.पा. वडा नं. ६ हाल, भरतपुर वडा नं. १५ बस्ने **प्रज्ञा थापा** (ना.प्र.नं. : १९२/०५४/५५ जारी मिति र जिल्ला : २०५४/०४/०७, सुर्खेत)

यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :
: मिति २०८१/०८/१० को अभियान राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

धनीको नाम	धितोको ठेगाना	सिट नं.	कित्ता नं.	क्षेत्रफल (विघा)
सुर्य अर्याल	चितवन जिल्ला पञ्चकन्या वडा नं. २	२	२८२	१-५-०-०

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र मिति २०८१/११/१० गते भित्र यस बैंकको शाखा कार्यालय खोलेसिमल आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८१/११/११ गते दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय खोलेसिमलमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

■ त्रिकोणात्मक टी-२० आई सिरिज

ठुला टिमविरुद्ध ब्याटिङमै संघर्ष



तस्बिर सौजन्यः क्यान

रमेश सुवेदी / नयाँ पत्रिका

शीर्ष क्रमका ब्याटर पुनः एकपटक असफल भएपछि नेपाली महिला टिम त्रिकोणात्मक टी-२० शृंखलाको दोस्रो खेलमा पनि पराजित भएको छ। लगातार दोस्रो हार व्यहोर्ने क्रममा शनिबार इन्दु बर्माको कप्तानीमा रहेको नेपाल थाइल्यान्डसँग चार विकेटले पराजित भयो। आइसिसी वरीयतामा आफूभन्दा निकै राम्रा थाइल्यान्ड र नेदरल्यान्ड्सविरुद्ध नेपालले दोस्रो खेलमा पनि संघर्ष जारी राख्यो। नेपाली खेलाडी पुनः ब्याटिङ र फिल्डिङमै चुके। १५औँ ओभरमा रुबिना क्षेत्रीको बलमा कप्तान इन्दु बर्माले क्याच ड्रप गरेपछि नेपाल थाइल्यान्डसँगको सम्भावित जितबाट चुकेको थियो। थाइल्यान्डको जितमा तेस्रो नम्बरकी ब्याटर नानापात कोन्चारोनेकाले अर्धशतक बनाइन्।

नेपाली टिमका प्रशिक्षक मनोज कटवालले शीर्ष क्रमका ब्याटरले राम्रो गर्न नसकेको बताए। उनी ब्याटिङबाट सन्तुष्ट हुन सकेनन्। 'ब्याटिङमा म सन्तुष्ट छैन। थाइल्यान्डले राम्रो बलिङ गरेको हो। तर, हाम्रो शीर्ष क्रमका हाम्रो खेलाडीले राम्रो गर्न सकेनन्,' उनले भने, 'दुई खेल खेल्दा समग्रमा ब्याटिङ र बलिङमा समस्या नदेखिए पनि फिल्डिङमा धेरै समस्या छ।' कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको नेपालले २० ओभरको समाप्तिमा ९ विकेट गुमाउँदा मात्र १०१ रन बनाउन सक्यो। १०२ रनको लक्ष्य थाइल्यान्डले १९ ओभरमा ६ विकेट गुमाउँदै पूरा गऱ्यो। शृंखलामा थाइल्यान्डको यो लगातार दोस्रो जित हो। आफ्नो पहिलो खेलमा थाइल्यान्डले नेदरल्यान्ड्सलाई ८ विकेटले हराएको थियो। नेपाल लगातार दोस्रो खेलमा पराजित भएको हो। नेपालले आफ्नो पहिलो खेलमा नेदरल्यान्ड्सविरुद्ध २० रनले पराजित भएको थियो। अब, नेपालले आइतबार नै नेदरल्यान्ड्ससँग खेल्नेछ।



खेलाडीको ब्याटिङबाट सन्तुष्ट छैन

● **मनोज कटवाल**, प्रशिक्षक, नेपाल

ब्याटिङमा म सन्तुष्ट छैन। थाइल्यान्डले राम्रो बलिङ गरेको हो। तर, हाम्रो शीर्ष क्रमका हाम्रो खेलाडीले राम्रो गर्न सकेनन्। दुई खेल खेल्दा समग्रमा ब्याटिङ र बलिङमा समस्या नदेखिए पनि फिल्डिङमा धेरै समस्या छ। हाम्रा प्रतिस्पर्धी राम्रा छन्। खेलाडीले क्याम्पभन्दा पनि पिएम कपबाट राम्रो अनुभव लिएका थिए।

■ कोन्चारोनेकाको लगातार अर्धशतक

थाइल्यान्डको जितमा कोन्चारोनेकाले ५८ बलमा ६ चौकासहित अविजित ६० रन बनाइन्। पहिलो खेलमा नेदरल्यान्ड्सविरुद्ध पनि उनले अर्धशतक बनाएकी थिइन्। त्यस्तै, मध्यक्रमका ब्याटर सुवानान खियाओटोले १४ र कप्तान नरुएमोल चाइवाईले १३ रन जोडे। अन्य पाँच खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन्। नेपालका लागि दोस्रो खेल खेलिरहेकी मनीषा उपाध्यायले सर्वाधिक दुई विकेट लिइन्। त्यस्तै कविता कुँवर, रुबिना क्षेत्री र कविता जोशीको नाममा समान एक विकेट रह्यो।

■ चलेन नेपालको ब्याटिङ

नेपालका लागि पुनः एकपदक शीर्ष क्रमका ब्याटर पुनः फ्लप भए। मध्यक्रमका ब्याटरद्वय कविता कुंवर र विन्दु रावलले समान २५ रनको योगदान गरे। त्यस्तै, तेस्रो नम्बरमा आएकी इन्दु वर्माले १५ रन जोड्दा अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन्। ओपनर सम्झना खड्का दुई बल खेलेर डकआउट भइन्। अर्की ओपनर ममता चौधरीले दुई रन जोडिन्। आशा गरिएकी यु-१९ टिमकी कप्तान पूजा महतो पनि ६ रन जोडेर एलबिडब्लु धरापमा परेकी हुन्। पूर्वकप्तान रुबिनाले मात्र चार रन जोडिन्। थाइल्यान्डका लागि थिपात्चा पुथावडले सर्वाधिक तीन विकेट लिइन्। त्यस्तै, फानिता माया र नटया बुचाथामले समान दुई विकेट लिँदा एक विकेट चनाइदा सुथिरुवाङको नाममा रह्यो।

■ १०औँ राष्ट्रिय खेलकुद

तयारीमा जुट्यो मधेश सरकार

जनकपुरधाममा **हदिश खुद्दार**

कर्णाली प्रदेशमा आयोजना हुने १०औँ राष्ट्रिय खेलकुद प्रतियोगितामा अर्थपूर्ण सहभागिता र ११औँ राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजनाका लागि मधेश प्रदेश सरकार जुटेको छ। खेलकुद तथा समाज कल्याण मन्त्रालयले खेलाडी छनोटको विषय र सहभागी खेलको विषयमा खेलकुदविज्ञ, सम्बन्धित संघ र प्रशिक्षकसँग छलफल गरी आवश्यक राणनीति बनाउने कार्यलाई तीव्रता दिएको छ। 'प्रतियोगितामा हाम्रो सहभागिता अर्थपूर्ण र अब्बल हुनुपर्छ भन्ने उद्देश्य हो। सोहीअनुसार हामी तयारी गरिरहेका छौं,' खेलकुद तथा समाज कल्याणमन्त्री प्रमोद जयसवालले बताए।

'११औँ राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना मधेश प्रदेशले गर्ने भएको छ,' जयसवालले भने, 'त्यसकारण यो प्रतियोगितामा राम्रो गर्न सकेको खण्डमा हामीलाई ११औँ राष्ट्रिय प्रतियोगिताको तयारी गर्न पनि सहज हुन्छ।' एकपटक मिति सरिसक्दा राष्ट्रिय खेकलुद परिषद् (राखेप) ले प्रतियोगिता २३ चैतदेखि गर्ने निर्णय गरेको छ। खेलकुदमन्त्री र राष्ट्रिय खेलकुद परिषद् (राखेप) सदस्यसचिवबिचको टकरावका कारण पहिलोपटक मिति सरिसकेको छ। फेरि मन्त्रिपरिषद्बाट कार्यविधि नै पास नहुँदा प्रतियोगिता दोस्रोपटकका लागि पुनः सर्ने अनुमान गरिएको छ। हालसम्म प्रतियोगिता कहाँ-कहाँ हुने, कुन-कुन खेल हुने, जिल्लादेखि प्रदेशसम्मको छनोट सुरु नै भएको छैन। पूर्वाधारका कारण सबै खेल कर्णाली प्रदेशमा नहुने पक्का भने भइसकेको छ।

गण्डकी प्रदेशमा सम्पन्न भएको नवौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा मधेश प्रदेशले २६ खेल सहभागी थिए। फुलकन्द्याक्ट कराँते, तेक्वान्दो, जुडो, कराँते, कुस्ती, उसु, क्रिकेट, फुटबल, खो-खो भलिबलसहितका खेलमा मधेश प्रदेशले पदक प्राप्त गरेको थियो। दसौँमा पनि अत्यधिक खेलमा सहभागिता जनाउने योजना रहेको छ।

■ पाँच हजार खेलाडीको आवेदन

१०औँ राष्ट्रिय खेलकुदका लागि मधेश प्रदेशबाट आठ जिल्लाका खेलाडी सहभागी हुनेछन्। मन्त्रालयको खेलकुद महाशाखाकी अधिकृत निशा कर्णका अनुसार हालसम्म पाँच हजार खेलाडी दर्ता भएका छन्। जसमध्ये ६ सय ५० खेलाडी अन्तिम छनोट हुनेछन्। कर्णले भनिन्, 'हामीसँग अहिलेसम्म विभिन्न स्थानीय तह, जिल्ला तथा प्रदेशस्तरीय प्रतियोगितामार्फत पाँच हजारभन्दा माथि खेलाडीले दर्ता गर्नुभएको छ। त्यसमध्ये ६ सय ५० जना खेलाडीलाई मात्रै छनोट गरिनेछ,' उनले भनिन्, 'पहिला स्थानीय तह र त्यसपछि मात्रै जिल्लास्तरीय छनोट गर्नेछौं। अन्तिम छनोटपछि बन्द प्रशिक्षण पनि हुनेछ।'

■ पूर्वाधार निर्माणमा ध्यान

मन्त्री जयसवालले ११औँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीका लागि जिल्लाहरूमा रहेका खेलकुद मैदानको स्तरोन्नति तथा अधुरो रहेका खेलमैदानमा थप निर्माणका कार्यलाई अगाडि बढाउने बताएका छन्। १०औँ राष्ट्रिय खेलकुदलाई मध्यनजर गरेर हामीले केही महिनाअघि प्रदेश खेलकुदसम्बन्धी ऐन ल्याएको बताउँदै मन्त्री जयसवालले भने, 'ऐनका आधारमा खेलकुद नियमावली निर्माण कार्यसमेत अन्तिम चरणमा पुगेको छ। अब मधेशको खेलकुदको ग्राफ तीव्र रूपमा अगाडि बढ्छ।' खेलकुदका लागि मधेश प्रदेश उर्भरभूमि रहेको उल्लेख गर्दै मन्त्री जयसवालले भने, 'मधेशमा विभिन्न खेलका राम्रा खेलाडी छन्। तर, विगतमा ती खेलाडीलाई राज्यले संरक्षण प्रवर्द्धनको कार्य गर्न सकेनन्, त्यसकारण केही खेलाडी खेलबाट पलायन भएको अवस्था छ। खेलाडी पलायन रोक्न विभिन्न योजना ल्याएर उनीहरूको मनोबल बढाउन लाग्छौं।'

चर्च ब्वाइज बुढासुब्बा गोल्डकपको सेमिफाइनलमा

धरानमा **केदार बस्नेत**

सहिद स्मारक ए डिभिजन लिग च्याम्पियन चर्च ब्वाइज क्लब २५औँ संस्करणको बुढासुब्बा गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ। शनिबार भएको उद्घाटन खेलमा विभागीय टोली नेपाल पुलिस क्लबलाई १-० ले हराउँदै चर्च ब्वाइज अन्तिम चारमा प्रवेश गऱ्यो। सन्तोष खत्रीले खेलको ४७औँ मिनेटमा गोल नै निर्णायक बन्यो। एन्ड्रिउ इबो यामाहाको पासमामा गोल गरेको सन्तोषले प्लेअर अफ दी म्याच घोषित हुँदै नगद १० हजार पुरस्कार प्राप्त गरे। खेलभर दुवै टोलीले गोलका अवसर बनाए पनि सदुपयोग गर्न सकेनन्। माघ २६ गतेसम्म चल्ने प्रतियोगितामा आठ टिम सहभागी छन्। प्रतियोगिताको विजेताले १० लाख नगद र उपविजेताले ५ लाख नगद पुरस्कार जित्नेछन्। पहिलो हाफ बराबरी खेलेको पुलिसले दोस्रो हाफको सुरुवातमै गोल खाएको थियो। तुलनात्मक रूपमा चर्च ब्वाइजले पहिलो हाफभन्दा दोस्रो हाफमा राम्रो प्रदर्शन गरेको थियो। पहिलो हाफको १०औँ मिनेटमा पुलिसका कप्तान राम वाजीले बक्सबाट प्रहार गरेको बल पोस्टनजिकबाट बाहिरिएको थियो। खेलको १९औँ मिनेटमा सन्जित लामाको पासमा विवेक पाण्डेले प्रहार गरेको बल चर्च ब्वाइजका गोलकिपरले मुस्किलले पन्च गरेका थिए। चर्च ब्वाइजका समीर तामाङले खेलको २४औँ मिनेटमा प्रहार गरेको बल गोलकिपर सञ्जीव श्रेष्ठले मुस्किलले बचाएका थिए। खेलको ७०औँ मिनेटमा चर्च ब्वाइजका दीपेश गुरुङले मिलाइदिएको लामो पासलाई समीर तामाङले डिबक्सबाट गोल गर्न चुके।

■ टाइगर कप भलिबल

महिलातर्फ एपिएफ र आयोजक उपाधिका लागि भिड्ने



कास्कीमा **रोहितराज पराजुली**

पोखरामा जारी टाइगर कप भलिबलमा महिलातर्फ साबिक विजेता सशस्त्र प्रहरी बलको नेपाल एपिएफ क्लब र आयोजक टाइगर ग्रुप अफ पोखरा नेपाल उपाधिका लागि भिड्ने भएका छन्। यस्तै, पुरुषतर्फ नेपाल पुलिस क्लब र घरेलु टोली गण्डकी प्रदेश उपाधिका लागि भिड्ने भएका छन्। शनिबार सम्पन्न महिलातर्फको क्वालिफायरमा आयोजकको टोलीले न्यु डायमन्ड स्पोर्टस् क्लबलाई ३-१ को सेटमा र पुरुषतर्फ गण्डकीले विभागीय अर्को टोली त्रिभुवन आर्मी क्लबलाई ३-१ को सेटमा पराजित गर्दै उपाधितर्फ बढेका हुन्।

पाँचौं संस्करणसम्म आइपुग्दा यसअघि महिलातर्फ पहिलो संस्करणको उपाधि नेपाल पुलिस क्लबले हात पार्दा त्यसपछिका क्रमशः दोस्रो, तेस्रो र चौथो गरी तीन संस्करणको उपाधि हात पार्दै एपिएफले उपाधिमा ह्याट्रिक गरेको थियो। यसैगरी, पुरुषतर्फ पहिलो संस्करण गण्डकी, दोस्रोमा आर्मी, तेस्रोमा गण्डकी र चौथो संस्करणमा हेल्प नेपाल स्पोर्टस् क्लबले उपाधि हात पारेका थिए। फाइनलसम्म आइपुग्दा जारी प्रतियोगितामा एपिएफ र आयोजकको भेट दुईपटक भइसकेको छ भने फाइनलमा हुन लागेको तेस्रो भेट हो। यसअघि लिग चरणको खेलमा ३-० र क्वालिफायरमा ३-१ को सेटमा एपिएफ विजयी भएको थियो। यसअघिका दुई खेलमा विजयी एपिएफ तेस्रो जित हात पार्ने र आयोजक दुई हारको बदला लिँदै उपाधि उचाल्ने उद्देश्यसहित मैदानमा प्रस्तुत हुनेछ।

यसैगरी, पुरुषतर्फ फाइनलसम्म आइपुग्दा जारी प्रतियोगितामा यसअघि नकआउट चरणको खेलमा पुलिसले गण्डकीलाई ३-२ को सेटमा पराजित गरेको थियो।

■ कमजोरी सुधार गर्छौं

● **अर्जुन घिमिरे**, प्रशिक्षक, आयोजक

हामीलाई जसरी पनि जित्नुपर्ने दबाब थियो। सोहीअनुसार योजना बनाएर मैदानमा प्रस्तुत भयौं र सफलता पनि हात पार्‍यौं। फाइनलमा आफ्नो टोलीको कमीकमजोरीलाई सुधार गर्दै र विपक्षी टोलीको कमी कमजोरीबाट फाइदा लिँदै आवश्यक रणनीति बनाएर उच्च मनोबलका साथ उपाधि उचाल्ने योजनासहित मैदानमा उत्रनेछौं।

■ उपाधि उचाल्नेछौं

● **महेश चौधरी**, प्रशिक्षक, एपिएफ

यसअघिका खेलहरू सन्तोषजनक नै थिए। खेलाडीले योजनाअनुसार खेलिरहेका छन्। अब फाइनल खेलमा पनि योजनाअनुसार नै मैदानमा प्रस्तुत हुन्छौं। यसअघि भएका र गरिएका कमीकमजोरी सुधार गरी उपाधि उचाल्ने लक्ष्यसहित खेल्छौं।

■ मनोबल उच्च छ

● **रमेश केसी**, प्रशिक्षक, गण्डकी

सबै खेलाडी योजनाअनुसार मैदानमा प्रस्तुत भए। तर, पनि रिसिभमा भने केही कमजोरी रह्यो, त्यसलाई सुधार गर्दै गर्यौं र सफलता पनि हात पार्‍यौं। फाइनल खेलमा भएका कमीकमजोरी सुधार गर्दै प्रस्तुत हुनेछौं। प्रतियोगिताको पहिलो खेल केही प्राविधिक कारणले हार्नुपरे पनि त्यसपछिका खेलमा बलिया टोलीलाई पराजित गर्दै फाइनलमा स्थान सुरक्षित गर्न सफल भयौं।

■ फाइनल तयारी राम्रो छ

● **चन्द्र कुँवर**, प्रशिक्षक, पुलिस

फाइनलअघिको तयारी राम्रो छ। हामी उच्च मनोबलका साथ मैदान उत्रनेछौं। टोलीका यसअघिका कमीकमजोरीहरूलाई सुधार गर्नेछौं। फाइनलमा राम्रो प्रदर्शन गर्दै उपाधि उचाल्ने तयारीमा छौं।

खेल संक्षेप

बुद्धिचालको उपाधि रूपेशलाई

मकवानपुर/ रूपेश जैसवाल र सिन्दिरा जोशीले हेटौंडामा सम्पन्न २५औँ पुरुष तथा १०औँ महिला राष्ट्रिय बुद्धिचाल प्रतियोगिताको उपाधि जितेका छन्। शनिबार सम्पन्न प्रतियोगितामा रौतहटका रूपेश जैसवाल नौ अंक जोडेर दोस्रोपटक च्याम्पियन बनेका हुन्। यस्तै, महिलातर्फको उपाधि वर्तमान महिला राष्ट्रिय च्याम्पियन सिन्दिरा जोशीले जितेकी छिन्। नौ अंक बनाएकी काठमाडौंकी सिन्दिराले प्रतियोगिताभर उत्कृष्ट प्रदर्शन गर्दै उपाधि जोगाउन सफल भएकी हुन्। प्रतियोगिता उपाधि विजेता रूपेश र सिन्दिराले काजकिस्तानमा हुने ४६औँ ओलम्पियाड र श्रीलंकामा हुने अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउन पाउनेछन्। महिलातर्फ पुनम प्रसाईं आठ अंक जोड्दै दोस्रो हुँदा टाइब्रेकर प्वाइन्टमा पछि परेकी बाँकेकी ईशा गिरी आठ अंकसँगै तेस्रो भइन्।

महावीरको लगातार दोस्रो जित

काठमाडौं/ महावीर स्टडिज एन्ड एथलेटिक्स सेन्टरले प्रधानमन्त्री कप पुरुष क्रिकेट काठमाडौं जिल्ला छनोटमा लगातार दोस्रो जित निकालेको छ। शनिबार सोनु देवकोटाले उत्कृष्ट प्रदर्शन गरेपछि महावीरले डर्थ आई युथ क्लबलाई ६८ रनले पराजित गरेको हो। लगातार समूह 'ए' मा दोस्रो जितपछि महावीर ४ अंकसहित शीर्ष स्थानमा छ। अन्तिम खेलमा महावीरले पुष्पलाल स्पोर्टस् क्लबसँग खेल्नेछ। दिनको अर्को खेलमा ओसिस क्रिकेटले पुष्पलाललाई ८३ रनले हराएको छ। मूलपानी मैदानमा टस जितेर ब्याटिङ गरेको महावीरले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै एक सय ६२ रनको लक्ष्य प्रस्तुत गरेको थियो। प्रत्युत्तरमा डर्थ आईले आठ विकेट गुमाउँदा मात्र ९३ रन बनाएको हो। अलराउन्ड प्रदर्शन गरेका सोनुले सर्वाधिक ३७ रन बनाउनुका साथै तीन ओभरमा १४ रन खर्चेर दुई विकेट लिएका थिए। प्रतियोगितामा १४ वटा क्लब र एकेडेमीले प्रतिस्पर्धा गरिरहेको काठमाडौं जिल्ला क्रिकेट संघका अध्यक्ष दिवाकर घलेले बताएका छन्।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
सामाजिक विकास कार्यालय, ललितपुर

अपाङ्गताको क्षेत्रमा कार्यरत संघसंस्थाको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण, क्षमता विकास तथा सशक्तिकरण कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/१०/२० गते

यस कार्यालयको चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत प्रदेशभित्र स्थायी रुपमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरुको लागि उद्धमशीलता, स्वावलम्बन र सीपमूलक तालिममार्फत सशक्तिकरणका लागि **"अपाङ्गताको क्षेत्रमा कार्यरत संघसंस्थाको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण, क्षमता विकास तथा सशक्तिकरण कार्यक्रम"** सञ्चालन हुने भएको हुँदा **"अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१"** बमोजिम काठमाडौ, ललितपुर र भक्तपुर जिल्लामा कार्यक्षेत्र भएका अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण कार्यक्रम सञ्चालन गर्न इच्छुक अपाङ्गता भएका व्यक्तिहरुद्वारा सञ्चालित संस्थाहरुबाट कार्यविधिको अनुसूची-१ को ढाँचामा कार्यक्रम प्रस्तावपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (२०८१ फागुन ४ गते कार्यालय समयभित्र) यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

साथै चालु आ.व.मा मन्त्रालय तथा अन्तर्गतका कार्यालयको वार्षिक कार्यक्रममा बजेट व्यवस्था भइसकेका संस्थाहरुले यस कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्न पाउने छैनन्। यस सम्बन्धी विस्तृत जानकारीका लागि सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको वेबसाइट https://mosd.bagamati.gov.np र शिक्षा विकास निर्देशनालय, बागमती प्रदेशको वेबसाइट http://edd.bagamati.gov.np मा हेर्न सकिनेछ साथै थप जानकारीको लागि ९८५१४१०५६५ वा ९८५१४०२५२६ मा सम्पर्क गर्न सकिने छ।

कार्यालय प्रमुख

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरूबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।




बसन्त राज कुँवर
रिह्याब स्पेसलिष्ट

नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा



पुजा कुँवर
प्युरीफीकेसन स्पेसलिष्ट





यदी तपाईको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरू छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।

विस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्

९८५१० ३७५२९, ९८५१० ४८४३२, ०१ ४६५००५४, ०१ ३७७१२४

बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narcononnepal@gmail.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com